CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

य मूर्तिकला

मदनमोहन मिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. No
७२०८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वसुलभ

राष्ट्रिय मूर्तिकला

मदनमोहन मिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-क्रम

०

मूर्तिकलाको खोजमा	१
मन्दिरमा कामकला	१७
मूर्तिकला	२९
काष्ठ मूर्ति	५७
नेपाली वास्तुकलामा तांत्रिक मतको प्रभाव	७०
शक्ति र शाक्त भूमि: छोटो चिंतन	७६
नेपालको स्थापत्य कलामा पंच मकारको प्रभाव	१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६८०८
KATHMANDU NEPAL

मेरो उद्गार

२००८ सालपछि यस देशमा जति मूर्ति तथा देवदेवीका गहना चोरिए तीमध्ये कुनै मन्दिरमै फर्के त कुनै विदेश पुगे । कति धनी भए, कतिले विलासिताका साधन जुटाए; राष्ट्रिय सम्पत्तिमा कुदृष्टि राख्ने-हरू मध्ये कुनै कुनै विदेशिए । उसवेला पूर्ण मात्रामा राष्ट्रिय भावना जागृत हुन नपाएतापनि गौचर हवाइ अड्डाबाट फर्केका मूर्तिले भविष्यको संकेत दियो र मेरो कलम अघिसऱ्यो । आजसम्म मेरो कलमको गति रोकिएको छैन र नरोकियोस् पनि । राष्ट्रिय चेतनाले राष्ट्रिय संस्कृतिमा खराव असर पार्ने दूषित हावालाई खतम पार्छ । जवसम्म राष्ट्रिय चेतना ताजा भैरहन्छ देशको कला र संस्कृति पनि ताजानै रहन्छ । अरू राष्ट्रको जुन सुकै संस्कृति जति सुकै राम्रोनै किन नहोस् आफ्नु आफ्नु राष्ट्रको माटो र पानी सुहाउँदो संस्कृतिनै आफ्नु राष्ट्र-लाई ठूलो हुन्छ; किनभने भौगोलिक असमानताले गर्दा विश्वको संस्कृति-मा समानता आउनु बिलकुल असम्भव छ । जवर्दस्तसाथ सिर्जिएको संस्कृतिमा राष्ट्रको अस्तित्त्व धेरै कालसम्म टिक्न सक्तैन त्यसलाई ऐतिहासिक आधारको आवश्यकता पर्दछ । कोरासिद्धान्तमा आधारित कुनैपनि देशको अथवा कुनै व्यक्तिको संस्कृति चिर कालसम्म टिक्न सक्तैन अनि त्यस्ताले सांस्कृतिक मर्यादा कसैको पनि रहन दिँदैनन् । अनि संस्कृतिका सन्दर्भमा भौगोलिक वातावरण सुहाउँदो कलामात्र बाँकि रहला पनि भन्न सकिन्न । अनि संस्कृतिको प्राणै नभएपछि आफ्नु आफ्नु अस्तित्वं मात्र बाँकि रहला पनि भन्न सकिन्न । यसकारण म फेरि–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि भन्छु आफ्नु देशको संस्कृति र कलाको अध्ययन गर्न विदेशिनु नपरोस् ईश्वरसंग यही मेरो प्रार्थना छ जयदेश जयनरेश।

अरु यतिमात्र हैन यस ग्रन्थमा रहेका ब्लकको निमित्त फोटो सहयोग गरिदिने पूर्णफोटोजलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। अरू मेरो भन्नु केही छैन तापनि क्षमा याचना र कृतज्ञता ज्ञापन गर्नु ता कर्तव्यनै हो। यस ग्रन्थमा हुन गएका व्याकरण तर्फको भूलमा पाठक महोदयसंग क्षमायाचना गर्दछु। पारिवारिक पेटको समस्या सुल्झाउने दिशातिर मात्र ध्यान पुगेकोले केही त्रुटिहुनुमा कहिल्यै पनि अस्वाभाविक मान्न सकिन्न उसमाथि म विद्या सागरमा चुर्लुम्म डुबेर दार्शनिकको रूपमा देखा पर्न आएको स्नातक महापुरुष पनि म होइन। यसकारण मेरो व्याख्यान यहाँ किन लम्ब्याइरहुँ बरु यस ग्रथ प्रकाशनको लागि आर्थिक सहयोग दिने र राम्रो सल्लाह दिने सज्जन वृन्दमा कृतज्ञता ज्ञापन गर्दछु। सर्व प्रथम कुनै धार्मिक तथा संस्कृति तर्फ लुकिराखेका कुराहरू वताउन कर्को नमान्ने मान्यवर गुरुदेव शक्तिनन्दन शर्मा प्रति हार्दिक मंगलमय कृतज्ञता ज्ञापन गर्दछु। त्यसपछि मान्यवर हितैषी अविस्मरणीय मित्र श्री गेहेन्द्रबहादुर राजभंडारीज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु। जसले कला र संस्कृति लेख लेखनमा ठूलो प्रेरणा दिनु भएको छ। यस ग्रन्थमा परेको शिब परिवार दुई ब्लक सरस्वतीको एक र ताराको दुई ब्लक भगवतीको दुई ब्लक सहयोग दिने सचिव मदन पुरस्कार गुठी र सीताराम शर्मा श्री बासुदेव शर्मा आदि सबै प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

२०२३ आषाढ । १७ ।

ल. पु. टंगाल

मदन मोहन मिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कला र संस्कृतिका मर्मज्ञ श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवका कर-कमलमा समर्पण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिकलाको खोजमा

प्रत्यक्ष रूपमा साकार झैं देखापर्ने चरित्रको ऐतिहासिक झलक सहित विभिन्न रसले भरिएका मूर्तिहरूको विषयमा कलात्मक विश्लेषण जति गरे पनि पुग्दैन । यो विषय असाध्य भएर पनि अनुसन्धान गर्ने विषय हो, जसमा कलाकारको आदर्श झल्केको हुन्छ । अंग्रेजी महाकवि शेलीले भन्नुभएको छ– 'चित्र मौन कविता हो, कविता मुखर चित्र हो । मौन कविताको साकार रूप हामी मन्दिरका विभिन्न प्रस्तर मूर्तिकलामा देख्छौं । मूर्तिकला जस्तो इतिहासको सजीव चिन्हले मानिसमा नयाँ नयाँ भाव जगाउनु स्वाभाविक छ । यदि कुनै मूर्तिकलाले पनि कुनै कलाप्रेमीलाई प्रभाव पार्दैन भने त्यस मूर्तिलाई भावहीन निर्जीवको कला देख्नुपर्छ । जुनसुकै देशको मूर्ति कलामा पनि केही न केही स्वदेशको सांस्कृतिक छाप परेको हुन्छ । यहाँ पहाडहरूको संख्या कम छैन । त्यसैले यहाँका घरका छानाहरू पनि पर्वतकै आकृतिसंग मिल्छन्, त्यसैले यहांको मन्दिर पनि धेरै जसो पर्वतकै शैलीसंग मिलेको होला । कुनै कुनै मन्दिरमा भने भित्रका मूल देवताको मूर्तिको कला साधारण भएर टुंडालका मूर्ति कलामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचित्रता झल्कन्छ। उदाहरणको रूपमा हामी हनुमानढोकाको अगाडि कालभैरवपछाडिको जगन्नाथको ठूलो मन्दिरको उत्तरी भागको टुँडालको काम–कलालाई नै अघिसारौं । त्यहाँ डोकोबोक्ने पुरुषको विलासीपन देखाइएको छ। साथै यौवनको चहल पहल समेत त्यसमा देखा परेको छ। यहाँका प्यागोडा अर्थात नेपाली शैलीका मन्दिरमा जति कामकलाहरू छन्, ती कामकलाहरू प्राय: दैवी मूर्ति कलाकै साथमा विभिन्न छाँटमा देखा परेका छन् । नेपाली मन्दिरमा दैवी शृङ्गारमय मूर्तिको साथमा कामकला रहनुको कारण आजसम्म पत्ता लागेको छैन । हुनत नेपालमा मात्र होइन भारतमा पनि यस्ता विलासी चित्र नभएको होइन । भारत-को खजुराहोको कन्दरीय महादेवको मन्दिरमा रहेको बिलासी दम्पतिको अंकमालको दृश्य पनि कम छैन । ती मूर्तिमा रहेका नेत्रका आकार अंग विन्यासबाट समेत कामकला टप्कन्छ । दैवी मूर्तिहरू विभिन्न मुद्राको साथमा विभिन्न आभूषण र विभिन्न वाहन सहितका विभिन्न अवतारका दैवीकला भेट्टाउन उस्तो मुश्किल पर्दैन । भारतमा यत्रतत्र छरिएका दैवी मूर्तिहरूमा भएको यौवनको चहलपहलले नेपालमा रहेका मूर्तिकलामा समेत प्रभाव पार्नु स्वाभाविक देखिए तापनि नेपालको मूर्तिकला पद्धति आफ्नै ढंगको भएको छ । जुनसुकै देशको सांस्कृतिक प्रभाव परे पनि आफ्नै साँचामा ढाल्ने शक्ति नेपालसंग नभएको होइन रहेछ भन्ने कुराको प्रमाण हाम्रा यहाँका विभिन्न मूर्तिहरूले दिएका छन् ।

नेपाल र भारतको धार्मिक परम्परा धेरै जसो वेदकै आधारमा बद्ध भएको देखिन्छ । यसबाट पौराणिक आधारमा मूर्ति कलाको विका-समा एकरूपता आउनु स्वाभाविक देखिन्छ, तापनि समुद्र र पर्वतको गुण फरक परेकै पर्वतै पर्वतले भरिएको यस देशमा शिल्पकला पद्धति फरक पर्नु पनि कुनै आश्चर्यजनक कुरा होइन । भारत तथा अरू हिन्दू सम्प्रदायका नेपालमा समेत मूर्तिकलाको विकास हुनुभन्दा पहिले यन्त्र र मुद्राकै विकास भैराखेको र पछि मात्र अट्ठारपुराण र तन्त्र शास्त्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका ध्यान श्लोकको आधारमा विभिन्न मूर्तिहरूको निर्माण भएको हुनसक्छ । हाम्रो हिन्दू सम्प्रदायमा मूर्तिपूजाको चलन पहिले कल्ले ल्यायो भन्ने कुराको अनुसन्धान गर्नु परेको छ, यदि ध्यानश्लोकको आ–धार नभएको भए संशोधन मण्डलको प्रमाणअनुसार लिच्छविकालीन वुढानीलकण्ठको भुजगशयन नारायणको मूर्ति कसरी निर्माण भयो होला! 'शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं'को आधारमा लक्ष्मीको मूर्ति सहित गरी पूजा गर्न नसके तापनि त्यो मूर्ति त्यस श्लोकको आधारसंग मिल्दछ। शायद त्यस वेला लिच्छविकालमा भरखर, भरखर, मूर्ति कलाको निर्माणमा नयाँ कदम चालेकोले केही न केही अपूरो रहेको पनि हुन सक्छ । त्यहाँ लक्ष्मी र कमलको निर्माण नभएको कारण यही हुन सक्दछ। हुनत कलाकारकै विचारले पनि सो जुनसुकै कला कृतिमा कुनै न कुनै विषयले अपूर्ण हुनु स्वाभाविक छ, किनभने कलाकार पनि मानिस हो । उसको मनः स्थितिको प्रभावले पनि कलाकृतिमा यताउता हुन सक्तछ । भुजगशायी नारायणको अंग स्थूलाकार देखिए तापनि यसको अंगढंग आफ्नै शैलीसंग मिल्दछ ।

विक्रम सम्वतको सातौं आठौं शताब्दीमा यति राम्रो मूर्ति देखा पर्नु मूर्ति कलाको इतिहासमा कम गौरवको कुरा होइन ।

मूर्तिकलाका आकार प्रकारमा केही फरक देखिए तापनि विभिन्न देशबाट संकलित अन्तर्राष्ट्रिय मूर्तिकलाको संग्रहालयमा नेपालको मूर्तिको शैली छुट्याउन उस्तो गाह्रो पर्दैन । भारतका मूर्तिहरूमा विभिन्न शैली देखा पर्छन् । विभिन्न शैलीका मूर्तिहरूमध्ये एलिफेंटाको गुफाका त्रिमूर्तिमा मोटो ओठ र आँखाको बान्की भने नेपालको मूर्तिकलासंग मिल्दछ । आँखा चिम्लिएको त्यस शान्त मुद्राले नयाँ भाव जगाउँछ । मूर्तिहरूका अंगमा कुनै न कुनै नौला चीजले पनि आफ्नू संस्कृति र आफ्नू परम्परा दर्शाएको हुन्छ । एलिफेंटाको त्रिमूर्ति उभिएको अग्लो देखिन्छ । त्यस्तै हाम्रो यहाँ जयवागीश्वरी भन्दा अलि पर चाबहिल जाने बाटामा एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्मूर्ति भेटिएको छ, जसमा जटा बाँधिएको, लामो कान भएको, लंगौटी लाएको, दाहिने हातमा जपमाला भएको र मूर्तिको साधारण आसन, ध्यान मुद्रा र चेप्टो नाक हेर्दा कुनै योगी जस्तो देखिन्छ, तापनि त्यसलाई ब्रह्माकै रूपमा पूजा गरेको देखिन्छ । यो मूर्ति मृगस्थलीमा भएको मूर्तिसंग मिल्दछ । सो मूर्तिवाट हामीलाई यो किरातकालीन हो भन्ने याद हुन्छ । यसको अंग ढंगवाट र शिरमा रहेको जटामुकुटवाट पनि किरात सभ्यताको भन्ने प्रमाण सिद्ध गर्नलाई यसवारे अझै अध्ययन गर्नुपर्ने स्थिति छ ।

हाम्रा हिन्दू मन्दिरहरूमा यस्ता चतुर्मुखी ब्रह्माका छुट्टै स्थापित मूर्ति कमै होलान्, हामीले हाम्रा मन्दिरहरूमा विष्णुका विभिन्न मूर्ति शिवका विभिन्न मूर्ति अनि गणेश, महालक्ष्मी, महाकाली, सरस्वती र यस्तै दुर्गाका अनेक मूर्ति कलाहरू भेट्टाएका छौं । पुराणमा सृष्टिकर्ताको नाम धेरै चले तापनि दैनिक, मान्थतामा अरू देवतालाई जस्तै मन्दिर इत्यादि वा कुनै स्थान बनाई पूजा गरिएको ब्रह्माका मन्दिर कमै छन् । जुनसुकै क्षेत्रमा पनि पालन गर्नेको साथ साथै सृष्टि गर्नेको पनि त्यतिनै मान्यता हुनुपर्ने हो, किन हो कुन्नि सृष्टि कर्ताभन्दा विनाशकर्ताहरू-लाई मान्यता दिने हाम्रो चलन चलेको छ । माछा, कछुवा, वनेल, सिंह इत्यादि ईश्वरको विभिन्न अवतारको हामी पूजा गर्छौं । तर हाम्रो हिन्दू, धर्म विचित्रको छ । हाम्रो कर्मकाण्डहरूमा ब्रह्माको चित्र सहितको कलश स्थापना गरे तापनि, जुनसुकै कार्यमा ब्रह्माको नाम उल्लेख भए पनि, पूजा गर्ने वेला चाहिं वनेल र सिंहको मन्दिर वनाई पूजा गरे पनि, बूढा ब्रम्हाको चाहि पूजा हुँदैन । मन्दिर बनाई स्थापना गरेकामा पनि यही देवपाटन जयवागीश्वरी पछाडि चावहिल जाने वाटामा एउटामात्र देखिन्छ यहाँ पनि कुनै प्राचीन शिलालेख भने देखिन्न । यसलाई अनुमान प्रमाण-बाट कसै कसैले ता दुई हजार व िभन्दा पुरानो पनि मानेका छन्, तर पुरातत्त्वविभागका कर्मचारी, लिपिविशारद, श्री हेमराज शाक्यज्यूले यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिको ढुङ्गा हेर्दा लिच्छवि कालभन्दा पुरानो छैन भन्नु भएको छ। यसको शिलालेख अहिलेसम्म नपाइएकोले अहिले यसै हो भन्न सकिंदैन। लिच्छविकालभन्दा पहिले त्यस्तो खालका ढुङ्गामा अरू मूर्ति बनेक फेला परेको छैन। तर यत्तिकै भरले मात्र सो मूर्तिको काल निर्णय गर्न पनि गाऱ्है छ।

विभिन्न देशका विभिन्न संस्कृतिअनुसार ती ती देशका मूर्तिकला-मा पनि संस्कृतिअनुसारको शैली हुन सक्छन्। ढुंगा अथवा काठका मन्दिरमा कुँदिएका प्रस्तर मूर्तिहरूभन्दा देवालयभित्रका अथवा कुनै वेदीमाथि रहेका विभिन्न आसन र विभिन्न मुद्राका मूर्तिहरूमा शैली छुट्याउन बढी गाऱ्हो पर्छ। बरु मूर्तिकलाबाट त्यस समयको शासन कालको केही इतिहास जान्न सकिन्छ। मल्लकालमा नेपालका मल्ल राजा तथा त्यस वेलाका दुनियाका, अभिरुचि प्रायः तन्त्रशास्त्रमा थियो भन्ने कुरा ल.पु. सुन्दरीचोक धाराको घेरामा रहेको मूर्तिहरूबाट थाहा पाइन्छ। त्यो वेलाको नेपालमा तन्त्रशास्त्रको त्यति प्रभाव नभएको भए त्यहाँ त्यति मन्त्रतन्त्रात्मक त्यति मिहीन मूर्तिहरू बनिने नै थिएन होला।

मल्ल सभ्यताका स्रोतहरूमा साहित्यले भन्दा कलाले ठूलो स्थान प्राप्त गरेको कुरा नेपालका विभिन्न मुद्रा तथा मूर्ति र चित्र कलाबाट ज्ञात हुन्छ। नेपाल र भारतको सांस्कृतिक सम्बन्ध प्राचीन कालदेखि नै जोडिएको हुनाले नेपाली कलामा भारतको पनि प्रभाव देखिनु अस्वाभाविक छैन। यहाँको प्राचीन भजनहरूमा भारतीय साहित्य निकै घुसेको छ। तापनि ऋतु ऋतुमा गाइने नेपाली संगीतले आफ्नो मौलिकता दर्शाएको नै छ। संगीतमा जस्तै नेपाली मूर्तिकलाले पनि आफ्नो मौलिकता, आफ्नो परंपरालाई कायम राखेको छ। नेपाली मूर्तिकलामा प्रायः मल्ल सभ्यताको धारा भेटिन्छ। मल्ल राजाहरूले तन्त्रशास्त्रमा मात्र नभै कृष्णलीला जस्ता श्रृङ्गार भक्तिमा पनि ध्यान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएका थिए । त्यो कुरा मंगलबजारको मल्लकालीन कृष्णमन्दिरको चारौं तरफ रहेका ती देवदेवीका प्रस्तर मूर्तिहरूमा र ललितपुरका अनेक टोल टोलको चोकमा रहेको राधारुक्मिणी सहितका कृष्णजीका विभिन्न भाव मुद्रावाट पनि बुझिन्छ । मल्लकालीन त्यस्ता शृङ्गारप्रधान मूर्तिकलाको साथै ती मन्दिरका द्वार र तोरणहरूमा भएका नाग टोकेका विकराल मूर्तिले नेपाली साँस्कृतिक कलाको विभिन्न धाराको बोध हुन्छ । नेपाली कलाको सजीवताको यो एउटा प्रमाण हो– तन्त्र र शृङ्गारको समन्वय ।

दुई नाग टोकिरहेको छेपुको मूर्ति भएको भगवान् कृष्णको मन्दिरको तोरणअगाडि मनुष्यरूपमा खडा भएका पखेटा सहितका गरुड मूर्तिवाट पनि अद्भुत रसको भाव आउँछ । पखेटायुक्त मात्र नभै शिरमा कपडा समेत बाँधेर, गरुडको यस्तो रूप किन गरियो भन्ने शंका उठ्न सक्दछ । मनुष्याकारको यो गरुडको गुप्त रूप हो । कुनै बखत गरुडले प्वालभित्र हात पठाई जोडले नाग समाती तान्दा पछारिएर गरुडको टाउको वज्रन गएछ र भगवान्ले उत्तिखेरै आफ्नै पीताम्बर धोतीको सानु टुक्रा च्याती गरुडलाई घाउ बाँध्न दिनु भएछ । पीताम्बरले गर्दा तुरुन्तै घाउ निको भएछ । त्यही घटनाको संस्मरणमा टालो बाँधेका गरुड मूर्ति आजसम्म पनि विभिन्न मन्दिरहरूमा छँदैछन् । नेपाल उपत्यकामा घर बनाउँदा चाहिं घरको मध्य भाग या माथिको भागमा पक्षी आकारकै गरुड राख्ने चलन चलेको छ । धार्मिक चलनमा शत्रु–संहारको निम्ति यी पंक्षीरूप गरुडलाई मान्ने गरेको हो । गरुडको साथै हनुमान्लाई पनि घर बनाउँदा घरको मध्यभाग या अधोभागमा स्थापना गर्ने चलन नेपालको साँस्कृतिक परम्परा हो । बोक्सीहरूबाट आउने बिघ्न बाधा हटाउन भनी हिन्दूहरूले हनुमान्को आराधना गर्ने गरेको हो । हनुमान्को रूप बानरको रूप भए तापनि उनको महिमा हिन्दू मतमा अपार छ । रामायण नवाह र श्रीमद्भागवत सप्ताह गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिन्दू भक्तहरूले पक्षी रूपमा गरुड र हनुमान्‌को ध्वजा फर्फराउने गर्छन् । गरुडको मूर्ति विषयमा एउटा शंका उठ्न सक्छ । भगवान्‌को शक्ति अनन्त छ । देवताका बाहन अनेक छन्– कसैको सिंह, कसैको हात्ती, कसैको मूसा, कसैको साँढे, कसैको पक्षी । त्यसै हुँदा यी पक्षी रूप र मान्छेरूपका गरुड एकै नभएर अर्कै अर्कै हुन् कि भन्ने लाग्छ । तर यसमा माथि भनिएका कथाले भ्रम हटाउन मद्दत दिन्छ । उपत्यकामा भएका गरुडका मूर्तिहरू मध्ये ललितपुरको कृष्णमन्दिरको मनुष्याकार गरुडको मूर्ति नै सबभन्दा भव्य आकर्षक छ । पाटनको शंखमूल नारायण स्थानको शिलास्तम्भ माथि रहेको गरुडमा भने पक्षीकै मुख छ । कला सौन्दर्य पनि हिसी परेको छ तापनि यो राणाकालीन मूर्ति हो, प्राचीन होइन । यहाँको स्तम्भमा जगत शमशेरको नाम उल्लेख भएको देखिन्छ । माथि भने कैं शत्रु–संहारको ध्येयमा पक्षी रूपकै गरुडको आराधना गरिन्छ । तर मनुष्याकृतिको गरुडको महिमा पनि कम छैन । हाम्रो यहाँका मन्दिरहरूमा यस्ता मनुष्याकृतिका गरुडका मूर्तिहरू खोजी गरेमा धेरै नै भेटिन्छन् । भक्तपुरको दत्तात्रय स्थान-भन्दा केही पर वाकुपति नारायणस्थानको गरुडको मूर्ति शंखमूलको गरुड भन्दा धेरै सानु देखिए तापनि कलाकारले आफ्नो शीप तीनै गरुडको मूर्तिकलामा नै देखाएको छ ।

प्राचीन कालदेखिनै यस्ता कुरामा उपत्यकाका तीन शहरमा निकै प्रतियोगिता चलिरहेको देखिन्छ । पाटनमा पाँच तले कुम्भेश्वरको मन्दिर बन्यो भने– भादगाउँमा त्यस्तै पाँच तले सिद्धिलक्ष्मीको मन्दिर बन्यो । पाटनमा त्यो मन्दिरमा वर्षेनि मेला लाग्छ तर मन्दिरको कुनै महत्व छैन । उता भादगाउँको मन्दिरमा धार्मिक महत्व केही छैन, तर अन्तर्राष्ट्रिय नाम कमाउने उही भयो । भन्नाको मतलब के भने प्रति-योगिताले नेपाल खाल्डामा धेरै मूर्ति र मन्दिरको जन्म भयो । सबै एकैनास प्रख्यात हुन सकेनन् । हुनत भन्नलाई हामी यी मूर्ति र मन्दिर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू प्रतियोगिताले बने भन्छौं । तर मन्दिर बन्दा प्रतियोगिता भावना नरहेको पनि हुन सक्छ। तीनै शहरका कलाकारको बीचमा विचार आदानप्रदान भएको पनि हुन सक्छ। कला क्षेत्रमा त्यति छिटो प्रतिस्पर्धामा आउनु पनि नेपाली मात्रको निम्ति कम गौरवको कुरा होइन । प्राचीन प्रतिस्पर्धाको फलस्वरूप भएको नेपाली मूर्तिकलाको प्रगतिबाट नेपाललाई ठूलो लाभ भएको छ ।

विभिन्न मूर्ति कलापूर्ण ढुंगाका मन्दिरहरूमा सर्वोत्तम कृष्ण मन्दिरै होला । तर कृष्णमन्दिरका कलाकारहरू पनि हकुवा चामल र सिन्कीमै हुर्कका होलान् । एक दाम ज्यालामा सन्तोष हुने ती कलाकारको पसीनाको कीर्तिस्तंभ पनि दिनदिनै चम्किरहेको देखिन्छ । यस मन्दिरलाई कोही कोही भारतीय संस्कृतिको छाप पनि भन्दछन् । यसमा भएका प्रस्तर मूर्तिहरू प्रायः रामायण महाभारत कथाका आधारमा बनेका भए तापनि यसमा भएका विभिन्न बान्कीहरू भने भारतकै शैली हो भनेर छुट्याउन सकिन्न । सर्वप्रथम यस मन्दिरमा भएका विभिन्न तोरणबाट नेपाली सांस्कृतिक परम्पराको प्रमाण पाइन्छ । यदि नेपाली संस्कृतिले नदिएको भए मन्दिरमा हिटिमंगलको स्थान पनि हुनु नपर्ने । यहाँको ढुंगेधाराहरूमा प्रायः मगराहरू देख्छौं । ती मगरा (हिटिमंगलबाट) पनि मौन रूपमा नेपाली संस्कृति र कलाको छाप लागेको देखिन्छ । त्यसो त, चीनका चित्र र वास्तुकलामा समेत चीनको प्रभाव परेको छ भन्ने पनि एक थरी छन् भने छाना नभएको कृष्णमन्दिर देखेर भारतीय प्रभाव भन्नु कुनै आश्चर्य छैन । हाम्रो नेपालका विभिन्न मूर्तिहरूमा विभिन्न आभूषण तथा बाहनको साथमा मंगल राख्ने पनि चलन गरिएको देखिन्छ । मूर्तिहरूमा शोभा दिने अष्टमंगलका विषय वस्तुहरू यिनै हुन्:—

१ श्रीवत्स

२ कमल (पुण्डरीक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३ ध्वजा

४ कलश

५ चामर

६ मत्स्य युग्म

७ छत्र

८ दाहिने शंख

वैदिक तथा तन्त्रतिरका कर्मकाण्डहरूमा यी आठै विषय प्रयोग भएका छन् । माँगलिक कार्यको निम्ति आजसम्म पनि नेवारहरूका ढोकामा ब्रह्मा, विष्णु, महेश्वर गणेश, कुमारको चित्र लेख्दा अष्टमंगल समेत लेख्ने गर्दछन् ।

हिन्दूको पौराणिक ग्रन्थबाट सगुन वस्तुमा माछालाई नै प्रमुख मानिआएकोले र तान्त्रिक सम्प्रदायले समेत शाक्त सामग्रीमा प्रमुख वस्तु मानेकोले माछालाई महत्व दिएको हो भन्ने अनुमान गर्न सकिन्छ । पहिलेको जलमय संसारको पहिलो जीव, भगवानको दशावतारमा प्रथम मानिसको भगवानको पहिलो रूप, अष्ट मंगलमा सम्मिलित यो माछा मूर्तिकलाको इतिहासको श्रीगणेश पनि हुन सक्छ । विभिन्न मन्दिरहरूमा फूलकै आकारमा पनि ढुंगामा माछा कुंदेको पाउंछौं, तर अष्ट मंगलमा धेरै जसो जोडा माछा नै हुन्छन् ।

माछाको साथसाथै कमल पनि लिऊँ । अष्ट मंगलको चिन्हमा यो अर्को विषय हो । मूर्तिकलाको शोभाको साधन पुण्डरीक, (कमल) भवानी लक्ष्मीको आसन अथवा भगवानको करले ग्रहण गर्ने सुन्दर वस्तु हो । थक सृष्टिकर्ताको समेत पवित्र आसन यो वनस्पति विषय वस्तुमा मंगल,-कल्याणकारी सत्यं शिवं सुन्दरंको बीज जस्तो छ यसले दैवी मूर्तिलाई शोभा दिने हुनाले देवालय तथा अरू विभिन्न वास्तुकलामा यसले स्थान पाउनु स्वाभाविकै देखिन्छ । कसैको नेत्रलाई उपमा दिंदा समेत कमल नै दिन्छन् भने कमलको फूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मांगलिक विषय बन्नुमा आश्चर्य केही छैन ।

त्यस्तै श्रीवत्स पनि पुराणअनुसार भगवान विष्णुको अङ्गमा परेको चिन्ह हुनाले मांगलिक विषय बनेको हुनुपर्छ ।

श्रीवत्सको साथै कलश पनि अष्ट मंगलमा प्रमुख मानिएको छ । मूर्तिकलाको विकास हुनुभन्दा पहिलेदेखि नै कलश सभ्यताको प्रतीक भएको हुनुपर्छ । त्यसैले मूर्ति पूजामा कलश स्थापना नगरी नहुने भएर रहेको थियो । कतिपय देवताको आवाहन नै कलशमा गर्नुपर्ने र सप्तसागरको रूप, धन्वन्तरीको अमृतको भाँडो पनि कलश नै भएकोले प्रातः स्मरणीय सागरको रूप तथा कर्मको साक्षीस्वरूप मंगलदायी कलश विभिन्न मूर्तिकलाका शोभा अष्ट मंगलको अङ्ग बन्न पुगेको हुनुपर्छ । कलशको साथै छाता आउँछ । ब्रह्माण्डको राज लक्षणयुक्त मांगलिक छाया दिने श्रीयुक्त छत्र भगवान वामनको प्रिय वस्तु हो । चक्रवर्ती राजाहरूको विजयचिन्ह पनि यो छत्र बन्यो। विवाहादि मंगलका यात्राहरूमा यो अभिन्न अङ्ग बनिसकेकोले यसले पनि अष्ट मंगलमा स्थान पाएको देखिन्छ । हिन्दू धर्मको परम्पराअनुसार गाईको महिमा जति छ । त्यति नै चामरको पनि छ, हिमाली गाईको पुच्छर भएको हुनाले होला । गोपति भगवानको प्रिय वस्तु भएकोले यो अष्टमंगल मध्येका एक मंगल वस्तु गनिएको छ । यस्तै नै भगवानलाई अर्घ्य दिंदा चाहिने स्वागतको वस्तु शंख पनि हो । भगवान विष्णुका चार हातमध्ये एक हातमा शोभा दिने महाभारत युद्धको हुंकार गर्ने भागीरथी गंगाको स्वागत– वाद्य भएको, लडाइँमा शत्रु पक्षको मुटु कमाउने वस्तु शंखले पनि अष्टमङ्गल मध्ये एक बनेर कल्याणकारी रूप लिएको छ । अष्टमङ्गलमध्येको अर्को वस्तु हो ध्वजा । अनादि कालको चिन्हको रूपमा खडा भैरहेको चन्द्र सूर्य अङ्कित वैदिक ध्वजा हिन्दू धर्म र राष्ट्रको चिनो कैं ह्राम्रा प्रत्येक देवालय सजिएको पाइन्छ । यी सबै कार्यको साक्षी पनि भएका छन् । यी अष्टमंगलका आठ चिन्हहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णमन्दिरमा सबभन्दा आकर्षक ढङ्गले कुँदिएका छन् ।

नेपाली मूर्तिकलामा यी अष्टमंगलका चिन्हहरू मम्मिश्रित गराउनु त नेपाली मूर्तिकारको आफ्नै शैली मानिइसकेको छ। मूर्तिकारले ज्याभल चलाउने सोखमा मूर्तिमा घेरा हाल्दा फूलको लहरा अथवा रूख हाल्ने पनि कतै कतै देखिन्छ। साथै ध्यान श्लोकको आधारमा वाहन सजाउने सोख पनि कलाकारमा भएको देखिन्छ । दम्पति मूर्तिमा शृङ्गार रसको पुट भर्नु पनि कलाकारको कला कुशलता ठहर्दछ । मल्ल कालमा त्यस्ता मूर्तिहरू धेरै नै देखा परेका छन् जुन कालमा जनसाधारणमा जस्तो कुराको सोख हुन्छ त्यस्तै भाव चित्रहरू कलाकारहरूले आफ्ना कलाकृतिमा उतार्दछन् । मल्ल कालका कृतिहरूमा कामकलामा प्रशस्त नमूना पाइन्छन् । मैथुनका चौरासी आसनका बाहेक वहु–मैथुन र पशु मैथुन सम्मका पनि मूर्तिहरू हाम्रा देवलहरूका टुँडालहरूमा बसालिएको देख्दा त्यस वेलाको नैतिकता माथि नै नराम्रो छाप पर्दछ । भित्रका देवता देवीका मूर्तिमा खर्च गरेको भन्दा बढता शीप यस्ता टुँडालका शृङ्गार—चित्रमा खर्च गरेको देख्दा फन् शङ्का गर्ने ठाउँ भएको छ । यसरी मल्ल कालका सांस्कृतिक कलाहरूमा ती काम विषयका चित्रहरू देखा परेबाट नेपालका मल्ल राजाहरू कम विलासी थिएनन् भन्ने कुरा पनि स्पष्टै झल्कन्छ । सदाशिव मल्ल जति विलासी थिए त्यस्तै प्रभाव अरू मल्ल राजाहरूमा पनि पर्नु स्वाभाविकै छ । हुनत भारतीय मूर्तिकलामा नभएको होइन तर ती कलाकृतिहरू काम विषयका भए तापनि संभोग चित्रहरू नै त एक दुई स्थानमा बाहेक अन्त राम्रो घुसेको देखिन्न । शृङ्गार प्रधान ती मूर्तिकलाहरू यौवनका विभिन्न विषयका अध्यायहरूमा नयाँ अध्याय थप्ने खालका छन् । रतिकलाका बहादुरका निम्ति मल्लकालीन कामचित्रहरू एक किसिमको हाँकै पनि हुन सक्छन् ।

प्राकृतिक नियमअनुसार पशुपक्षीहरूको कामातुर हुने समय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियमित हुन्छ यिनीहरू जथाभावी वरालिदैनन् । तर मनुष्यको काम विषयमा आदि अन्त्य नै छैन । उनीहरूमा जहिले पनि काम वासना रही रहन्छ । अझ इन्द्रको भोग विलासका कथाहरू सुन्दा सुन्दा मल्लराजाहरूमा इन्द्रका भोगविलासको अनुकरण गर्ने इच्छा उठ्नु स्वाभाविकै भयो । त्यस भन्दापनि अझ वात्स्यायनको कामशास्त्र श्रवण मननबाट मल्लराजाहरू कामशास्त्र–प्रवीण भए होलान् । राजा रसिक भएपछि कलाकार रसिक हुने नै भए । त्यसैले अरूतिर आफ्नो काम विषयका कलाकृतिको प्रदर्शन गर्न नपाउने कलाकारहरूले मन्दिर मन्दिरका टुँडालमा नै सो पोखी आफ्नो चित्त बुझाएको स्वाभाविक देखिन्छ ।

मल्लराजाहरू केवल तन्त्र शास्त्रका चिन्तक मात्र नभई संगीत विशेषज्ञ पनि थिए भन्ने कुरा प्राचीन भजनहरूबाट र उनीहरूले आफैले लिएका उपाधिहरूबाट थाहा हुन्छ । राजाहरू कतै कतै 'संगीतार्णव' समेत भनिएका पाइन्छन् । संगीतकै निर्देशनमा विभिन्न भावनृत्यहरू प्रदर्शन हुन्छन्, जसमा देवदेवीको नृत्यदेखि लिएर साधारण बाथः (तीन मानिसको वार्तालाप) मा समेत संगीतकै निर्देशनको आवश्यकता पर्दछ। बाथःको वार्तालापमा समेत काम–वासनाको गन्ध ल्याउने नेपालका कलाकारले टुँडालमा कामकला झल्काए भने के आश्चर्य ? अर्थात् संगीत, साहित्यमा परेका कामवासनाको प्रभाव शिल्पकलामा पनि पर्नु अस्वाभाविक देखिन्न । राजा सिद्धिनरसिंह संगीत विशेषज्ञ मात्र नभै शिल्पकला विषयका मर्मज्ञ थिए । उनले बनाएको कृष्ण मन्दिरमा पनि श्रृङ्गार रसका मूर्तिहरू किटिएको देख्दा उनले आफैले सो रहन दिएको बुझिन्छ । शायद यी देखा परेका कामकला चित्र कच्चा योगीको परीक्षाको निम्ति पनि रहेका हुन सक्छन् । दर्शन शास्त्रको आधारमा भौलिकवादी अध्यात्मवादीको संघर्ष गराउन नै देव मूर्तिसँगै यस्ता छोहोर कलाकृतिहरू रहेका पनि हुन सक्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मल्लकालीन नेपालमा जनसंख्या धेरै नै कम भएकोले र देशवासीहरूमा वैवाहिक सम्बन्ध जोड्न नै धेरैले नचाहने भै जनसंख्याको अभिवृद्धि गर्न त्यसरी मन्दिरहरूमा काम कलाका विभिन्न बान्कीहरू कुँदिएका हुन् कि ? उस वेलाका पनि चैत्यहरूमा चाहिं यस्ता काम-कलाका कृतिहरू देखिंदैनन्' भगवान् बुद्धले त्यस्ता विषयलाई निन्दनीय गनेकोले होला । चैत्य बाहेक बुद्धका नेपाली मन्दिरमा पनि त्यस्ता कामकलाले स्थान पाएको कतै देखिन्न ।

भौतिक संसारमा अध्यातमको चिन्तन गर्नु भौतिकवादीहरूको निम्ति उपहासको कुरा हो । क्रियाद्वारा नै मानिसमा नयां चेतना आउने हुँदा सिद्धान्तको साथ साथमा प्रयोगको आवश्यकता छ भन्ने मानिन्छ । त्यसैले मानवको जीवन र दर्शनको आधारमा फोहोरी विषय भएता पनि यसरी सनातनी मन्दिरहरूमा कामकलाद्वारा केही मात्रामा भए पनि कर्मयोगको भाव-प्रदर्शन हुन आएको हो जस्तो देखिन्छ। आध्यात्मिक विचारवाट त्यहां चार वर्ण ३६ जात देखिए तापनि भौतिक दर्शनवाट मानिसको जातमा स्त्री र पुरुष दुइटै मात्र देखिन्छन् । यसकारण कला र संस्कृति सुहाउँदो किसिमले विभिन्न बान्कीमा आफ्नै आराध्य देव–देवीका मन्दिरमा यस्ता काम विषयका विभिन्न मुद्राहरू रहन दिएका होलान् । तान्त्रिक इतिहासमा साधकहरूले चौरासी आसनका विभिन्न भावमुद्राद्वारा पनि कार्यसिद्ध गरेको देखिन्छ ।

ती कामकलाका चौरासी आसनमा अत्यन्त असम्भव जस्ता आसन पनि देखा परेका छन् । उदाहरणको रूपमा लिन सकिन्छ, वसन्तपुर दर-वारको टुँडालमा रहेको कामकला, जसमा एकले परिवारका सबै व्यक्तिमा धर्ममा आघात नपर्ने गरी कामोपभोगको तृष्णा मेटिदिएको कुरा कला-कारले देखाएको छ। तर ती कामासनहरू भोग विलासको निमित्त मात्र नभई कुनै कुनैमा साधकहरूको निम्ति पनि प्रयोग भएको देखिन्छ ।

श्रृङ्गार–रसपूर्ण भोग विलासमा मस्त देखिएका उमामहेश्वरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्कमालमुद्राको मूर्तिको साथमा यस्ता कामविलासी चित्र रहनु पनि कुनै आश्चर्यजनक कुरो होइन। आश्चर्य केमा हुन्छ भने शृङ्गाररसपूर्ण मूर्तिमा समेत हाम्रा नेपाली कलाकारले यौगिक शान्तरस पनि ल्याएका हुन्छन्। कहीं कहीं यस्तै एउटा मूर्ति छ–ललितपुर सुनधाराको उत्तर लाइनको डबलीमा। ललित कलापूर्ण उमामहेश्वरको उक्त मूर्तिमा योग र भोगको समन्वय छ। यस मूर्तिमा जटा मुकुटको सट्टा अरू देवताको सरह मुकुट पहिरेको अरू आभूषण पनि विचित्र ढंगले कुँदिएका छन्। दुवै मूर्तिका मुख प्रसन्न मुद्रामा छन् र हातमा अभय मुद्रा छ। वाहनको हकमा वायाँतिर सिंह र दायाँतिर साँढे छन्। मुण्डमाला शिवजीले पहिरनु भएको आसनको तल्लो घेरा पनि कमल नै छ। त्यसमाथि अर्को सानु कमल छ। त्रिशूल समातेको एक हात उमा—मूर्तिले छोपेको छ। अर्को हातमा जपमाला सुशोभित छ। शिवको त्यस मूर्तिमा चार हात छन्। योगी र भोगीको एउटै रूप दिएर मूर्तिकारले चमत्कारपूर्ण शिल्प निपुणता यसमा देखाएका छन्। अहिलेसम्म पनि कलाकारहरूको जनसंख्या धेरै भएको यही नुगल टोल हो। यहाँ ढुङ्गाको मात्र हैन कि धातुको पनि विभिन्न प्रकारका मूर्तिहरू बन्छन्। कलाको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण क्षेत्र भएको यस सुनधारा (नोग्ल) टोलमा मूर्तिहरू प्रशस्त देखिन्छन्। यस्तै मध्येको उमामहेश्वरको मूर्ति हो। यहाँ विद्याको निम्ति आराध्य देवी सरस्वती छन्। गणेश त हुने नै भए। यहाँको सत्तल पाटी पौवा पनि कलापूर्ण ढंगले बनेका छन। यहीं उमा महेश्वरको मूर्तिकै शैलीमा लक्ष्मीनारायणको मूर्ति पनि सुनधारा पछाडि पाइएको छ। त्यो मूर्ति जीर्ण शीर्ण देखिए तापनि उमामहेश्वरकै मूर्तिको समकालको हो कि भन्ने अनुमान गर्न सकिन्छ। तर उमामहेश्वरको जस्तो सुरक्षित अवस्थामा त्यो छैन।

यसलाई मल्लकालीन मूर्तिकलाका नमूनामा प्रस्तुत गर्न सकिन्छ, जसमा शृङ्गार प्रधान भै मानवजीवनको दर्शन र ईश्वरीय अनन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिमाको केही झलक देखा परेको छ। मूर्तिकला जस्तो विषयमा सत्यं शिवं सुन्दरं त हुनैपर्छ। योग र सम्भोगको दृष्टिले मल्लकालमा यस्ता मूर्तिको निर्माण हुनु स्वाभाविक देखिन्छ। यस मूर्तिमा देखिएका मुण्ड-मालाले रौद्र रसको बोध गराउँछ भने पार्वतीको अङ्कमालले त्यस मूर्तिबाट शृङ्गारको बोध हुन्छ। यस मूर्तिको एउटा हातको अभय मुद्राबाट शान्त रसको प्राप्ति हुन्छ। मल्लकालीन साहित्य र संगीतका संदर्भमा शिल्प तथा मूर्तिकलाको विकास हुनु पनि कम गौरवको कुरो होइन।

कोशी गण्डकी जस्ता पवित्र नदीले घेरिएको नेपालको संस्कृतिमा देखिएको जल महिमालाई खुला रूपमा प्रदर्शन गर्न जल वाहन (हिटि मंगल) को रूप पनि विभिन्न ढुङ्गे धारामा कुँदिएको पाउँछौं। यात्राको निम्ति गंगा दर्शन अति मंगलदायक भएकोले प्रस्थान गर्ने समयमा घर नजिकै गंगाको दर्शन दुर्लभ भए तापनि दायाँ बायाँ जलपूर्ण घडा राख्ने हाम्रो परम्परा छ। द्वारमाथि गणेशकुमार, ब्रह्मा विष्णु, महेश्वर र अष्टमंगलका विभिन्न चिन्हमा जल तत्व माछालाई सर्व प्रथम मान्यता दिएकै छ। यी जल जन्तुहरू प्रायः गंगाकै अंशमा परेकोले देव देवालयका तोरणहरूमा समेत यस्ता हिटिमंगल रहेको हुनु पर्छ।

प्राचीन गृहस्थीहरू खूब दूरदर्शी थिए भन्ने प्रमाण मूलढोका बाहिर एक पाइला पर रातो माटोले पोत्ने चलनबाट पाइन्छ। जुन ठाउँलाई हामी पिखालखु पनि भन्छौं। नेवारीमा पिखालखुको अर्थ घर-संगै बाहिर रहेको खोला भन्ने बुझिन्छ। घर पवित्र गर्न यस पिखालखुमा लिपिसकेपछि शेष रहेको रातो माटोले घर भित्र लिप्तछन्। यसै अर्थले मल्ल दरबार भएको तीनै शहरमा गंगा र लक्ष्मीको मूर्ति वाहन सहित गरी थापिएको हो। एकातिर (गोही) हिटि मंगल र एकातिर कछुवा यी दुवै वाहनको जल तत्वसंग पूरा सम्बन्ध छ। आजसम्म देखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेका यी मूर्ति पनि जीर्ण अवस्थामा छन्। हातले समातेका विभिन्न वस्तुहरू बेपत्ता भैसके। ललितपुरमा भएका यी ललित कलाको दुरुपयोग देख्दा कल्लाई चित्त नदुख्ला ! जहाँसम्म कला जीवित रहन्छ कलाकार पनि जीवितै सम्झनुपर्छ। तर आँखाले देख्न नपाउने लुप्त भैं सकेका कलाकृति बिषयमा विवेचना मात्रै गर्न पर्ने पनि हाम्रो निम्ति कुनै सौभाग्यको कुरा होइन। जस्तो लिच्छविकालीन वटुक भैरवको मन्दिरमा भएको अभिलेखको शिला मसला पिन्ने सिलौटोको रूपमा देखिन्छ भने अरू कलाकृति के कस्तो होलान् !

आज विभिन्न वास्तु तथा शिल्प कलामा नेपाली कलाको अन्तः विदेशी कलाको जन्त भैंरहेको देखिन्छ– यो शुभ लक्षण होइन।

["नेपाली" त्रैमासिक पूर्णाङ्क २३ बाट]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिरमा कामकला

नदीको वाहुल्य भएका प्रकृतिको सुन्दर प्राङ्गणमा हुर्केका कलाकारहरू स्वयम् प्रकृतिका पूजारी नै हुन् कि भन्ने कुरा यहाँका वास्तु तथा मूर्तिकलावाट प्रमाणित हुन्छ । नागवेली परेका नदीहरू प्रकृतिका फुकेका पटुका हुन् । यहाँका हरिया मैदान पहेंला धानका बालाले आभूषित खेत र कहिले लाली गुराँस फुल्ने कहिले सयपत्री कहिले लालपाते फूल फुल्ने ती हरिया डाँडाहरू प्रकृतिका सारी हुन् । उषाकालदेखि सन्ध्यासम्म बदली बदली टल्किरहने हिमाल प्रकृति मैयाँको सुन्दर खास्टो हो ।

झर्नाको सुन्दर ध्वनि सुहाउँदो लयमा चराहरू गाउँछन्; सोही चराको सुन्दर रसमय गानलाई मानव जातिले संगीतका विभिन्न आधार मध्ये एक आधार बनाई नयाँ गीतको सिर्जना गर्छन् ।

नदीको धूनबाट संगीतको सिर्जना भए झैं यहाँका कणबाट पहाड (पर्वत) र सो पर्वतको गुफाबाट पछि बिस्तार बिस्तारै देशका भौगोलिक अवस्थानुकूल विभिन्न बान्कीका घरहरूको सिर्जना भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ ।

मनुष्यहरूको श्रृङ्गार नम्र व्यवहार सदा सर्वदा मुखमा मुस्कान र साहित्य, संगीत आदि कला झैं वास्तुकलामा रंगीचंगी बुट्टा र श्रृङ्गारमा टुंडाल झ्याल आदि हुन् ।

ईश्वरका सृष्टिमा देवताको दोस्रो तहमा मानिस आउँछ र धनि मानिसबाट सिर्जिने वस्तुहरूमा ईश्वरीय गुणहरू समावेश भै ती वस्तुले अन्धकारबाट प्रकाशमा जाने बाटो देखाउँछन् । यसै सन्दर्भमा विश्वका विभिन्न मूर्तिकार मध्ये नेपाली मूर्तिकारलाई नै लिउँ, जसले ईश्वरको अलौकिक महिमालाई राम्ररी मनन गरी ढुङ्गा काठ माटो धातु आदिमा ईश्वरको दिव्यरूप झल्काई भावी कलाकारलाई पथ प्रदर्शन गरेको छ ।

जड वस्तु निराकार बृक्षलाई काटी वास्तु तथा स्थापत्यकला र अन्यवस्तुको श्रृङ्गारमा समेत देवताका अनेक रूप झल्काई अवस्थानुकूल स्थान हेरी कतै बाल्य रूप र दाम्पत्य श्रृङ्गारले पूर्ण गरी मानवीय हृदयमा ईश्वरीय रूप झल्काई मानवको आत्मालाई सन्तुष्ट पार्न दिन सक्नु नै कलाकारको सफलता र देन हो ।

अनादि कालदेखि हिन्दू तथा बौद्ध सम्राटहरूको पवित्र देन भएको आर्यावर्त नेपालको सम्प्रदाय सुहाउंदो कलाबाट भावी कलाकारको निम्ति पथ प्रदर्शन हुन सक्नु नै नेपाली कलाको इतिहासमा गौरवमय देन मान्न सकिन्छ; तसर्थ देशको भौगोलिक अवस्था कस्तो छ सो अवस्थाको अनुकूलमा संस्कृतिको राम्रो विकास भई संस्कृतिको अनुकूलतामा मूर्तिकलाको सिर्जना भएको देखिन्छ ।

हिन्द साम्राज्य भारतको नजीक परेको भए पनि नेपाली संस्कृतिमा आफ्नै पन भएकोले विश्वमा नेपालीकलाको अनुकरणीय देन छ भन्नुमा अत्युक्ति नहोला ।

अनादि कालदेखि प्रादुर्भाव भै राष्ट्रिय संस्कृतिको जग मजबूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्ने तन्त्र र वेदको महिमाले भरेको यस देशको प्राचीन वास्तुकलामा देव देवीको मूर्तिले धेरै स्थान जमाएको पाउन सक्छौं। सर्वप्रथम लिऔं हाम्रै शैलीको तल्ले मन्दिर; जसमा कलाकारको शुद्ध मस्तिष्क र सुन्दर ज्यावलबाट प्रादुर्भाव भएका ईश्वरीय गुण र विभिन्न आभूषणले युक्त भएका अष्टमंगल र विभिन्न थरीका अज्ञानान्धकारलाई नास्ने हतियारले विभूषित पारेका पाउँछौं।

चौकोण (पृथ्वीतत्व) भूपुरमा खडा रहेका मन्दिरहरूमा कतै गंगाका प्रतीक मकर विष्णुका प्रतीक गरुड कतै सूर्य चन्द्र आदि ग्रह देवता र कतै अन्य देवताका रंगी बिरंगी मूर्तिले नेपाली कलाको परिचय दिएको हुन्छ।

आध्यात्मिक दृष्टिकोणबाट यी मन्दिरहरूमा अध्यात्मवादीहरूको निमित्त भनी केवल देवमूर्ति मात्र समावेश गर्दा भौतिक संसारको उन्नति हुन सक्तैन भन्ने कुरा अध्यात्मवादी दार्शनिक पुरुषहरूका वाक्यबाट प्रमाणित भएकै कुरा हो; तैपनि अध्यात्मको व्यवहारबाट ती विषयलाई निन्दनीय ठहराई घृणात्मक दृष्टिकोणले हेरे तापनि ईश्वरको सृष्टिमा यसैको मूल्याङ्कन हुने हुनाले हाम्रा नेपाली कलाशैलीका मन्दिरका काष्ठ मूर्तिहरूमा काम शास्त्रानुकूल कामकलाहरू समावेश गरी नेपाली कलाको राम्रो परिचय दिएको देखिन्छ। नेपाली शैलीका घर तथा मन्दिरका भित्री भागमा छानोलाई थाम्न दलिनको आवश्यकता परेकै घरको बाहिरी भागमा घरको भित्ता भन्दा छानो बाहिर निस्केकोले टुंडालको पनि आवश्यकता पर्न थाल्यो; मानिस सभ्य हुँदै गएपछि टुंडालमा पनि संस्कृति सुहाउँदो बुट्टाहरू देखा पर्न थाले।

आदर्श हिन्दू– राज्य नेपालमा अनादि कालदेखि नागको महिमा गाई आएको कुराबाट थाहा हुन्छ, नेपाल नागको राज्य हो; जुनसुकै मतबाट पनि नागको महत्वलाई बुझी राम्ररी मनन गरी शैव, वैष्णव, बौद्ध शक्ति आदि मतको प्रभाव परेका जुनसुकै कलामा पनि नागको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थान बढ्‌ता देखछौं र आफ्नै ढंगका जुनसुकै मन्दिर, घरका झ्याल, ढोकामा र मूर्ति अथवा अरू जुनसुकै कलामा पनि नाग–छत्र, नाग–पाश र नाग कन्याका विभिन्न मुद्रा कुंदेको पाउँछौं । अरु यति मात्र होइन नेपाली कला शैलीका तल्ले मन्दिरका टुंडालमा समेत दुई नागको सिक्री अथवा डोरी बाटेको श्रृङ्गारमय काष्ठकला पनि यहाँ कम छैन भन्ने कुराको प्रमाण प्राचीन रार्जसिहासन तथा अन्य कलाकृतिबाट स्पष्ट भएकै छ ।

देवालयमा नाग नागिनीको कामुकता देखाएपछि त्यसका सन्दर्भमा चराचुरुङ्गीको कामुकताले भरेको रति श्रृङ्गारमात्र देखा पर्न बाँकी-रहला पनि भन्न सकिन्न । वन जंगल नदी नालाले आभूषित हिमबत्खण्ड नेपालमा चरा चुरुङ्गी र जङ्गली जनावरको रति श्रृङ्गार पनि बिस्तार बिस्तारै कलाकारका ज्याभलबाट देखा पर्न थालेपछि संस्कृतिका प्रतीक मन्दिर प्रति कला प्रेमीको आस्था बिस्तार बिस्तारै बढ्‌दै जान्छ । अन्त्यमा मनुष्यको काम श्रृङ्गार पनि त्यसमा समावेश भै आध्यात्मिक क्षेत्रमा अनौठो भौतिक प्रभाव पर्न जान्छ । परिबर्तनशील विश्वमा केवल सृष्टिमात्र भैरहला र युद्ध कहिल्यै हुन सक्तैन पनि भन्न सकिन्न । युद्ध होस् भनी कामना गर्नु पनि हाम्रै मूर्खता हो । सृष्टिपछि नाश ता अवश्य हुन्छ, हुन्छ; चाहे दैवी युद्धबाट होस् चाहे प्राकृतिक प्रकोप भूकम्पबाट होस् कालसंग कसैको जोर चल्दैन । विश्वमा धेरै नाश भएर पछि शेष रहने मानव जातिलाई भौतिक संसारको कलाद्वारा मार्ग निर्देशन गर्दा संसारको सृष्टि यन्त्र फेरि पनि संचालन भई भविष्यका सन्तानको निमित्त संसारबाट शून्य दूर हुन जानेछ । देवताका विभिन्न मूर्तिले भरेका ती सुन्दर मन्दिरहरूका कामकलाहरू जतिसुकै घृणित भएता पनि देव मूर्तिसंग यी कामकलाहरू रहेकोमा एउटा रहस्य त अवश्यनै हुनुपर्दछ; विष्णु अथवा शंकर भैरव अथवा देवदेवीको जुनसुकै मन्दिर होस् त्यस मन्दिरमा केवल स्त्री समाज मात्र होइन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि पुरुष समाज पनि पुग्छन् । कहिलेकाहीं बाहिरैबाट देवताको दर्शन गर्दा दृष्टि त्यसैमा पर्ने भएकोले र उपर्युक्त कामकला समावेश गर्दा भौतिक प्रभाव पर्ने भएकोले र सो कुरा समावेश गर्दा भविष्यमा विधर्मीहरूले जतिसुकै प्रभाव जमाउन खोजे तापनि मन्दिरमा यस्ता चुम्बक समानको कामकला समावेश गरेपछि आवतजावत गर्नेको संख्या कम हुने छैन र मन्दिरहरू प्रतिको श्रद्धा पनि संधैं ताजा भई रहन्छ; गृहस्थाश्रमको मर्यादानुकूल आध्यात्मिक दृष्टिकोणबाट ईश्वरको पूजा गरे तापनि भौतिक संसारको विषय वासनाले गर्दा मन्दिर भित्र ईश्वरको मूर्तिनिर पुगे पनि यौवनको काम वासना मेटिने होइन । तसर्थ देव मन्दिरभित्र पुग्नुभन्दा पहिले नै काम वासनाबाट अलग भैसकेको हुनुपर्छ । अनिमात्र निष्काम कर्मयोग सफल हुन सक्दछ भन्ने कुरा मन्दिरको बाहिरी भागको कामकलाबाट जनाउँछ ।

मन्दिरका स्थापत्यकलामा देखापरेका कामकलाहरू प्रायः मन्दिरका बाहिरी भागमैं पाउँछौं, र ती कामकलासँग जतिसुकै श्रृङ्गारमय रंगीन मूर्तिले टुँडालको शोभा दिए तापनि बाहिरी शोभा मात्र हो । अन्त्यमा पूजा त भित्र नै हुन्छ; बाहिर रहेका कमकलायुक्त काष्ठ मूर्तिको पूजा हुने होइन । बाहिरका कामकला केवल बाहिरै मात्र रहन्छ र बाहिरका सबै श्रृङ्गारमय मूर्ति छोडी भित्र पुग्दा मात्र मूल देवताको पूजा कर्म हुने हुँदा ती काम बिषयका कलाहरू केवल मानव परीक्षार्थ मात्र हुन गएको देखिन्छ ।

देवालयमा रहेको कामकलाहरू मध्ये कुनै कुनैमा असम्भव ढङ्गका कामासनहरू पनि छन् । उदाहरणको रूपमा वसन्तपुरको टुँडाल यहाँ उपमाको रूपमा दिन सकिःछ जसमा कामासनको अनौठो चित्र कुँदेको छ । शायद यसलाई योगासनका विभिन्न बानामध्ये एक मानिआएको पनि कसै कसैले होला । जसमा बिलासिताको दृष्टिकोणबाट मात्र हेर्ने कामकला त्यो होइन, एक पुरुषसँग विभिन्न बानाका काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्राको सम्बन्ध देखाएकोले त्यसमा अध्यात्मबाद र भौतिकबादको अनौठो छाप परेकोछ भन्न सकिन्छ ।

सप्त गण्डकी, सप्तकोशी आदि विभिन्न नदीशृङ्खलाले परिवेष्टित नेपालमा विषमय वतासको भोजन गरी हरा–भरा पृथ्वीलाई सुशोभित पार्ने नाग, ब्रह्माण्डको राजलक्षणयुक्त मंगलमय पूर्णकलश, कमल, ध्वजा, छत्र आदि ईश्वरीय तत्वले संयुक्त रूप लिएका छत्राकार तल्ले मन्दिरमा रहेका कमलासनयुक्त र शक्ति सहितका शृङ्गारमयमूर्तिमै कलाकारको–प्रतिभाले स्थान जमाएको हुन्छ; जसमाथि सो मूर्तिको पाद पीठमा कुनैमा नाचिरहेको मुद्राको अप्सरा, कुनैमा यक्ष गण र कुनैमा सभ्यता अनुसारका काम कला कृतिहरू देखा पर्नु नै भौतिक–युगको निमित्त कलाकारको ठूलो देन मान्न सकिन्छ ।

प्राकृतिक प्रकोप संसारमा बराबर भइ नै रहन्छ । यो कुरा ध्रुव सत्य हामीले मान्नैपर्छ । प्राकृतिक प्रकोपमा कहिले अतिबृष्टि कहिले आँधी र कहिले असिना पर्नु, बज्रपात हुनु प्राकृतिक प्रकोपका नियम जस्तै नै हुन्; वज्रपात हुनको निम्ति चम्कने बिजुलीलाई कुनै कुनै विद्वान्ले स्त्रीको रूपमा मानिआएका छन् र बिजुलीले पुरुषको खोजीमा लाग्दा जताततै वज्र गिर्ने हुँदा बज्रपातको उपद्रवबाट मन्दिर नष्ट नहोस् भन्ने हेतुले पुरुष र स्त्रीको काम–मुद्रा देव मन्दिरमा देव मूर्ति निर समावेश गरिएपछि मन्दिरको सुरक्षा हुनेछ भन्ने केही विद्वान्हरूको कथन छ, तापनि यस बिषयमा अनुसन्धान गर्नु धेरै बाँकीनै छ । कामकला समावेश नभएका मन्दिरहरू पनि यहाँ धेरै छन् । तर ती मन्दिरहरूमा बज्रपात भएको पनि कहिल्यै सुनिन्न; यहाँ बौद्ध बिहार तथा बौद्ध मन्दिरहरू पनि असंख्य छन् । उपर्युक्त कामकला समावेश नभएकोले वज्रपात हुनुपर्ने हो तर किन भएन ? यदि घर तथा मन्दिर वा सत्तलहरूमा कामकला कृतिहरू समावेश गरेर बिजुलीको उपद्रव (वज्र पात) हट्ने भए वास्तु पद्धतिको नियमअनुसार वास्तु पूजा किन गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पऱ्यो ? यसमा धेरै विचार गर्नुपर्छ । अर्को कुरा छ बौद्धबिहार तथा अन्य देवालय शिवालय तथा पुराना घरहरूमा कतै हनुमान्, कतै छेपु, कतै नागकन्या सहितका गरुड र कतै महाकाल पाउँछौं किन? यसको पनि राम्ररी अनुसन्धान गर्नुपरेको छ । गरुडसंग के तत्व छ; हनुमान्सित के तत्व छ? त्यसको प्राकृतिक प्रकोपलाई हटाउने; एक न एक त्यस्तो कारण नभए त्यस्ता विकराल मूर्तिलाई स्थापना गर्ने जरूरत पनि पर्ने थिएन होला । हिन्दू देवालयहरू मध्ये पनि नेपाली कला शैलीका तल्ले छाना भएका मन्दिरमा मात्र ती विभिन्न बानाका कामकलाहरू समावेश गरेको पाउँछौं । कामकलाहरू समावेश गरेपछि मन्दिरमा छेपु, गरुड आदिको मूर्ति नराखे पनि हुने हो । कामकला समावेश गरिएका मन्दिरमा पनि सो मूर्तिहरू पाउँछौं र कुनै कुनै मन्दिरमा त केवल देव देवीका दाम्पत्य श्रृङ्गारले परिपूर्ण कामकला रहितका काष्ठ मूर्तिले सहित भएका टुँडालले मन्दिर सिंगारेको पाउँछौं त कुनैमा दिक्पाल, कुनैमा दशावतारका काष्ठ मूर्ति र कुनैमा मन्दिरभित्रका मूल देवताको प्रतिनिधित्व गर्ने देव मूर्तिले सिंगारेको पाउँछौं । यी तल्ले छाना भएका मन्दिर बाहेक पर्वत–शिखराकार मन्दिरहरूमा पनि बाहिरी भागमा विभिन्न बानाका देव देवीका मूर्तिहरू पाउँछौं । तर काम विषयका कलाहरू भने समावेश गरेको पाइन्न किन हो ? यसमा धेरै विचार गर्नुपर्ने देखिन्छ ।

नेपाली कला शैलीको मन्दिरहरूमा द्वारका दायाँ बायाँ रहेका देव देवीका मूर्ति नै दैवी प्रकोपबाट रक्षा गर्ने मन्दिरका प्रहरी हुन् भने फेरि यौन तत्वले भयानक अग्नि तत्व चटचाङ (मलख) लाई मारण गर्ला भनी विश्वास गर्नु पनि हाम्रो निम्ति अन्धविश्वास नै हो भने पनि अत्युक्ति हुने छैन । देवालयमा देखा परेका रंगी विरंगी विभिन्न बानाका काम श्रृङ्गारमा यौवनको चहल पहल मात्र होइन मनुष्यको काम वासनासँग पशुको काम वासनाको के कति सम्बन्ध छ सो पनि कलाकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शाएको छ, उदाहरणको रूपमा लिन सकिन्छ ललितपुर मंगलबजारको चार नारायण मन्दिरको पश्चिमी भागमा रहेका टुँडालको काष्ठ मूर्तिनिर घोडा र मनुष्यको काम सम्वन्ध, यस काष्ठचित्रमा यही विचार गर्न सकिन्छ कि संसारका विभिन्न कामी प्राणी मध्ये प्रमुख घोडा हुन् र घोडा घोडीको मैथुन हुँदा मानिससाई समेत कामले सताउँछ र घोडा घोडीको मैथुन हुँदा मानिस अगाडि बस्नु हुन्न भन्ने काम शास्त्रका विशेषज्ञ र अनुभवी वर्तमान साधारण मनुष्य समाजको समेत भनाइ छ

कामुक प्राणीहरूको स्थानमा घोडाको प्रमुख स्थान भएकोले कलाकारको ज्याभलवाट घोडा र मनुष्यको सम्वन्ध भएकोले कामकला यहाँ देखापर्न आयो । सोही मन्दिरमा कतै मनुष्य र घोडाको कामुकता देखाएको छ भने कतै नृसिहको काष्ठमूर्ति भएको टुंडालमा सिंह सिंहिनी को कामकला देखाएको छ । तर काम श्रृङ्गार भन्दैमा केवल मनुष्यकै मात्र ठेक्का हुनुपर्छ भन्ने पनि छैन यो लता वृक्ष, र कीरा फटेंग्रा देखि लिएर स्वर्गका इन्द्रसम्म पनि साझा र व्यापक भएको छ ;। त्यसैले कलाकारका ज्याभलवाट कतै मनुष्यको रति श्रृङ्गार देखापर्छ भने कतै जनावर तथा चराचुरुङ्गीको पनि देखापर्नु स्वाभाविकै मान्न सकिन्छ । उसवेलाको नेपालको उर्वरा शक्तिले संस्कृतिलाई कस्तो रूप दिएको थियो र मानव जातिको जीवन र फुर्सदमा काम वासनाले कति स्थान जमाएको थियो भन्ने कुरा यी मन्दिरहरूमा देखा परेका बिभिन्न वानाका काम मुद्रावाट स्पष्ट हुन्छ । मानिसबाट सिर्जिने जुन-सुकै कलामा पनि जीवनको प्रतिविम्ब प्रत्यक्ष या अप्रत्यक्ष दुबै रूपबाट परेको हुन्छ ।

प्रताप मल्लको नाम उल्लेख भएको लामो अभिलेख भएको काठमाडौं हनुमान ढोकाको जगन्नाथ मन्दिरको उत्तरी भागमा रहेको टुँडालमा कलाकारले पहाडी जन–जीवनको प्रतिविम्ब झल्काएको छ । बच्चालाई दूध ख्वाउँदै यौन तृष्णा मेट्ने आइमाईको मुखाकृतिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामवासनाको रूप झल्काउनु नै कलाकारको चतुरता हो। शीत गर्मीका चोट सही आफ्नो ग्राम्य जीवन यापना गर्ने भरियालाई पनि भोग विलासको तृष्णाले सताउँछ र दिनभरको परिश्रम मेट्ने केही समय पाउनासाथ सो भरियाले भोग विलासको तृष्णा मेटिहाल्दछ; जुनवेला उसले डोको बिसाउने फुर्सद समेत लिएको हुँदैन र त्यस्तो तृष्णा मेट्ने क्षणभरको समयलाई पनि उसले मधुर चाँदनी रात सम्झेको हुन्छ। महीनौं वर्षौं दिनसम्म भारी वोकी देश विदेश घुमी घर फर्कंदा त्यसवेलाको तृष्णा कस्ता हुन्छ; र ग्राम्य जीवनमा पनि समयको ठूलो मूल्य छ भन्ने कुरा यस काम श्रृङ्गारका कलामा झल्केकोछ। आध्यात्मिक दृष्टिकोणवाट मानसिक शत्रुमा प्रमुख काम, क्रोध, लोभ, मोह, मद, मात्सर्थ मानिएका छन् तापनि सांसारिक व्यवहारको दृष्टिकोणवाट हेर्दा तृष्णा तथा सृष्टिका सवै तत्वहरू यसैभित्र अनादि कालदेखि समावेश भै आएको कुरा प्रमाणित छ। तर कलाकार द्वारा नै मानवीय मनोविज्ञान यावत् जीवात्माका रहस्यहरू बुझ्नु परेकोले आध्यात्मिक मूर्तिको साथमा भौतिक कामकला समावेश गरी कला कलाको लागि होइन कला जीवनको लागि हो भन्ने प्रत्यक्ष प्रमाण दर्शाउनमा कलाकार सफल भएको कुरा प्रत्यक्ष या अप्रत्यक्ष दुवै रूपबाट सिद्ध भएकै छन् र हुनु पर्ने पनि यस्तै नै हो। कलाकारको भावना केवल बग्गीको घोडा जस्तो एकै रसमा मात्र लागेका हुँदैनन् मूर्ति द्वारा नै चरित्र चित्रण गरी देव मन्दिरको कुनै भागमा रौद्र रस प्रयोग गरी भैरवको विकराल मूर्तिले मन्दिर सिंगारेको पनि हुन्छ। कतै कतै भैरवका विकराल मूर्तिमा पनि श्रृङ्गाररस समावेश गरेको हुन्छ जस्तै भैरवको साथमा भैरवी र अङ्कमाल मुद्रा सहित गरी दुवै दम्पतिको मूर्तिमा मुस्कान ल्याउनु नै चरित्र अनुसारको कलामा सजीवता ल्याउनु हो। रौद्र रसले भरिने मूर्तिमा श्रृङ्गार भरेपछि कलाकारको ज्याभलवाट देवदेवीको युगल दृश्य मात्र देखा पर्न बाँकी रहला पनि भन्न सकिन्न। भैरव भैरवीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भमा कतै यक्ष यक्षिणी तथा अन्य देवदेवीका काम जगाउने यौवनले मत्त भएका श्रृङ्गार रसका द्वैतनृत्यका काष्ठ मूर्तिहरू पनि देखा पर्न थाल्छन् ।

ती काष्ठ मूर्तिहरूमा केवल कुबेरको ऐश आराम मात्र हैन खरको झुपडीको चरित्र चित्रण पनि त्यसमा हुनुपर्छ, तर आजसम्म देखा परेका मन्दिरका काष्ठ कलाहरूमा भरियाको बेफुर्सदी अवस्थाको एक चित्रण सिवाय कलाकारले काष्ठचित्र द्वारा गरीव दाउरेको पारिवारिक जीवनको समस्यापूर्ण चरित्र चित्रण कतै पनि गरेको देखिन्न । साँच्चिकै भन्ने हो भने काष्ठकलाको निमित्त साधन जुटाउने नै उही दाउरे हुन्, जसलाई वाघ भालु भन्दा पनि डर लाग्दो मृत्युको डर हुन्छ । इच्छानुसारको दाउराको जात रोजेर नगरमा बिक्री गर्नुछ, इच्छानुसारको मोल पाएमा पारिवारिक नून तेलको समस्या दूर हुन्छ, नत्र उही सियो उही धागो समस्याबाट कसरी उत्रिने? वर्लनु र उक्लनु दुर्गम पहाडी जीवनको जटिल समस्या हो । दाउराको असल जातको पहिचान गर्ने कलाकारबाट परिश्रमको कदर गर्नु त परै जाओस् सिगाने वच्चाको मुखमा मुस्कानको लहर भर्ने किसिमको मूल्य नपाउँदा दाउरेको मन सधैं रोइराखेको हुन्छ अनि दिनभरको बाटोमा दाउरा बेची कुनै दिन यथेष्ठ मूल्य पाई घर फर्कंदा उसको अवस्था कस्तो हुन्छ, त्यसवेलाको परिवारको भेटघाटको रूप कस्तो हुन्छ सो विचारणीय छ । निराकार दाउरा ल्याउने दाउरेको ता त्यस्तो समस्या हुन्छ भने निराकार वस्तुलाई साकार पार्ने ज्यालादारी कलाकारको समस्या कस्तो हुन्छ? कुह्माले जस्तै नै निराकार वस्तुलाई साकार रूप दिने काठमा विभिन्न रूप दिई मानवीय तथा जीव चराचर ईश्वरको रूप झल्काई चरित्र चित्रण गर्ने कलाकारलाई मामुली बाजीगर नसम्झी सृष्टिकार सम्झनुपर्छ । संगीत, वास्तु तथा स्थापत्य र मूर्तिकलामा मानोविज्ञानका तत्वहरू समावेश भएका हुन्छन्; तसर्थ कलाकार नै सृष्टिकारको दोस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूप भन्नुमा अत्युक्ति नहोला ।

कलाकारले नेपालको वन सम्पदाको अनुकूलतामा धार्मिक तथा सामाजिक स्थिति सुहाउँदो ढंगबाट काष्ठकलामा आफ्नु भावना व्यक्त गरेका छन् । नाट्य शृङ्गारको चहल–पहल देखाई मूर्ति सुहाउँदो मुद्रा कुँदी काष्ठ मूर्ति द्वारा प्राचीन नाट्य इतिहासको स्मरण गराउनमा काष्ठकलाका कलाकार सफल भएको देखिन्छ । नृत्य मुद्राका काष्ठ मूर्तिहरूमा काठमाडौं हनुमानढोकाको दरवार स्क्वायरको लाइनमा फलफूल पसलमाथिको टुँडाललाई नै अघि सार्न सकिन्छ जसमा कला-कारले युगल मूर्तिमा यौवनको यथार्थ रूप दिनुको साथै नृत्य शृङ्गार-द्वारा कलाप्रेमी दर्शकको हृदयमा ठूलो प्रभाव पारेको देखिन्छ । कला कारको हृदय भौतिक क्षेत्रमा मात्र हैन अध्यात्मको क्षेत्रमा पनि पुऱ्या-एको हुन्छ । प्रमाणको रूपमा लिन सकिन्छ दश अवतारका काष्ठमूर्ति, जसमा सृष्टि संहारका बीच परेका नव रसका झलकहरू कलाकारले दर्शाएका हुन्छन् । उदाहरणको रूपमा लिऊँ काष्ठमण्डपदेखि उत्तरी भागको अशोक विनायक सँगैको मन्दिर, जसमा कलाकारले एकै रंगको साधा मूर्तिमा पनि रौद्र रस झल्काई वराह र नृसिंहको चरित्र अनुसार-को रूप झल्काएको देखिन्छ । यसै सिससिलामा रंगीन मूर्तिमा चाँगु नारायणको मन्दिर यहाँ प्रस्तुत गर्न सकिन्छ, जसमा कलाकारले समावेश गरिएका दश अवतारका रंगीन मूर्तिहरू नेपाली कलाका परिचायक छन् । त्यसका सन्दर्भमा ललितपुर स्थित तुलजा भवानीको मन्दिरमा रहेका टुँडालका दशावतारका मूर्ति पनि काठका साना साना मूर्ति कलामा हुनुपर्ने कलाकारिताको गुणको परिचायक भएको छ; शक्तिका मन्दिरमा दश अवतार युग पुरुषका मूर्तिले सिंगार्नु पनि कलाप्रेमीका कम दूरदर्शिता होइन । यो मन्दिरको निर्माण कालमा शासकका भक्त र त्यस वेलाको सम्प्रदायमा राजा र प्रजाको अभिरुचि कस्तो थियो भन्ने सबै कुरा यस मन्दिरमा समावेश गरिएका काष्ठ मूर्तिबाट छर्लङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ । तर आज प्राचीन मूर्ति र वास्तुकलाको इतिहासले विदा लिन- आँटेको छ, अपशोचको कुरा छ यस्तो नहोस् । कलाको अन्त्य नै कलाकारको अन्त्य हो । कलामा "सजीवता भएसम्म कलाकार जीवित सम्झनुपर्छ । सत्यको खोजी गर्ने आजको विज्ञान युगमा ऐतिहासिक तथा जीवनका सार गर्भित तत्वहरू धरातलभित्र भासिँदै नजाओस् ।

विश्वमा नेपालीको पनि स्वत्ब कायम गरी विश्वका भावी सन्तानको निमित्त पनि कला र संस्कृतिको नयाँ नयाँ मार्ग प्रदर्शन गरी जीवनमा आइपर्ने अनेक व्यवधानलाई हटाई जीवनको नयाँ दर्शन तयार गर्नु नै मानवको ठूलो लक्ष हो, र यही लक्षबाट नै विश्वमा सार गर्भित षडैश्वर्यले सम्पन्न भएका कला र मानवत्वले भरेको युग सुहाउँदो संस्कृतिको प्रादुर्भाव भै साधारण चेतनशील मानवलाई पनि तत्वदर्शी बनाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिकला

मूर्तिकारको प्रतिभालाई लिएर मूर्तिकलाको विषयमा विश्लेषण गर्ने हो भने मूर्तिकारले आफ्नू कलात्मक भावनालाई प्रकृतिको हृदयभित्र पुऱ्याएको छ कि छैन भन्ने विषयमा अध्ययन गर्नुपर्छ र प्रकृतिका रहस्यमय कथाहरू ढुंगा अथवा काठहरूमा कसरी कोरिए भन्ने तर्कमा र प्रतिभाशाली मूर्तिकारको ऐतिहासिक पृश्ठभूमिमा सर्वप्रथम दृष्टि पुऱ्याउनुमै लाभदायक हुन आउँछ ।

साहित्यकारको दाँजोमा मूर्तिकार छ वा छैन भन्ने तर्क पनि कहिलेकहीं उठ्न सक्छ । यस विषयमा हामीले राम्ररी ध्यान दिनुपर्छ। जड वस्तुलाई प्रत्यक्ष रूपमा साकार पारी श्रोतागणको भन्दा दर्शकको हृदय खिच्ने शक्ति सफल मूर्तिकारसंग हुन्छ । साहित्यकार मुखबाट शव्दमा र लिपिद्वारा लिखित रूपमा आफ्नू मनको भाव व्यक्त गर्छन् भन्ने मूर्तिकार शिल्पकारहरू कपडा कागज ढुंगा काठ र भित्तामा माटाका भाँडा–वर्तन तथा अन्य कुनै वस्तुमा आफ्नू मनको भाव व्यक्त गर्छन् । प्रतिभाशाली मूर्तिकार तथा चित्रकारहरूको प्राकृतिक शृंगारमय मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा अरू विभिन्न किसिमका चित्र तथा प्रस्तर कलाहरूमा भएको सजीवताबाट नवोदित कलाकारलाई प्रतिभा जगाउने प्रेरणा मिल्छ । त्यस प्रेरणाबाट सत्यम् शिवम् सुन्दरम्ले भरिएका उत्साहवर्धक कलाको सिर्जना हुन्छ ।

कुनै किसिमको कलाद्वारा कलाकारको मनोभावना प्रत्यक्षरूपमा व्यक्त गर्न सक्नु नै कलाकारको सफलता हो । जुनसुकै मुलुकमा पनि कुनै किसिमका कलाकृतिको सिर्जना गर्दा सबैमा नभए पनि कुनै न कुनै चीजमा त्यस देशका जन–जीवनसित सम्बन्धित तत्त्वहरू घुसेका हुन्छन् तापनि कलाकारले भने ती जन–जीवनसित सम्बन्धित तत्त्वहरू घुसेको पत्तो पाँउँदैन ।

विश्वका विभिन्न कलामध्ये हाम्रो जन–जीवनसित सम्बन्धित नेपालको कुनै एउटा कला अघि सारौं । वास्तुकलाको एक खण्ड, सँझ्याल, जसमा नेपाली संस्कृतिका प्रतीक कलश, छत्र, चन्द्र. सूर्य आदि विभिन्न देवताका मूर्ति तथा गङ्गाका वाहन हिटिमंगल आदिसम्म पनि सभाविष्ट गरिएका हुन्छन् । वनसम्पदाले भरिएको प्रकृतिको सुमनोहर काखमा यति रांम्रा राम्रा वास्तुकलाका नमूनाहरू देखा पर्नु पनि प्रकृतिकै देन हो । यदि यहाँ प्रकृतिको छाप नपरेको भए नेपालको वास्तुकलामा त्यति राम्रा चराचुरुंगी र रूखका हाँगा, फूलका लहरा र पखेटा सहितका घोडा, हात्ती, नागकन्या र अप्सरा तथा देवदेवीका मूर्तिहरू देखा पर्ने थिएनन् होला । प्रकृतिको रंगमञ्चमा देखापर्ने विभिन्न पात्रमध्ये मानिस पनि एक हो तैपनि मानिसबाट सिर्जना हुने कलाकृतिमा केवल मानवाकृति मात्र समाविष्ट हुँदैनन्; कि रंगमञ्चलाई सिंगार्ने फूलका लहरा सुहाउँदा मयूर तथा गरुड र अन्य विभिन्न थरीका चराचुरुंगी पनि समाविष्ट हुन्छन् । अनि भौगोलिक राजनैतिक अवस्था र त्यसवेलाका संस्कृतिको के कस्तो रूप छ सो कुरालाई राम्ररी ध्यानमा राखी राजवंश र त्यसवेलाका जनताको अभिरुचि सुहाउँदो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढंगबाट ढुंगा अथवा काठ र माटोमा कलाको प्रादुर्भाव हुन थाल्छ। हिन्दूधर्मावलम्वीले भरिएको यस हिमवत्खण्ड नेपालमा विभिन्न शासकहरूको प्रादुर्भाव भए जस्तै विभिन्न संप्रदायको पनि प्रादुर्भाव भयो। यहाँ प्रादुर्भाव भएका विभिन्न संप्रदाय मध्ये शाक्त र शैव प्रमुख छन। सोही प्रमुख मानिएका शाक्त र शैव संप्रदायक पनि मिश्रित रूपमा देखिन्छ र कलामा पनि सोही किसिमबाट प्रभाव परेको देखिन्छ। यहाँ देखा परेका शिवमन्दिरमा देवीका काष्ठमूर्ति र बुट्टाहरूमा कतै साँढे कुँदिएको हुन्छ त कतै मयूरहाँस राजहाँस आदि कुँदिएका हुन्छन्। अनि यस्तै किसिमबाट देव मन्दिरहरूमा शैव मूर्तिहरू पनि कुँदिएका हुन्छन्। उदाहरणको रूपमा तीनै सहरका तुलजा मन्दिर र शिवजीका मन्दिरमध्ये ललितपुरको कुनै एक मन्दिरलाई लिन सकिन्छ।

मंगलबजारको विश्वनाथ मन्दिरलाईनै हेरे पनि हुन्छ। यस मन्दिरमा देखा परेका काष्ठमूर्तिहरूमा तन्त्रसंप्रदायका रहस्यमय तत्त्वहरू घुसेका छन्। यो मन्दिर राजा सिद्धिनरसिंहको कालमा बनेको हो। यसैको सन्दर्भमा आउँछ वास्तुकला र बुट्टाहरूमा शक्ति र पुरुषको मूर्तिको अनुपातमा स्थान हेरी वाहनले सिंगारिन्छन्। सर्वप्रथम लिउँ वाहनमा मयूर। कुमार तथा कुमारी दुवैको वाहन भएकोले र प्राकृतिक रंगमञ्चमा पनि यसको प्रमुख स्थान भएकोले मूर्तिश्रृंगार तथा वास्तुकलाका श्रृंगारमा मयूरले प्रमुख स्थान पाएको हुन सक्छ। मयुरका विभिन्न बान्कीले आभूषित झ्यालहरूमध्ये नामूद केही हुन्— काठमाण्डूको ठूलो घण्टासँगैको उमा–महेश्वर मन्दिरको सँझ्याल, वसन्तपुरको मयूर झ्याल, कुमारी गृहको झ्याल, तथा दत्तात्रेय पछाडिको गल्लीको झ्याल। नेपालमा तन्त्रसम्प्रदाय र कुमार तथा कुमारीको मूर्ति देखा परेपछि नेपाली कलामा मयूरले व्यापक स्थान पाएको हुन सक्छ। मयूरसहितका कलाहरू धेरैजसो मल्लकालमा देखापरेको जस्तो देखिन्छ। यहाँ देखा परेका कुमार तथा कुमारीका मूर्तिमध्ये मयूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाहन लिएको कुमारको मूर्ति कमै होला। बरु यहाँ कुमारी संख्या धेरै छन्।

नेपाली संस्कृतिमा चाहे बौद्ध संप्रदाय होस् या शैव संप्रदाय होस् दुबै संप्रदायमा कुमारको स्थान कम छैन। जन्मोत्सव अथवा अरू कुनै सांस्कृतिक चाडपर्वमा स्थानगणेशको पूजा गर्न पूजा सामान ली बाहिर प्रस्थान गर्दा सर्वप्रथम मूलढोका भन्दा केही पर लिपेको मण्डलाकार भुइँमा एक भाग पूजाको सामग्री भएको दुना कुमारलाई छाडी अनि मात्र गणेशको पूजा गर्ने चलन अद्यापि चलिरहेकै छ। तैपनि यहाँ कुमारीको भन्दा कुमारको मूर्ति कम देखा पर्छन् र दुवैको मूर्तिमा एउटै वाहन मयूर भएकोले र वास्तुपूजामा समेत मयूरको प्वाँख प्रयोग गरिने हुँदा नेपाली कलामा समेत मयूरको स्थान बढ्ता रहेको हो भन्ने पनि कसै कसैको धारणा छ। तर शक्ति–पूजा गरिने देशमा शक्तिको प्रतीकले वास्तुकलामा स्थान जमाउनु स्वाभाविक छ भन्ने तर्क सिद्ध हुन आउँछ।

कलामा शृंगाररस झल्काउन कलाकारले एउटा मयूरको सन्मुख पारी अर्को मयूर आकर्षक ढंगले काठमा कुँदेका हुन्छन्। अनि यस्तै किसिमबाट मयूर सहितका फूलका लहराहरू पनि प्राकृतिक शृंगारको रूपमा देखा पर्छ अनि त्यसवेला कलाकारको भावना सजीव प्रकृतिको रंगमञ्चमा पुगेको हुन्छ। प्रकृतिको रंगमञ्चमा पुग्न थालेपछि केवल मयूर मात्र देखा पर्दैनन्, त्यसका साथमा राजहंस तथा अरू गोचर हुन थाल्छन्। यस्ता मधुर मिलनका दृश्यहरू केवल काठमा मात्र होइन, ढुंगा तथा अन्य माटाका भाँडा वर्तन तथा धातुमा पनि देखा पर्छन्। उदाहरणको रूपमा लिन सकिन्छ सँझ्यालमा कुँदिएका चराचुरुंगीहरू। यो जतासुकै देख्न पाइन्छ। शृंगारले भरिएका युगल दम्पतिका मूर्तिहरूमा राधाकृष्ण, लक्ष्मीनारायण र उमामहेश्वर ऋद्धिसिद्धिसहितका गणेश विशेष उल्लेखनीय छन्। विभिन्न शैलीका मन्दिरले भरिएको यस देशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रतिश्रृंगारसम्पन्न जीवजन्तु पुतली इत्यादिका कलाले वास्तु तथा अङ्ग कलामा पुट भर्नु एक किसिमबाट स्वाभाविकै हो। तैपनि कलाकारले मूर्ति र स्थान सुहाउँदो गरेर श्रृंगाररस पोख्न सक्नु नै उसको सफलता हो। अरू यति मात्र हैन; कथालाई सत्य रूप दिंदा मूर्तिकारले कथा सुहाउँदो ढंगबाट काव्या जस्तै रस प्रयोग गरी दर्शक वर्गको मन आकर्षित परेको हुन्छ। अनि यस्तै किसिमले श्रृंगारको पुट भर्दै कलाकारले भैरवको जस्तो विकराल मूर्तिमा समेत भैरवीको मूर्ति कुँदी दर्शकको मन आकर्षित पारिदिन्छन्। उदाहरणको रूपमा सुन्दरीचोकको भैरव र भैरवी भएको युगल मूर्तिलाई लिन सकिन्छ, यहाँ देखापरेका विभिन्नकालका विभिन्न बानाका भैरव र भैरवीका मूर्तिमा कतै रौद्र र श्रृंगार, कतै शान्त र श्रृंगाररस झल्कन्छ। मल्ल सभ्यता तन्त्र शास्त्रमा उन्नत शिखरमा पुगेको र अर्कोतिरबाट विचार गर्दा रतिश्रृंगारतिर पनि ढल्केको देखिन्छ। फेरि प्राचीनकालदेखि नै नेपालमा चण्डीको ठूलो स्थान रहेको छ। सो कुरा लिच्छविकालदेखि लिएर शाहकालसम्ममा यहाँ देखा परेका अष्टमातृका षोडश मातृका, महिषमर्दिनी भगवती आदिका मूर्तिले बताउँछन्। देशरक्षाको निमित्त ठूलठूला पर्वतका गढ-हरूमा र अन्य विभिन्न ठाउँमा दुर्गाका विभिन्न थरीका मूर्तिको स्थापना गर्नु राष्ट्ररक्षाको निमित्त राजाको ठूलो देन हो। हिन्दू संस्कृतिको मर्या-दानुकूल नेपालमा तन्त्रशास्त्रको माध्यमद्वारा शासन चलेको प्रमाण देशका दुर्गम स्थानहरूमा विभिन्न रूपका दुर्गाको स्थापना, नगरमा तलेजूको स्थापना, पल्टनमा निशानपूजा आदिबाट सिद्ध हुन्छ। यसरी तन्त्रशास्त्रको माध्यमद्वारा शासन चलेको हुँदा नेपालमा विभिन्न शैलीका विभिन्न बानाका दुर्गाका मूर्तिहरू देखा पर्नु पनि स्वाभाविक भएको छ। एकातिरबाट वैदिक मर्यादा कायम गर्ने मूर्तिहरू देखा परे अर्कोतिर तन्त्रशास्त्रको मर्यादानुकूल शक्ति सम्प्रदाय सुहाउँदा मूर्तिहरूको प्रादुर्भाव भयो। जुनमध्ये सर्वोत्कृष्ट छ पूर्व एक नम्बर काभ्रेपलाञ्चोकको भगव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीको मूर्ति । यो मूर्ति रहेको ढुंगाको जात र मूर्तिको कुँदाइबारे विचार गर्दा के देखिन्छ भने कुँदाइमा कलाकार जति सफल भएका छन् घोटाइमा पनि उतिकै सफल भएका छन् । नेपाली मूर्तिकलाको अनुपम तथा आदर्श शैलीमा कतै केही खून नभएको चिप्लो कालो ढुंगामा कुँदिएको टलक्क टल्किने महिषमर्दिनी भगवतीको मूर्ति देख्दा त्यसमा झल्किएको कान्ति, लावण्य र यौवनको संमिश्रणले तथा मिहीनतासाथ कुँदिएका आभूषणको सजावटले मूर्तिकारको सफलता र विशेषता देखिन्छ । यस मूर्तिमा मूर्तिकारले शृंगार शान्त र रौद्र रसको समन्वय देखाएका छन् ।

यस मूर्तिमा रहेको महिषासुरको कुँदाइमा मूर्तिकारले रौद्ररस झल्काएका छन् । देवीको हिसी परेको मन्द मुस्कानमा शान्त रस झल्काएका छन् । देवीको गहनादेखि हतियारसम्मको कुँदाइमा समेत मुहारमा जत्तिकै मिहीनता देखिन्छ । कहीं पनि खत्रो नदेखिएको र यस मूर्तिको घेरामा रहेका बुट्टा र दैत्यको आकार प्रकार हेर्दा लिच्छविकालीन भन्न सुहाउँछ । त्यस मूर्तिमा कलाकारले काल सुहाउँदो विशेषता पोखेको छ । यसको अनुपम शैलीबारे विचार गर्दा मल्लकालीन मूर्तिकलाको नमूना भन्न सुहाउँदैन । यस मूर्तिको ढुंगा काली गण्डकीमा पाइने जस्तो कालो टलक्क परेको छ । यो मूर्ति प्रथम मानदेवकी रानी श्री विजय स्वामिनी-बाट स्थापना भएकोले यस मूर्तिको नाम विजय श्री दुर्गा रहेको हो भन्ने पनि कतै कतै सुनिएको मात्र हैन हिमवत्संस्कृतिबाट पनि प्रमाणित भएकै कुरा हो । इतिहास संशोधन मण्डलबाट पनि संशोधन ४७ संख्यामा मानदेव कालको भनी उल्लेख गरिसकेको छ । त्यस बाहेक भगवतीको मन्दिरदेखि तीन साढे तीन हातको फरकमा सोही मन्दिरको प्रांगणको दक्षिणी भागमा भत्केको सत्तलनिर देवता हाल्ने जलहरी जस्तो चारकुने ढुंगाको गदपीठमा दुई पंक्ति लिच्छविलिपिमा अभिलेख खोपेको छ । यो अभिलेख दुरवस्थामा पुगेकोले पढिएको छैन । हुनत यस मूर्तिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरातत्त्वका विशेषज्ञ पं. हेमराज शाक्यज्यूले यक्षमल्लको पालाको भन्नु भएको छ । तर कुनै प्रमाण उहाँले दिनुभएको छैन। कुनै कुनै मूर्तिकलाका मर्मज्ञ र केही बूढा पाकाहरूको भनाइमा यही सुनिन्छ कि पलांचोकको भगवती नालाभगवती र नक्साल भगवती एकै मूर्तिकारको हातबाट बनेका हुन् र यी मूर्तिहरूमा सानो र ठूलो खस्रो र चिप्लो देखिएको चाहिं कलाकारको हात काटिनुभन्दा पहिलेको र काटिएपछिकोमा केही फरकसम्म देखिएको हो । बूढापाकाको भनाइ वा दन्त्यकथा बमोजिम पलांचोकभगवतीको मूर्ति बनाउँदा मूर्तिकारको हात सद्दे थिए । यसपछि नाला र नक्सालका मूर्ति बनाउँदा राजाबाट मूर्तिकारको दायाँ हातको बूढी औंला, त्यसपछि क्रमश: अरू औंला पनि एवं अर्को हात पनि काटिंदा अन्त्यमा शुभाभगवती बनाउँदा खुट्टाको आधारबाट मूर्तिकारले भगवतीको मूर्ति निर्माण गरेका हुन् । त्यसो हुँदा अरू मूर्तिमा भन्दा अपूर्णता शुभाभगवतीको मूर्तिमा देखिन्छ र मूर्ति पनि सानो र घोटाइ पनि धेरै खस्रो छ भनिन्छ । कंकेश्वरीस्थानमा पीप्पलको रूखमुनि एउटा देवीको मूर्ति छ । यो मूर्ति शुभाभगवतीको मूर्तिसंग मिल्छ । यो मूर्ति बनाउँदा शुभाभगवतीकै अनुरूप केही ठूलो पारी बनाएको अनुमान हुन्छ । त्यसो हुँदा सो मूर्ति पनि उनै कलाकारको हो कि भन्ने लाग्छ । पलांचोकभगवतीको मूर्तिको बारेमा इतिहास शिरोमणि पं. बाबुराम आचार्यज्यूले यस्तो लेख्नु भएको छ "पशुपतिनाथको वर्तमान मूर्ति इ.स.१३८२ तिर बनाइएको देखिन्छ। यो मूर्ति बनाउँदा पुरानो मूर्तिको नमूना लिई बनाइएको हुनाले उस्तो राम्रो पारेको देखिन्न । लगभग यही बखतमा बनाइएको पलांचोकभगवतीको मूर्ति धेरै सुन्दर छ । यसैको नमूनामा बनेको नक्सालभगवतीको मूर्ति हो तापनि सौन्दर्यमा पलांचोकभगवतीको अनुरूप छैन" (कलाकार । अंक २–नेवारी भाषा–पृष्ठ ६). शिरोमणिज्यूले त्यस पलांचोकभगवतीको मूर्ति निर्माणकाल कुन आधारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३८२ लेख्नुभो वंशावलीहरूको कुन आधार स्पष्ट रूपमा दिनुभएको छैन; शायद शिरोमणिको लेख सार्दा सम्पादकले हतार मान्दा केही कुराको छूट पनि हुनु सम्भव छ। यस विषयमा गहिरो अध्ययन गर्नु बाँकी नै छ। सो पलांचोकभगवतीको मन्दिरका दायाँ बायाँ मूर्तिका केही भग्नावशेष छन्। ती मूर्तिहरू मल्लकालीन ढंगका छन्। तैपनि मूल भगवतीको अनुरूप र शैलीसँग मिल्ने खालका कुनै पनि छैनन्। नक्साल भगवतीको मुद्रा, शुभाभगवती र कंकेश्वरीनिरको भगवतीको ढुंगाको मुद्रा रंग समान देखिन्छ। नक्साल भगवती र शुभाभगवतीको मूर्तिमा एकरूपता देखिएता पनि नक्साल भगवतीको मूर्तिको पादपीठमा देवगणको केही समावेश गरिएको मूर्तिमा कोरापन झल्किएको छ। त्यसैले दन्त्यकथामा विश्वास नगर्ने हो भने यी खस्रा र अपरिमार्जित मूर्तिहरू लिच्छविकालभन्दा पहिले बनेका र पलांचोकको मूर्ति लिच्छवि शासनको प्रादुर्भाव भएपछि बनेको होला भन्ने अनुमान गर्न सकिन्छ। मूर्ति र कलाप्रेमी नेपालका राजाहरूले मूर्तिकारको हात काटे होलान् भन्ने विश्वास गर्नु पनि गाऱ्है लाग्छ। नेगेटिभ तयार भएपछि पोजेटिभ तयार गर्नु कुनै गाऱ्हो कुरा होइन। यसै सन्दर्भमा अरू शक्तिका मूर्तिलाई पनि यहाँ प्रस्तुत गर्न सकिन्छ। लिच्छविकालमा जति शक्तिका मूर्ति देखा परे त्यसको दुगुना मल्लकालमा देखा परेका होलान्, यसमा शंका छैन। लिच्छविकालीन मूर्तिको प्रतिस्पर्धामा मल्लकाली मूर्ति आउनु कलाक्षेत्रमा कम गौरवको कुरो होइन। सर्वप्रथम यहाँ प्रस्तुत गर्न सकिन्छ उपत्यकामा देखा परेका विभिन्न शक्तिका मूर्तिमध्ये भक्तपुर दरबारस्क्वायरको ढोकासँगै रहेको महिषमर्दिनीको मूर्ति। यो मूर्ति मल्लकालमा देखा परेका ठूलठूला साइजका मूर्तिमध्येको एक हो। आकार प्रकार यसमा झल्केको लालित्यबारे विचार गर्दा नेपालको शाक्त परम्परामा मल्ल शासक र कलाकारको देनको कदर गर्नुपर्ने देखिन्छ।

साहित्यमा भाषा शैली परिमार्जित हुनु आवश्यक परे जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलामा पनि पर्छ । यस मूर्तिमा कलाकारले शृंगार र रौद्र रसको-समन्वय देखाएको छ । एउटै ढुंगामा यसरी शरीरको बनावटमा हृष्ट पुष्टता र हतियारको कुँदाइमा मिहीनता देखाउन सक्नु नै कला-कारको सफलता हो । मुहारमा मुस्कान, यौवनमा हुनुपर्ने शारीरिक शृंगार चरित्र–अनुसारको मुद्रा नै यस मूर्तिका विशेषता हुन् । यसै साथमा ललितपुरको सुन्दरीचोक गैन्हीधारामा मूर्तिको पनि विचार गर्न सकिन्छ । यहाँ देखा परेका विभिन्न शक्तिका मूर्तिमध्ये एउटा मूर्ति छ योगिनीको; यी योगिनीका मूर्तिमा बीज पान गरिरहेको जस्तो गजब-को मुद्रा देखाएको छ र यसै मुद्रा वारे विचार गर्दा मन्दिर मन्दिरमा रहेका कामकलाहरू पनि तन्त्र शास्त्रकै आधारबाट बनेको हो कि भन्ने अनुमान गर्न सकिन्छ । मल्लकालीन मूर्तिकलाका वेजोड नमूनाको रूपमा सुन्दरीचोक गैन्हीधाराका विभिन्न मूर्तिहरूमध्ये मिहीनतासाथ धातुमा ढालिएका सुनको मोलम्मा भएको महिष–मर्दिनीको मूर्ति र ढुंगामा कुँदिएको महिषमर्दिनीको परिमार्जित मूर्ति नै यहाँ प्रस्तुत गर्न सकिन्छ। यी मूर्तिका अंगविन्यास न त्यसको साथसाथमा देखा परेका नाट्येश्वरको ताण्डवमुद्रावारे विचार गर्दा त्यस वेलाको कलाकारको भावना नाट्य-कलामा प्रस्फुरित भएको अनुमान सिद्ध हुन्छ । किनभने तीनै शहरमा देखा परेका चित्रको रूपमा कुँदेका काष्ठमूर्ति तथा उनका अनेक थरिका भाव भङ्गिमावारे विचार कलाकारको मन नाट्यकला तर्फ पनि दौडेको अनुमान प्रत्यक्ष रूपमा सिद्ध हुन्छ ।

नाट्येश्वरकै शैलीमा नाट्येश्वरकै ढंगमा १ पाउ साँढेमा कुल्वेको देवताको ताण्डवमुद्राको मूर्ति कुँदिएको छ । कमलको एकै आसनमा कुँदिएको सिंह साथै साँढेमा नाचिरहेको सो देवताको मूर्ति हेर्दा नाट्येश्वरले अर्धनारीश्वरको रूप लिएको अनुमान सिद्ध हुन्छ । यस मूर्तिको कमलासनमुनि वेताल लिएको सुतेको छ । सोही वेतालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तलतिर रहेको ढुंगाको पादपीठमा भूतप्रेत प्रमथ गणहरू बाजा बजाइ-रहेका रूपमा कुँदिएका छन् । साँढेमा एउटा पाउले टेकी दाहिने पाउ उचालेको छ । अठाह्र हातमा सबभन्दा माथिल्लो दाहिने हात नाटयमुद्रा-मा आफ्नै शिरमा उत्तानो पारी राखेको देखिन्छ, दाहिने तल्लोमा अभयमुद्रा देखिन्छ । शिव र शक्तिको एकै शरीरको यस्तो अर्धनारीश्वरको मूर्ति नेपालमा विभिन्न ठाउँमा देखा परे तापनि यस्तो नाटयमुद्राको मूर्ति कमै ठाउँमा देखा पर्लान् । यस मूर्तिलाई अर्धनारी सहितको नाटयेश्वर भने पनि बेठीक हुँदैन होला । किनभने सिंह र साँढे साथै भएकोले यो मूर्ति शिव शक्त्यात्मक भएको छ । यस मूर्तिको माथिल्लो भागमा रहेको अर्को नाट्येश्वरको मूर्तिमा धेरै हात भाँच्चिएका छन् । तल्लो चाहि खोपाको अर्धनारीश्वरमा भने ललितकलाको राम्रो प्रस्फुरण भएको देखिन्छ । यही किसिमको अर्को काष्ठकलाको नमूना कातिक डबलीको चार नारायणको मन्दिरको बाहिरी तोरणमा पनि देखिन्छौं । ढुंगाको मूर्तिमा कलाकारले जति लालित्य भरेका छन् त्यसभन्दा बढी मात्रामा अर्को कलाकारले काष्ठकलामा भरेको देखिन्छ । यस मूर्तिमा सिंह साँढे भने देखिन्न । यो मूर्ति सानु भएर पनि नागासनमा यसको मुद्रा आकर्षक भएर हिसी परेको छ । यसमा अनेक किसिमको रंग लगाइएकोले कोही–कोही यसलाई काष्ठचित्र पनि भन्छन् । तै पनि यसलाई काष्ठमूर्ति नै भन्न सुहाउने देखिन्छ । यसै सिलसिलामा अरू ताण्डव मुद्राका मूर्तिहरू पनि यहाँ प्रस्तुत गर्न ठीक होला, मंगल बजारबाट दक्षिणतिर हौगल टोलको छेउको वामन मन्दिरको बाहिरी तोरणमा एउटा काष्ठमूर्ति छ सो मूर्तिसँग सो मूर्ति ताण्डव मुद्राको शिवको रूप र मन्दिरभित्रको वामन मूर्तिसंग सो मूर्ति असम्बन्धित देखिएता पनि वामनको मुद्रा सुहाउँदो खालको छ र गहिराइमा विचारगर्ने होभने वामन हरि हो महादेव हर हो; तसर्थ हरिकोमन्दिरमा हरको नाटय मुद्राको मूर्ति देखा पर्नु अस्वाभाविक हुन सक्तैन; तुनगा भवानीको मन्दिरमा शिवजीको नाचेको ढंगको मूर्तिदेखा परे जस्तै शिवजीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिरमा शक्ति र गणेशका विभिन्न भाव भङ्गिमाका मूर्तिहरू काठमै भएपनि देखा पर्नु कदापि अस्वाभाविक मान्न सकिन्न नेपालमा अनादिकालदेखि विभिन्न कुराको विकास भएअनुसार नेपाल उपत्यकामा लिच्छविकालदेखि धेरैजसो ढुंगाको मूर्ति र मल्लकालमा काठको मूर्तिको विकास भएको देखिन्छ र ती काष्ठ, मूर्ति तथा विभिन्न बुट्टाहरू लिच्छवि कालमा नभएको भए मानगृहको उल्लेख पनि इतिहासमा हुँदैन थियो होला। तसर्थ काष्ठकलाको उन्नति पनि लिच्छवि कालमा भैसकेको हुनुपर्छ र सो कालका शेष रहेका कलाको नमूनाबाट मल्ल कालमा काष्ठकलाका विभिन्न बानाहरू देखा पर्नआएको हुन सक्छ र उपत्यकामा जुन बेला तल्ले छाना भएको मन्दिर देखा पर्न थाले त्यस बेलादेखि नै काष्ठमूर्तिका प्रादुर्भाव भएको अनुमान हुन्छ। ढुंगाको मूर्तिभन्दा काठको मूर्तिमा सफलता प्राप्त गर्न गाह्रो छ किनभने धेरैजसो काठका मूर्तिमा हात र हतियार सजाउँदा भाँचिने डर हुन्छ। हुनत ढुंगाको मूर्तिमा पनि कमसल जातको ढुंगा पऱ्यो भने त्यस मूर्तिको छोटो आयु हुन्छ। योग्य व्यक्ति नपाउँदा असल ग्रन्थको ह्रास भए जस्तै असल ढुङ्गा र असल काठ नपाउँदा कलाकारले पनि आफ्नू असल कीर्तिलाई गुमाउनु परेको छ। असल जातको ढुङ्गा पाउँदा मूर्तिकारको मन प्रफुल्ल हुन्छ–मन प्रफुल्ल भएपछि इच्छाअनुसारको मूर्तिको सिर्जना भै त्यस मूर्तिमा ईश्वर–को प्रतिविम्व परी दर्शकको मन आकर्षित पार्ने हुन्छ। कला–कारले जतिसुकै भौगोलिक कठिनाइसँग सामना गर्नुपरे तापनि विभिन्न पर्वतखण्डहरूमा ई आकर्षक मूर्तिहरू सिर्जना गरे। ती मूर्तिहरूमध्ये हामी सर्वप्रथम पलांचोकभगवती नै यहाँ उल्लेख गर्न सक्छौं। यति पानीको अभाव भएको पर्वतको टाकुरामा यति राम्रो विजयश्रीदुर्गाको स्थापना गर्नु पनि अद्भुतको कुरा हो। शायद उसबेला साधकहरू दुर्गमस्थानमा गएर नै ईश्वरबाट सिद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त गर्न हुँदा त्यस्तो ठाउँमामै दुर्गाको स्थापना गरेको हो कि अथवा पानीको अभाव भएको पर्वतको महत्व बढाउन स्थापित गरेको हो । यस्ता अनेकौं तर्क उठ्छन् । यसै संदर्भमा आउँछ दक्षिणकालीको मूर्ति । यस मूर्तिको निर्माण गर्दा कलाकारलाई पानीको समस्या त परेन होला किनभने यहाँ खोला नै बगेको छ । ठीक ठाउँमा गणसहितको मूर्ति स्थापना भएको छ । कालो जातमा केही फुस्रो देखिए तापनि यी मूर्तिहरूका ढुङ्गा पलांचोकभगवतीको मूर्तिको ढुङ्गा जस्तै असल देखिन्छन् । एकान्त समयमा यस मूर्तिको अध्ययन गर्दा हामी यस मूर्तिमा क्षण क्षणमै रूप परिवर्तन भएको जस्तो देख्तछौं । पहाडको खोंचमा आउने सूर्यकिरणको कोणपरिवर्तन ढुङ्गामा पर्दा सो भएको बुझिन्छ । यसरी प्रस्तरविद्या र घाम छायाँको यस्तो प्रयोग गरेको देख्दा नेपाली कलाकारको सीपको तारीफ गर्नु पर्छ ।

अन्धकारबाट प्रकाशमा जान शक्तिहीन कलिमा योगसमाधिद्वारा ईश्वरप्राप्ति गर्न गाह्रो पर्ने हुँदा मूर्तिपूजाको चलन चलेको हुन सक्छ । संसारमा ज्ञानयोग अथवा कर्मयोग जेसुकै होस् ती योगहरूमा ईश्वरीय गुणले सम्पन्न भएको कलात्मक गुण घुसेको हुन्छ, जसमध्ये हामी लिन सक्छौं कर्मयोगको अन्तर्गत रहेको पूजा । यी पूजामा ईश्वरको मूर्तिमा पूजा गरी कलात्मकता झल्काउनु भन्दा पहिले नै पूजाथालमा जोरजाम भएका सामग्रीले नै कलात्मकता झल्काइसकेका हुन्छन् र पूजामा पनि आत्मसंतुष्टि भै भक्तियोगतर्फ नयाँ चेतनाले स्थान जमाइसकेको हुन्छ त्यस बेला देवमूर्तिमा श्रृंगार भरी आत्मसंतुष्टि ल्याउनु सिवाय अर्को कुनै उपाय हुन सक्तैन ।

अनि त्यसबेला चन्दन सिन्दूर फूलले मूर्तिमा नयाँ-रूपदिंद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्छ भनी वाँछित नैवेद्य सिंदूर फूल वस्त्रले सजिएपछि वैभवशाली कलाप्रेमी भक्तहरूमा शृंगारसम्पन्न मूर्तिको अनुरूपमा अर्को मूर्ति बनाउने भावना उत्पन्न हुन्छ । अनि धातु, ढुंगा, श्रीखण्ड आदि काठहरूमा वस्त्र मुकुट फूलमाला आदिले सिंगारिएका मूर्तिहरूको निर्माण हुन्छ । नेपाली संस्कृति अथवा अरू जुनसुकै मुलुकका हिन्दू संस्कृतिमा पनि मूर्ति पूजाको क्रममा दियो कलस गणेशका पूजा गर्ने परम्परा त अद्यापि चलिरहेकै देखिन्छ र ती दियो कलस गणेशहरू मध्ये नेपाली संस्कृतिमा देखा परेको मूर्ति सहितको दियो नै लिउँ सो दियोमा बाहन सहित गणेशको मूर्ति समेत समावेश गरेको छ र सो वस्तुलाई हामी सुकुन्दा पनि भन्छौं र मूर्ति पूजाको विकास क्रममा एक थान सुकुन्दालाई पनि दून सकिन्छ किनभने यसमा नागछत्र सहितको गणेश दायाँ बायाँ सिंह अथवा छुचुन्द्रो अगाडि दाहु बत्ती बाल्ने भाग (खाल) परेको दियो गणेश पछाडि कलसको आकृतिमा रहेको तेलको भाँडो छ; र यसरी एउटै वस्तुमा विभिन्न थरीका कुराहरू समावेश भै मूर्ति पूजाको बिकास क्रममा नयाँ अध्याय बन्नु पनि नेपालको हिन्दू संस्कृतिको निमित्त कम महत्वको कुरा मान्नु हुन्न । नेपालको सांस्कृतिक चाडपर्वमा गणेशको मूर्ति सहितको सुकुन्दा मात्र देखापरेका छैनन् कि सुकुन्दाको सिलसिलामा भैरवको मूर्ति सहित घ्याम्पा तथा अन्य माटो र धातुका विभिन्न भाँडा बर्तन पनि देखा परेका छन् । अनि मूर्तिका हिसाबले सुहाउँदा अनेक बान्कीका आसन र बाहन पनि कुँदिन्छन् । त्यस आसनमा पनि विशेष गरी फूल नै बढ्ता कुँदिन्छन्; र फूलपछि मात्र अनेक किसिमका वाहनहरू कुँदिन्छन् । वाहनमा कहिले साँढे कहिले हाँस–जूर सिंह छुचुन्द्रो आदि पनि कलात्मक ढंगले देखा पर्छन् हामीलाई ज्ञानको जति आवश्यकता हुन्छ त्यतिकै मात्रामा शक्ति र धनको आवश्यकता पर्छ भन्ने कुरा महसूस गरी कतै काली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतै लक्ष्मी कतै सरस्वतीको मूर्ति बन्न थाल्छन् ।

सरस्वतीको मूर्तिको सन्दर्भमा हामी लिच्छविकालीन टंगल–को चोकभित्र भित्तामा टाँसिएको मूर्ति हेरौं । यो मूर्ति केही शताब्दी पहिले धालाछें टोलमा सिम्बाल काजीको घरसुनिको बारी-मा उमामहेश्वरको मूर्तिसङ्गै सजिएको थियो । पछि ती काजीको घर सर्दा सरस्वतिको मूर्ति त सारे, तर उमामहेश्वरको मूर्ति धेरै गह्रौं भएकोले सार्न सकेनन् र त्यहीं छाड्न परेको थियो । हाल सो मूर्ति ललितपुरको पुरातत्त्वको बगैंचामा सारिएको छ । उमामहेश्वरको मूर्तिभन्दा सरस्वतीको मूर्ति धेरै-धेरै सानो भए तापनि कलाकारले ढलौटको मूर्ति बनाउँदाकै जस्तो नियम पुर्‍याई उही रूपको मूर्ति ढुङ्गामा बनाइदिएको देखिन्छ । लिच्छविकालको ढलौटको मूर्तिबारे केही अध्ययन गर्न पाउनु नै खुशीको कुरा हो । त्यस मूर्तिमा मूर्तिकलाको राम्रो मौलिकता झल्केको देखिन्छ । लिच्छविकालीन मूर्तिहरूमा सूर्य विष्णु बराह आदि उल्लेखनीय भए जस्तै सरस्वती पनि उल्लेखनीय छन् । यस मूर्तिमा कला-कारले मुखमा पुरुष रूप र घाँटी भन्दा तल भने शक्तिकै यथार्थ रूप झल्काएको देखिन्छ । यसलाई अर्ध नारीश्वरकै रूप दिन खोजेको त होइन होला किनभने सरस्वतीको त्यस्तो स्त्री पुरुष संयुक्त मूर्ति कतै देखिएको छैन । त्यसैले यस मूर्तिमा पुरुषको रूप झल्कन गएको कलाकारको कमजोरीले हो जस्तो लाग्छ । सायद यो मूर्ति दिनुभन्दा पहिले कलाकारले उमामहेश्वरको मूर्ति कुँदेको थियो कि ? जे होस्, यो मूर्ति देख्नासाथ दर्शकलाई अद्भुत चाहि लाग्नेछ किन यस्तो भनेर । लिच्छविकालमा देखा परेका विभिन्न सरस्वतीका मूर्तिमध्ये काठ-माडौं रुद्रमति पारीका सरस्वती पनि एक हो । सो मूर्ति टंगल-को सरस्वती भन्दा ज्यादै राम्रो र मूर्तिको कुँदाइबारे विचार गर्दा कलाकारिता यसमा राम्रो झल्केको र मूर्तिको घेरामा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिमा लिच्छविकालीन अरू सरस्वती मूर्तिमा भन्दा बढ्ता विशेषतन पोखेको छ ।

मल्लकालीन मूर्तिमा भन्दा लिच्छविकालीन मूर्तिमा आभूषणको शृंगारमा कमी भए तापनि आकृतिक शृंगारमा धनी देखिन्छ । मल्लकालीन सभ्यतामा काम शृंगारको व्यापक प्रचार, र मूर्तिहरूमा शृंगार बढ्ता भए जस्तै लिच्छविकालमा देखा परेका केही मूर्तिहरूबाट लिच्छविहरूको मन पनि शृंगारतर्फ ढल्केको देखिन्छ । प्रमाणको रूपमा हरगौरी परिवारकै मूर्ति यहाँ प्रस्तुत गर्न सकिन्छ । यस मूर्तिबारे माथि उल्लेख भैसकेको छ । त्यस मूर्तिको बसाइको ढङ्गबारे विचार गर्दा रसिक कलाकारको भावना र मूर्तिधनीको भावना कामशृंगार तर्फ दौडेको देखिन्छ, अर्थात् यस मूर्तिमा महेश्वरको बायाँ हात उमाको वक्षस्थलमा पारिएको तथ्यलाई महत्त्व नदिई रहन सकिदैन ।

लिच्छविकालमा विभिन्न शक्तिमूर्तिका सन्दर्भमा सरस्वतीको मूर्ति देखा पर्नु त एक किसिमबाट स्वाभाविकै हो, किनभने हिन्दू संस्कृतिमा तीनै देवीको स्थान छ, जसमा शक्तिको निमित्त काली ऐश्वर्यको निमित्त विभिन्न बानाका लक्ष्मी र विद्याको निम्ति सरस्वतीको आराधना गरिने हुँदा हिन्दूको चाड पर्वोत्सव नव-रात्रि र तिहार वसन्त पञ्चमीको अनुकूलमा उपरोक्त मूर्तिहरू देखा पर्नु उचित देखिन्छ । कला विद्याको विकास गर्न सरस्वतीकै आराधना गर्नुपर्ने हुनाले वैदिक परम्परामा पालिएका लिच्छविहरूले उमामहेश्वरको साथै सरस्वतीको स्थापना गरेको हुन सक्छ । यस मूर्तिको साथै कुनै अभिलेख नभए तापनि कला शैलीबारे विचार गर्दा यी मूर्तिहरूको निर्माणकाल लिच्छविकाल भन्नु नै मिल्छ । लिच्छविकालीन वास्तुकला भेट्टाउन नसके तापनि विभिन्न ठाउँमा देखा परेका मूर्तिहरू र उनीहरूको कला प्रेम अंकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । नेपालको आफ्नै भाषा र साहित्यतर्फ लिच्छविहरूको राम्रो देन नदेखिए तापनि आर्यावर्तको प्राचीन संस्कृति भाषा तथा वैदिक संस्कृतिका कलाहरूमा भने निकै देन देखिन्छ । त्यसवेला लाछें टोलमा उमामहेश्वर तथा सरस्वतीको सँगै स्थापना भएकोले यही अनुमान गर्न सकिन्छ– एकादशीको भोलि या पर्सिपल्ट पर्न आउने प्रदोषको शुभ घडीमा उमामहेश्वर र सरस्वतीको आराधना गर्ने चलन भएकोले प्रदोष महिमालाई राम्रो मनन गरी उमामहेश्वर र सरस्वतीको स्थापना एकै ठाउँमा गरिएको हुन सक्छ भन्दछन् । त्रयोदशी लाग्ने दिनको सायंकालमा कैलाशमा अनेक किसिमका वाद्यवादन गरी देवगणबाट नृत्य–गीत आदिको कार्यक्रम हुन्छन् । यी कार्यक्रमहरू शिव पार्वतीकै नेतृत्त्वमा हुने भएकोले हरगौरी परिवारको मूर्तिमा पनि नाचेको मुद्राको गणेश, कुमारको मूर्तिसमेत एकै ढङ्गामा समावेश भै प्रदोषकालमा आराधना गर्न सुहाउँदो किसिमको हरगौरी परिवारको मूर्ति देखा परेको हुन पनि सक्छ, त्यस पर्वमा केवल गणेश कुमार मात्र नाच्दैनन् कि साथ साथै विष्णु आदि अन्य देवगण पनि नाच्दछन् भनिन्छ । यसैको आधारबाट नेपालमा विभिन्न संस्कृत नाटक र संगीतको निर्देशनमा अनेक देव देवीका नृत्यहरू तयार भएका छन् । अनि कलाकारले नर्तकी देव देवीका वेष भूषा सुहाउँदो किसिमबाट देवलका टुँडालहरूमा पनि उही उही किसिमका मुद्रा सहितका मूर्तिहरू तयार गरे । कुनै–कुनै मन्दिरमा मन्दिरको तोरणमा समेत नारायणको नृत्यमुद्राको मूर्ति पनि देखिएको छ । उदाहरणको रूपमा मङ्गलबजारको चारनारायण मन्दिरलाई लिन सकिन्छ । यस मन्दिरको पूर्वी भागको तोरणमा कुँदेको नारायण मूर्ति नागको फणामा नाचेको विचित्र ढङ्गको छ । यसमा धेरै हात भए तापनि केही हात खून भएको देखिन्छ । शिवजीले जस्तै नाट्येश्वरको रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएको विष्णुको यो मूर्ति दुर्लभ हो । पशुपतिनाथको मन्दिरको शैलीसङ्ग मिल्ने यस मन्दिरमा शिवजीको जस्तै नृत्य-मुद्राको मूर्ति देखा पर्नुमा केही कारण होला । त्यसको खोजी गर्ने काम बाँकी नै छ । प्रदोषकाल शिवजीको मनोरञ्जनकालो भएकोले त्यसमा विभिन्न देवताले भाग लिइदिएको देखाउँदा आफ्नो इष्टदेवताको बढी सन्मान भएको ठान्ने भक्तहरूको मनोविज्ञानको प्रभाव परेको हुन सक्छ । जस्तो कि हरगौरी परिवारका मूर्ति कतै मृदङ्ग तथा झ्याली आदि अन्य विभिन्न बाजा लिई नाचिरहेका देवगणका मूर्तिहरू सो मूर्तिको पादपीठमा कुँदेका पाइन्छन् । माथि हामीले उमामहेश्वर या हरगौरी परिवारका मूर्तिहरूबारे कुरा गऱ्या । त्यसलाइ आफ बढाइ पाइएका अरू उमामहेश्वरका मूर्तिहरूका पनि विचार गर्नु उचित होला देखा पर्न आएका विभिन्न शिवपरिवारका मूर्तिहरूमध्ये सर्वप्रथम ललितपुरकै लिउँ । पहिलो नम्बरमा आउँछ माथि उल्लेखित भंडारखालको (लिच्छविकालीन) मूर्ति । यस मूर्तिमा अरूमा भन्दा बढ्ता विशेषता भएको माथि नै भनिसकियो ।

त्यसपछि आउँछ टंगल गैह्लीधाराको हरगौरी परिवार यसमा आँखाको बान्की र नाकको बान्की हेर्दा मल्लकालीन भन्नु पनि अलि नमिल्ने र मूर्तिको घोटाइ चिप्लाइ हेर्दा पनि लिच्छविकालको भन्न सुहाउँछ । यस मूर्तिको चौडाई सानु देखिए तापनि मूर्तिमा झल्किएको शृंगार रस र मूर्तिको पादपीठमा कुँदिएका देवगणको मुद्रामा लालित्य झल्कन्छ । यस मूर्तिमा कुनै अभिलेख नदेखिएकोले जिज्ञासुहरूलाई यसको उमेर पत्ता लाउन गाह्रो पर्छ । साथै यो मूर्ति भित्ताको कुनामा राखिएको र बच्चाहरूले दिउँसो हिलो छ्यापी खेल्ने गरेकोले मूर्तिको अस्था चिन्ताजनक भएको । पानीले सफा गरी यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूर्तिको अध्ययन गर्दा यस मूर्तिमा पनि माथि भनेको उमामहेश्वरको मूर्तिको जस्तै छाता देखिन्छ । यसमा तल माथि चारैतर्फ देवदेवीको घेरा छ, मुद्राबारे विचार गर्दा पार्वतीले शिवजीको अडेसमात्र लिएको जस्तो देखिन्छ । आकार प्रकार र ढुङ्गाको जात फरक परे तापनि यसमा खोपेका बुट्टा र यसमा कुँदेका मूर्तिहरू हेर्दा ललितकलाको बल्दो प्रभाव यस मूर्तिले जनाउँछ । यसपछि हामी कान्तिपुर र ललितपुरका नै विभिन्न हरगौरी परिवारका मूर्ति लिन सक्छौं । सर्वप्रथम लिउँ नक्साल गैह्री धाराको हरगौरी परिवारको मूर्ति; जसको आकार र कुँदाइबारे विचार गर्दा लिच्छविकालको भन्ने अनुमान गर्न सकिन्छ । यसपछि लिउँ क्वालखुको मल्लकालीन उमामहेश्वर मूर्ति जसको आकार प्रकार केही भद्दा देखिए तापनि मूर्तिमा मल्लकालीन विशेषता झल्कन्छ । यो मूर्ति अमात्यहरूको कीर्ति भए तापनि मल्लकालीन अमात्यहरूले स्थापना गरेको जस्तो देखिन्छ । आजसम्म पनि यस मन्दिरमा बलि दिई गुठी चलाएकै छ । कलाको दृष्टिकोणले हेर्ने हो भने मल्लकलाको विशेषता यसमा झल्कन्छ । शिरको टुप्पोमा शिवलिंग र उमामहेश्वरको दायाँ बायाँ तल माथि चारैं तरफ देवदेवीको घेरा छ । यस मूर्तिमा कालो पालीस लगाए तापनि चन्दन सिन्दूरको दागले अलि फुस्रो देखिन्छ । यसमा भएको अङ्गढङ्गबारे विचार गर्दा यो मूर्ति चार धाम आदि तीर्थयात्रा गरी फर्केपछि बनेको अनुमान हुन्छ । हाम्रो गृहस्थाश्रमको परम्पराअनुसार तीर्थयात्रा गरी फर्केपछि प्रसादमा धागो सिन्दूर विभूत चन्दन र तामामा खोपेका देव प्रतिमा सहित गरी बाँड्ने चलन छ । सो प्रतिमाको आकार प्रकार हेरी त्यसको नमूनामा त्यो मूर्ति बनेको हो कि भन्ने पनि तर्क उठ्छ किनभने त्यो मूर्ति ठ्ण्डै-ठ्ण्डै चारधामको प्रतिमासङ्ग मिल्ने खालको छ । यस मन्दिरको द्वारमाथि रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तोरणमा काष्ठचित्रको रूपमा कुँदिएका दायाँ बायाँ बाजा लिएका देवता र बीचमा नाचिरहेको मुद्राको सेतो रङ्गको शिवजीको मूर्ति छ । सो मूर्तिको मुद्रा र रङ्ग विचार गर्दा कलाकारको भावना केवल मूर्तिकला तर्फमात्र दौडेको छैन लोक संस्कृति तथा प्राचीन नाट्य संस्कृतितिर पनि दौडेको छ भन्ने ज्ञात हुन्छ । त्यसपछि सौगलको हरगौरी परिवारको मूर्तिलाई लिउँ । जुन कि अहिले त्यहाँबाट ल्याई महापालटोलको बास्छें चोकमा सजाइएकोछ। त्यो मूर्ति ऋद्ध नृसिंहको सानु दरबारसङ्गैको ढुंगेधारामा सजिएको थियो रे पछि ढुंगेधारा पुरियो देउता चाहिं महापाल सऱ्यो । यस मूर्तिका पूजारी अझै मैथिलब्राम्हण छन् । संरक्षणतिर राम्रो ध्यान दिएको देखिन्न यो। मूर्तिको बालीलाई सौगल पूजाको बाली भनिन्थ्यो । माथि उल्लिखित क्वाल-खुको हरगौरी परिवारको केही छाप यसमा पनि परे जस्तो देखिन्छ । यसको चौडाइ क्वालखुको भन्दा सानु देखिए तापनि मुखआकृतिमा थोर बहुत मिल्छ ।

कलाकार उद्योगीहरूको पवित्रक्षेत्र यस ललितपुरमा देखा परेका टुटे पानी र ढुंगेधाराहरूको बारेमा पनि अध्ययन धेरै गर्नु छ किन भने यी दुवै वस्तुमा ललितपुरका कलाकारहरूले प्रेम साथै कलाको नमूना छाडेर गएका छन् । अविच्छिन्न बहने निर्मल जलधारा नै धा-राको शोभा हो; उसमाथि धारामा गङ्गाको प्रतीक हिटी मङ्गल कुँदिनु र धारामुनि भगीरथ इत्यादि कुँदिनु धारामाथि देवमूर्ति र धाराका दायाँ बायाँ शिवलिङ्ग र हरगौरी परिवारका मूर्तिहरू कुँदिनु नै हिन्दू संस्कृतिमा भिजेका नेपाली कलाकारहरूको ठूलो देन हो । तर, धाराका कुरामा पनि हाम्रा हरगौरी परिवारलाई नतानी भएन, किनभने हरगौरी परिवारका मूर्तिहरू यस्ता ढुङ्गेधाराहरूमा प्रशस्त देखिएका छन् ।

ललितपुरका टोल–टोलमा नै ढुङ्गेधारा देखिन्छ । जस्तो सौ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लगको गैह्रिधारा र (अहिले पुरिए तापनि) लामलको ढुङ्गेधरा तथा सौगल पछाडी थैनाटोलको (थपाहिटी) ढुङ्गेधारा जसमा शिवलिङ्ग र अरू देव मूर्तिका सन्दर्भमा हरगौरी परिवारका शृंगारमूर्तिसमेत रहेका छन् ।

यहाँ देखा परेका विभिन्न मन्दिरका हरगौरी परिवारका मूर्तिमा भन्दा ललितपुरका गैह्रीधाराका चकलाभित्र रहेका हर र परिरका मूर्तिमा मूर्तिकारले भक्ति रसमा भन्दा रति–शृंगारमा वढ्ता जोड दिएको पष्ट देखिन्छ। यस्ता मूर्तिहरूमध्ये हामी नमूनाको रूपमा देखा को ७ ओटालाई औंलाउन सक्छौं ।

१ आलुको गैह्रीधाराका मल्लकालीन ढङ्गका द्वादशलिंगको घेरा भएका हरगौरी परिवार, २ कुम्भेश्वरको गैह्रीधाराका (लिच्छविकालीन ढङ्गका) हरगौरी परिवार, ३ टङ्गल गैह्री धाराको मूर्ति, ४ थैना थपाहिटी गैह्रीधाराको मूर्ति, ५ नागबहाल गैह्रीधाराको मूर्ति, ६ तापाहिटी गैह्रीधाराका मूर्ति, ७ लगनटोलको कसाँहिटोलको ढुङ्गेधाराको] मूर्ति । तीमध्ये यो पछिल्लो उमामहेश्व कोमुर्ती ढुङ्गा चिप्लो नदेखिए तापनि यसमा झल्केको शृंगारस भण्डार खालको मूर्तिसङ्ग तुलना गर्न सकिन्छ किन भने यस मूर्तीना पनि शिवजीको हात पार्वतीको वक्षस्थल–मै पुगेको देखिन्छ । गैह्रीधारा कुम्भेश्वरको हरगौरी परिवारोकैं मूर्तिमा ललितपुरका विभिन्नकालका अरू गौरीशङ्कर पारिवारक मूर्तिमा भन्दा विचित्रता झलकन्छ । टङ्गल गैह्रीधाराको मूर्ति जस्तै यस मूर्तिमा पनि शक्तिको शृंगारमुद्रा झलकन्छ । रसिकहरूको निमित्त यो मूर्ति कम प्रभावकारी छैन । यी मूर्तिमा शिवजीक १ हात भाँचिएकोले केही भन्न सकिन्न तर भोगविलासको दृष्टिकोणबाट पार्वतीको अङ्गचाँहि निकै प्रभावकारी देखिन्छ, यी युगल मूर्तिमध्ये पार्वतीको वक्षस्थलमा कीराहरूले लापरवाहीसाथ स्तनपान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको देखिन्छ र साथसाथै मूर्ति नरहेको भागमा पनि कीराले खाई त्यस मूर्तिको चारौंतरफका ढुंगाहरूमध्ये कतै–कतै गोलाे चक्रको रूप झल्केको छ । ढुङ्गाको यस्तो श्रृंगारमय मूर्तिलाई छयाबटे पार्ने कीराहरूको बारेमा पनि अनुसन्धान हुनु परेको छ । यी मूर्तिको शिरो भागमा फूलमाला र अर्घ लिएका देवगण र पादपीठमा बाँसुरी मृदंग आदि बाजा बजाई नाचिरहेका देवगणको मुद्रा-पनि अन्तभन्दा आकर्षक देखिन्छ । यी युगल मूर्तिमा एकातिर पार्वतीको पाउ दाबिरहेकी देवी र कहीं साँढे र कहीं अन्य देव–गणहरू समावेश छन् । साहित्यिक कृतिमा जस्तै यी मूर्तिमा पनि मूर्तिकारले आफ्नु कलाकुशलताको राम्रो परिचय दिई कुँदाइमा परिमार्जित कुँदाइ दर्शाएको छ । धेरै जस्ता ढुङ्गेधाराहरूमा यस्ता शैलीका हरगौरी परिवारको मूर्ति रहनुमा अवश्य एउटा रहस्य हुनुपर्दछ । धाराको शोभा प्रशस्त पानी निस्कनु हो भने त्यतिकै शोभा त्यसमा आउने आगन्तुक पनि हुन् । त्यसैले युवक युवतीहरूलाई आकर्षित पार्ने आगन्तुक सुहाउँदो ढंगबाट यहाँ रति–श्रृंगारले, रंगिएका उमामहेश्वर परिवार सहितको मूर्ति देखा परेको हो कि ? कला, श्रृंगार तथा भक्ति यी तीन विषयमध्ये जुन-सुकै दृष्टिकोणबाट हेरे पनि यी मूर्तिहरू ठाउँ सुहाउँदा छन् । साँच्चिकै भन्ने हो भने यी गैह्रीधाराका आभूषण नै श्रृंगार र भक्तिरसले भरेका मूर्तिकला हुन् ।

यस्ता मूर्तिहरूको अध्ययन राम्रै गर्ने हो भने ढुंगेधाराको मात्र खोजी गरेर मात्र पनि अध्ययन सफल हुने होइन । यसका सन्दर्भमा मन्दिर तथा अरू कुनै देव थलभा र चोकभित्र पाटीको खोपामा, बाटामा कतै घरका पिंढीमा स्थापना गरेका उमामहेश्वरका परि–वार सहितका मूर्ति पनि हेर्नुपर्छ । तीमध्ये कतै कुमारको सुमेरु परिक्रमाको झलक पनि दर्शाएको हुन्छ । उदाहरणको रूपमा क–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहालको मल्लकालीन उमामहेश्वरकै परिवार लिउँ । यो मूर्तिको नर्माण गर्दा दुई दृश्य प्रस्तुत गरिएको देखिन्छ । पहिलो सुमेरु परिक्रमा जसमा कुमारले सुमेरु परिक्रमा गर्न कैलाशबाट बिदा हुन लागेका छन् । दोस्रो त्यस मूर्तिको पादपीठमा कैलाश परिवारको नाच गान वाद्य भएको देखाइएको छ । त्यसैले यो पनि माथि भने जस्तै प्रदोषको साँस्कृतिक कार्यक्रमको दृष्टिकोणबाट विभिन्न देवगण सहित गरी कुँदेको जस्तो देखिन्छ ।

नेपाली मूर्तिकलाको इतिहासमा केवल शिवकै मूर्ति मात्र जतिसुकै अध्ययन गर्दै गए पनि सकिँदैन । नेपालमा सबभन्दा पहिला मूर्ति पूजाको प्रचलन पनि शिवलिंगबाटै शुरु भएको अनुमान हुन्छ । शिवलिंगको कुँदाइमा परिमार्जित भएपछि कतै एकाननेश्वर नामले एक मुखे शिव र कतै चार मुखे आदि मूर्ति पनि देखा परे होलान् । अनि १८ पुराण तन्त्र शास्त्र तथा वेद र संहिताको ध्यान श्लोकको आधारबाट कतै कतै शक्तिसहितका शिवमूर्ति र त्यसका सन्दर्भमा दम्पति र कैलाशका अरू परिवार समेत भएका मूर्ति पनि देखा पर्न थाले । मूर्ति कलाको शुरूआत किरातकालदेखि भएको भन्ने इतिहासमा सुनिन्छ तापनि अङ्ग प्रत्यंग सहितका मूर्तिकलाको तथ्य प्रमाण नेपाल उपत्यकामा उस्तो पाइन्न । भन्नुको कारण यही छ कि यहाँ देखा परेका किरात राजा यलम्बरहाङ्को पदाध खण्डित मृगस्थलीमा रहेको सो राजमूर्ति र आर्यघाट मृगस्थलीमा देखा परेका विरूपाक्षकी माता आर्यादेवीको मूर्तिबाहेक अरू पाइएको छैन ।

यलम्बरहाङ्को राज प्रतिमामा प्राचीन सभ्यताअनुसार होला शिरमा मुकुट र कुण्डलबाहेक अरू कुनै आभूषणले शरीर सिंगारिएको देखिन्न । यो प्रतिमा उभिरहेको राजसी मुद्रामा छ । कम्मरमा पेटी हो वा मणिजडित कुनै गहना हो तर खिइसकेकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्णयमा आउन सकेन । कुँदाइ र मुद्राबारे विचार गर्दा किरात-कालीन जस्तो देखिन्छ तर यसको अर्कै कुनै तथ्य प्रमाण चाहिं पाइँदैन । किरात राजमाता आर्यादेवीको प्रतिमा चाहिं आर्याघाटमा मृगेश्वरसंगै छ । त्यसको आकृति र बसाइको ढंग र पोशाकहरू हेर्दा किरातकालीन भन्न सुहाउँछ; किनभने यसमा मल्लकाल, लिच्छविकालको जति विकसित गहना र पहिरन देखिंदैन । जुन कालमा जस्तो सभ्यता थियो त्यस सभ्यताको प्रभाव मूर्तिकलामा पर्छ । त्यसैले यहाँ देखा परेका किरात प्रतिमामा समेत त्यस–बेलाको सभ्यताका केही झलक देखा परेको हुन सक्छ । नेपाल उपत्यका बाहिरका पहाड पर्वतहरूमा बाहेक नेपाल उपत्यकामा पनि किरातकालीन देवमूर्तिहरूको खोजी हुनु बाँकी नै छ । किरातकाल–को शिव देवमूर्ति मानिएको धरानको बूढा सुब्बाको ढिस्को पनि निराकारै छ । स्वस्थानी कथा अनुसार शिवजीले किरात रूप लिएको गौरीघाट माथिको किरातेश्वर पनि कोही–कोही किरातकालीन हुन् भन्छन् । कोही कोही किरातहरूको इष्टदेवता भएकोले यसलाई किरातेश्वर भनेका हुन् र यसको स्थापना पनि किरातकालमै भएको हुनुपर्छ भन्ने पनि छन् । माथि वर्णन गरेको एलम्बरहाङको राज प्रतिमामा पनि अर्को तर्क उठ्तछ । नेपालको प्राचीन इतिहासमा अहीर वंशी गोपाल वंशीको सिलसिलामा हेर्दा बढी ऐतिहासिक देन भएका किरात वंशलाई देखेर प्राचीन इतिहासको सम्मान खातिर लिच्छविहरूले त्यस बेलाको कस्तो सभ्यता थियो त्यही सभ्यताको अनुरूपमा त्यस प्रतिमाको स्थापना गरिदिएको पनि हुन सक्छ । किनभने प्राचीन–कालदेखि नयाँ शासकहरूले प्राचीन पथ प्रदर्शकहरूको कदर गर्दै आएको कुरा इतिहासले बताउँछन् । किरातकालमै त्यस प्रतिमाको निर्माण भएको हो भने त्यसको अनुरूपमा किरातहरूबाट निर्माण भएका मूर्तिहरू यस उपत्यकामा अरू कहीं कहीं त देखा पर्नु पर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो। आर्यादेवी र एलम्बरहाङ्को सालिक सिवाय अन्त कतै किरातकालीन राजमूर्ति या देवमूर्तिहरू देखा नपरेकोले यी पनि किरातकालपछि किरात ढंगको सालिक यहाँ स्थापना गर्न ल्याएको भन्ने माथिको शंका गरिएको हो।

प्राचीन परम्पराअनुसार नेपालमा पिता पुर्खाको सालिक प्रतिमा अथवा उनको नाउँबाट शिवलिंग स्थापना गर्ने र बौद्ध मार्गमा भए चैत्य स्थापना गर्ने परम्परा अद्यापि चलेकै छ। यही परम्पराले गर्दा त्यहाँ अरू देवमूर्तिभन्दा शिवलिंगको स्थान बढ्ता देखिन्छ। शिवलिंगपछि शिव र शिव शक्तिको युगल मूर्ति त्यसपछि कैलाश परिवार सहितको मूर्ति अनि त्यसपछि शिवांशले पूर्ण भएका विभिन्न भैरवको तथा नाटचेश्वरको मूर्ति आदि देखिन्छन्। सालिकको रूपमा स्थापना गर्ने मूर्तिहरूमा केवल शिव मात्र स्थापना भएका छैनन्। कतै–कतै पाटीका भित्तामा उमामहेश्वर लक्ष्मीनारायण आदिका मूर्ति पनि उपत्यकाका विभिन्न टोलहरूमा देखा पर्छन्। तर शिवलिंग शिवमूर्तिको अनुपातमा सालिकको रूपमा स्थापना भएका अरू देवताका मूर्ति कम छन्। मृत व्यक्तिको शवलाई दाह गरी खरानी संस्कार भैसकेपछि त्यस दाह स्थलमा कल्याण मूर्ति शंकरको शरीरमा लीन होस् र मर्ने मान्छेको पुनर्जन्म नहोस् भन्ने हेतुले शिवलिंग बनाई पूजा गरी फर्कने चलन पनि नेपालमा छ। यसै सन्दर्भमा वार्षिक क्रियापछि मृत व्यक्तिका नाउँबाट शिवलिंगको स्थापना गर्छन् र कसै कसैको चाहिं एकै चितामा दम्पतिसहित परलोक भएका आमा बाबुको नाउँबाट उमामहेश्वर र लक्ष्मीनारायणको मूर्ति सत्तल पाटीहरूमा स्थापना गर्छन्। कुनै कुराको प्रायश्चित स्वरूप पनि शिवलिंग स्थापना गर्ने चलन पनि छ जस्तो राजा प्रतापमल्लले रजस्वला नभएकी कन्या केटीहरूलाई बिगारेको त्यसको प्रायश्चित्त स्वरूप शिवलिंगको स्थापना पशुपति क्षेत्रमा गरेको छ भन्ने कुरा वंशावलीमा लेखेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मल्ल राजाहरूले यस्तै आफ्नू विलासिताबाट अनेक पापको काम हुन गएकाले प्रायश्चित्तको रूपमा धेरै देवदेताको स्थापना गरेका छन् । तिव्वतमा ठूलो मान र धन प्राप्त गरी नेपाल फर्कने राजभक्त काजी भीममल्ललाई स्वदेशमा हत्या गर्दा पछि प्रायश्चित स्वरूप भीममल्लको नाउँबाट राजाले एटखाटोलमा भीमभक्तेश्वर स्थापना गराए । यसरी मल्ल शासकहरूमध्ये कुनै कुनैबाट देशको शासनमा धक्का पुऱ्याई नैतिक पतन गरेमा पनि धर्मकै डरले भए पनि राष्ट्रिय संस्कृति तथा कलातर्फ योगदान भएको कुरा मान्नैपर्छ । यसरी पुराना राजाहरूले थापेको शिव मन्दिर र अरू किसिमको शिवमन्दिरमा विभिन्न प्रकारका शिवलिङ्गहरू देखिन्छन् . त्यसमध्ये सबभन्दा अनौठो शिवलिङ्ग वनकालीमा अघोरीको समाधीमा राखिएको नै छ । त्यो अर्घ शिवलिङ्गको टुप्पामा जटा फिजाएको मूर्ति पनि हुँदा अचम्मको देखिन्छ । मूर्तिकारहरूको परिश्रम र कौतुक–बाट उपत्यकामा र उपत्त्यका वाहिर अरू पनि धेरै किसिमका शिवलिङ्ग तथा शिवजीका विभिन्न थरीका मूर्तिहरू देखा परेका छन् । तर साँढेमाथि रहेको शिव र दम्पति मात्रको मूर्ति कतै देखिएको छैन; खोजी गर्नु बाँकी नै छ । शिवमूर्तिका सन्दर्भमा पनि शिववाहन साँढेको विशेष उल्लेख गर्नुपर्ने देखिन्छ किनभने ती मन्दिरमा, डबलिमा गैह्रीधारामा, थापेका विभिन्न शिवमूर्तिको अगाडि र कतै शिवजीकै प्रस्तर कलाहरूमा पनि कोरिएको कुँदिएको र कतै खोपिएको साँढे नै पाउँछौं । अझ फेरि त्यही साँढेको पीठमा समेत शिवलिङ्गको बान्की पारिएको पाउँछौं ।

स्वाभाविक देवताहरू मध्येका ठूलो परमेश्वर महादेवको वाहनमा बूढो साँढेलाई प्रधानता दिनु आश्चर्यको कुरा हो, तापनि विद्वान्हरूले यस विषयमा केही तर्क पेश गरेका छन् । "शिव संहारनायक भएकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि स्थिति प्रलयका कारण धर्मदेवता शिवको साथ बस्छन् । शिवजीलाई बोकी विभिन्न स्थान अथवा विश्व घुम्नु परेकोले धर्म-देवताले "साँढेको रूप लिएको हो" भन्दछन् । धर्मदेवताको गुप्तरूप सिद्ध महर्षिहरूले यसलाई मानिएका छन् । धर्म–देवताका चार पाउ छन् । ती चार पाउ हुन्, १ ज्ञान, २ त्याग, ३ सत्य, ४ क्षमा । यी ४ पाउमा एक मात्र नभए पनि धर्मको अङ्ग शिथिल हुन्छ र शिवको आगमनमा धक्का पर्छ अर्थात् राम्रो काम हुँदैन ।

भगवान् शङ्करले ध्वजामा पनि साँढे नै राख्नु भएको छ । शिव को अर्थ कल्याण पनि हो । जहाँ धर्म रहन्छ त्यहाँ शिव हुन्छ । जहाँ सत्य हुन्छ, त्यहाँ शिव रहन्छ । सत्य र शिवको समागम भएपछि गंगा यमुनाको संगममा सरस्वती प्रकट भए झैं सुन्दर पनि स्वयम् प्रकट भै सत्य र सिवको शक्ति धर्ममा स्थायी भै रहन्छ । शिवको मूर्तिलाई साँढेले सिंगारिए झैं मन्दिरलाई पनि सिंगारिएको छ । श्री पशुपतिनाथकै मन्दिरलाई लिउँ । यस मन्दिरको पूर्वी भागको तस्वीरले हामीलाई जति प्रभाव पार्छ त्यसभन्दा बढी मात्रामा ठूलो नन्दी देखिने वृषभले पश्चिम ढरबाजाको तस्वीरले प्रभाव पार्दछ ।

यस मन्दिरको शृंगार नै यही साँढे हो भन्न सकिन्छ । हिन्दू संस्कृतिमा प्राचीनकालदेखि नै साँढे र गाईलाई स्थान दिएको कुरा प्राचीन मुद्रा र गो–यात्राबाट प्रमाणित भएको छ । साँढेलाई धर्मको प्रतीक र गाईलाई पृथ्वीको प्रतीक अनादिकालदेखि नै मान्दी आएको कुरा हो । ईश्वरलाई कुनै वस्तु नैवेद्य आदि समर्पण गर्दा अथवा अरू कुनै ईश्वर सम्बन्धी कार्य गर्दा धेनूमुद्रा प्रदर्शन गर्ने चलन वैदिक सम्प्रदायमा छ; यसै कारणबाट लिच्छवि कालदेखि आजसम्मका राष्ट्रिय चिह्नमध्ये कुनैमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट साँढे र गाई देखा परेको हुन सक्छ । लिच्छविकालीन राष्ट्रिय मुद्रामा र आजको शाहकालीन राष्ट्रिय मुद्रामा गाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखा परेको छ । प्राचीनकालदेखि नेपालमा देखा पर्न आएका राष्ट्रिय मुद्रा तथा राष्ट्रिय कागज पत्रहरूमा र अरु कुनै राजकीय चिह्न-मा परेका त्रिशूल र तरवार खुकुरीबारे विचार गर्दा शिव रशि-वशक्तिकै माध्यमद्वारा राष्ट्रिय संस्कृतिको उत्थान भएको देखि-न्छ । मूर्तिको परिचय दिने विभिन्न हात हतियारहरूमध्ये त्रिशूल, तथा तरवार, खड्ग आदि हुन् । हाम्रो संस्कृतिमा यी हतियारले ठूलो प्रभाव पारेका छन् । निराकार र साकारमा रहेको देवताका स्थलहरू-मा कतै कतै हतियारद्वारा नै शक्ति र पुरुषको परिचय पाइन्छ ।

अज्ञानले गर्दा जड भैरहेका अविकसित मानवजातिलाई ईश्व-रको परिचय गराउने साधनहरूमध्ये एक किसिमको प्रमुख साधन कलाकार हो । निर्जीव वस्तुलाई सजीवताको रूप दिई मानवजा-तिको मस्तिष्कमा परिवर्तन ल्याउन सक्नु नै कलाकारको सफलता हो । मानवजातिमा हुनुपर्ने विभिन्न ऐश्वर्य मध्यको प्रमुख ऐश्वर्य कला हो । त्यस कलामा पनि युग र सभ्यता सुहाउँदो किसिम-बाट दैवी मूर्तिको निर्माण गरी मूर्तिकारले मानवजातिलाई स्वर्गीय सुखको अनुभव गराई नयाँ मार्गको प्रदर्शन गराउँदै आएको छ । प्रतिभाशाली कलाकारको देनबाट विश्वले नेपाली जनजीवनको परिचय पाएको छ । परिवर्तनशील संसारमा जतिसुकै राम्रो कला-पूर्ण वस्तु पनि घामपानी आदि प्रकृतिको प्रभावबाट बिस्तार बि-स्तारै नाश भै नै रहन्छ । त्यस्तोमा सुरुमै राम्रो दृष्टि पुऱ्याउन सकिएन भने कला--कृतिको अस्तित्वसमेत मेटिने डर हुन्छ । उदा-हरणको रूपमा किलउँ – ललितपुर मङ्गल बजारको तुलजाभवानी-को मन्दिर र श्री भीमसेनको मन्दिर ललितपुरमा प्रमुख मानि-एका यी मन्दिरहरूको र काठमाडौंको हाँडी गाउँको धुम्वराहको मन्दिरको कुन अवस्था छ, जसमा पिप्पल उम्रेर पिप्पलको रूखले सो लिच्छविकालीन धुम्वराहको मूर्ति छोप्ने अवस्थामा सो मन्दिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुगिसकेको छ। साथै सोही हाँडीगाउँको वेणिमाधवको मन्दिर पनि सोही अवस्थामा छ। साथै सोंठ टोलको श्रीकृष्णजी दुई तल्ले मन्दिरको पनि कस्तो दुरवस्था छ हेर्नेले मात्र बुझ्छ; मन्दिरका दुरवस्थाले गर्दा मूर्ति पनि सुव्यवस्थित रूपले बाँकी रहला भन्न सकिन्न। आफ्नू राष्ट्रभित्रको मूर्तिकलाको अनुसन्धान गर्न विदेश जान नपरोस् भन्ने प्रत्येक स्वाभिमानी नेपालीलाई लाग्छ। त्यसमा सरकारले दृष्टि दिनुपर्छ। केवल इँटैइँटले बनेका लम्बे गोलाकार तले छाना भएका मन्दिरहरू पनि यहाँ छन्। तर ती 'थिए'का अवस्थामा पुगिसक्न आँटेका छन्। जस्तो सुनधाराको मन्दिर छ। घाँस र पिप्पलले गर्दा मन्दिरको अवस्थामा छैन। यसभित्र रहेको उमामहेश्वरको मूर्तिबाट नेपाली कलाको राम्रा परिचय पाइएता पनि मन्दिरको अवस्थाबाट भने नेपाली संस्कृति र कलाको समेत हत्या भएको देखिन्छ। विभिन्न मन्दिर बौद्ध बिहारहरू धमाधम नष्ट हुंदै संस्कृति र इतिहासलाई विदा दिंदै छन्। नेपाली कला प्रेमी प्रत्येकको कर्तव्य हो--साथै पुरातत्व विभागको पनि कर्तव्य हो हाम्रा प्राचीन कला कृतिहरूलाई बचाउनु।

[नेपाली त्रैपाक्षिक. पूर्णाङ्क २८ बाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काष्ठ मूर्ति

संसारका सबै समाजको सम्प्रदाय एउटै छैन। कोही ईश्वर-लाई अल्ला भनि पुकार्छन् त कोही ईशा भनी पुकार्छन्। कोही बुद्धको आराधना गर्छन् भने कोही प्रेतको आराधना गर्छन्। कोही भूतको आराधना गर्छन् भने कोही सूर्यको। नेपाली बौद्ध बिहा-रहरूमा सूर्य विष्णु इन्द्र शिव भैरव आदिको मूर्ति पाइएकोले एशियाका तमाम हिन्दू धर्मावलम्बीहरूको निमित्त नेपालको धार्मिक सहिष्णुता नमूनाको रूपमा देखा परेको छ।

विश्वका विभिन्न मतावलम्बीहरू मध्ये भूत पिशाचको आरा धना गर्नेदेखि लिएर शिव विष्णु आदिको आराधना गर्ने पर्यन्त हाम्रो यस हिमंवत्खण्ड नेपालमा नभएको होइन भन्ने प्रमाणको लागि यहाँ देखा परेका मसजिददेखि लिएर गुम्बा मन्दिर चैत्य आ-दिलाई यहाँ प्रस्तुत गर्न सकिन्छ। ब्रह्माण्डका स्रष्टा सर्वशक्तिमान् निराकार ईश्वरका दृष्टिमा भोटे, लामा, पादरी, अंग्रेज, मुसल-मान, शाक्य, ब्राह्मण तथा अन्य सबै मतावलम्बीहरू समान छन्। संसारमा जन्मेका यी सबै सम्प्रदायीहरूले सम्प्रदाय सुहाउँदो ईश्वरीय रूपको आराधना गरी आफ्नू लक्ष्य पूरा गर्दछन्।

वास्तवमा मार्ग धेरै भएपनि सबैको लक्ष त एउटै हो, आ-खिर जहाँबाट गए पनि उही ज्योतिमा लीन हुनजाने हो; तदर्थ यस नश्वर संसारमा मानवले आराधना गर्ने ईश्वर वास्तवमा नि-राकारै मानिएता पनि ईश्वरको नजीक नपुगेसम्म साकार मूर्तिकै आ-राधना गरी आफ्नू अन्तस्करण शुद्ध पार्नेको संख्या पनि कम छैन। अनि यस्ता मानवजातिले ईश्वरको ज्योतिर्मय मूर्तरूपलाई आफ्नू नजीक पार्न धरातलभित्र रहेका धातु अथवा माटो र ढुंगाकै सहयोगबाट ईप्सित मूर्ति प्राप्त गरी मानवकलाकार आफ्नु कार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिद्ध गर्छन् । ईश्वरको सृष्टिबाट देखा पर्न आएका जीवनका सबै साधन वस्तुहरू कलाका अङ्ग बनी अन्त्यमा ईश्वरमै लीन भैहाल्छन् र ती वस्तुहरू ईश्वरको इच्छाबाट फेरि संसारमा देखा पर्दै पनि गर्छन्; अनि ईश्वरका प्रतिरूप बनी सृष्टिकारको रूपमा खडा हुन आएका मानव कलाकारका करकमलबाट सत्वगुणी, रजोगुणी, तमोगुणी चराचर जीवका चरित्रहरू प्रस्तर कलाको रूपमा र अन्य विभिन्न थरीका धातु तथा माटो र काठहरूमा पनि ईश्वरको विभिन्न रहस्यमय तत्त्वले सहित भै वास्तु तथा स्थापत्य र अन्य विभिन्न रूपमा देखा पर्छन् ।

ईश्वरको सृष्टिमा देखापर्न आएका उपरोक्त सबै गुणका चरित्रहरूको चित्रण गर्न कलाका तत्त्वदर्शीहरूको आधारबाट नवोदित कलाकारहरू अघि बढ्दै जान्छन् र सिर्जनाको क्षेत्रमा ती कलाकारहरू कहिल्यै तृप्त हुँदैनन् । अनेक थरीका आकांक्षाले गर्दा कर्मयोगमा रहन उनलाई बाध्य पर्न आउँछ । अनि चाहे स्वर्गीय सुखको कामनाले होस् अथवा धनकै कामनाले होस् जुनसुकै शृंगारात्मक वस्तुलाई पनि उ ईश्वरमय देख्दछ र प्राचीन आध्यात्मिक गणित शास्त्रका मर्यादानुकूल रेखा द्वारा ईश्वर तथा मानवका अनेक आकृतिहरू कोर्न थाल्दछ । ईश्वरको प्रतिबिम्ब जब ती आकृतिहरूमा पर्छ अनि कलाकारका भावना पनि प्रस्फुरण हुँदै जान्छ र भावीसन्ततिको निमित्त उसले नयाँ मार्ग प्रदर्शन गरिदिन्छ । कलाकारका शुद्ध भावनाबाट सर्वशक्तिमान् ईश्वरको मूर्त रूप झलकने ढुंगा माटो धातु काठ आदि मध्ये सर्व प्रथम लिउँ काठकै मूर्ति; ढुंगामा जति कलाकारले ईश्वरीय चरित्रको यथार्थ रूप झलकाएको हुन्छ त्यस भन्दा बढी काष्ठ मूर्तिमा झलकाएका हुन्छन् । वास्तवमा काष्ठ मूर्ति कम मात्रामा पुजिने भए तापनि मूर्ति कलाको इतिहासमा काष्ठ मूर्तिको स्थान कम छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै मन्दिरहरूमा पुजिने देवताहरू धातु ढुंगा तथा माटाका मूर्तिनै वर्ता पाउँछौं तर यहाँका धार्मिक चाडपर्वहरूमा देखापर्ने मूर्तिहरूमा भने धेरै मात्रामा काठकै पाउँछौं र ती काठका विभिन्न वानाका मूर्ति मध्ये सर्वप्रथम यहाँ प्रस्तुत गर्नु पर्ला भैरवकै मूर्ति; सो भैरवको मूर्ति धेरै जसो इन्द्रयात्रा पर्वमा र मत्स्येन्द्र नाथको रथयात्रा पर्वमा टोल टोलमा देखा पर्दछन्; अनि धार्मिक विधानअनुसार वर्ष वर्षमा परिआउने भयानक हैजा र अरू रोग शोक आदि हटाउने शक्ति भएका भैरवप्रति भएको नेपालीको आस्थाअनुसार पूजामा मांस मद्य आदि संमावेश गरी सांस्कृतिक परम्परा चलाउँछन् । आजसम्म देखा परेका विभिन्न वानाका मूर्तिमध्ये कुनै कुनै भैरवका मूर्तिले विमान चढी विभिन्न मुलुकको यात्रा गर्ने सौभाग्य पनि पाइसकेका छन् । यहाँ बाँकि रहेका भैरवका मूर्तिमध्ये रंगीन र विकराल भैरवको मूर्ति यहाँ प्रस्तुत गर्न सकिन्छ ।

सोही भैरवको मूर्ति वर्षको एक पटक चालाछें टोलमा प्रदर्शन आजसम्म पनि भएकै छ। यसमा भएको चित्रकारिता र कुँदाइबारे विचार गर्दिहेरेमा सफल कलाकारको कलाकौशल झलकेको यसमा पाइनेछ । यो मूर्तिको चित्र देखनासाथ हाम्रो सामुन्ने मत्स्येन्द्रनाथको रथयात्रा दृष्टि गोचर हुन आउँछ र यस्तै खालका अरू काठका भैरव मूर्तिबाट पनि इन्द्रयात्रा पर्व र मत्स्येन्द्रनाथको रथयात्रा दृष्टिगोचर हुन आउँछन् । यी बाहेक पाटन र पशुपतिमा देखापरेका उन्मत्त भैरवका मूर्ति पनि लिन सकिन्छ । यी मूर्तिहरूमा झलकेको भैरवको उन्मत्ततावाट हास्य रसको बोध हुन्छ । मल्लकालमा यस्ता विकराल र सबै अंगले परिपूर्ण गरी यस्ता अदभुत ढुङ्गाका मूर्ति तयार गरेकोमा केही रहस्य अवश्य हुनुपर्छ । शिवालयमा नंगा कामेश्वरको मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखा परेकोमा र उन्मत्त भैरवको स्थापना भएकोमा केही कारण हुनुपर्छ र यसको खोजी पनि हामीले राम्ररी नै गर्नुपर्छ। टुँडालको बाहेक पशुपतिनाथका घेरामा प्रायः ढुंगाका मूर्ति पाउँछौं तापनि यहाँ देखा परेको एउटा ठूलो उन्मत्त भैरवको मूर्तिमात्र धातुको भएकोले सो मूर्तिलाई प्रतिस्पर्धाको रूपमा बनेको अनुमान सिद्ध गर्न सकिन्छ। हुनत यहाँ कृतिमुखको मूर्ति पनि नभएको होइन तापनि सो मूर्ति ढुंगाको भएकोले पर्व पर्वमा मात्र धातुको मूर्तिले ढाक्ने गरेको देखिन्छ। सधैं प्रदर्शित भैरवका धातुको मूर्तिमा उन्मत्त भैरवनै मान्न सकिन्छ। यहाँ देखा परेका माटो धातु काठका भैरव मूर्तिमध्ये यस मूर्तिलाई नमूनाको रूपमा प्रस्तुत गर्न सकिन्छ।

मन्दिरभित्र रहने मूर्तिहरू साकार मात्र पाउला पनि भन्न सकिन्न। कतै कतै निराकार ढुंगामा पूजा गरिएको पनि पाउँछौं त कतै कतै मन्दिर नभएका स्थानहरूमा पनि एउटा मूढो हाली पूजा गरेको पाइन्छ, ठूलठूला पर्वमा अलंकार सहित सो ढुंगालाई मूर्त रूप दिई सांस्कृतिक परम्परा चलाएको पनि प्रशस्त मात्रामा नभएको होइन तापनि मन्दिरभित्रको परिचय दिन कलाकारले द्वारमा द्वार माथिको तोरणान: र मन्दिरका चारौं तरफ रहेका टुँडालहरुजस्ता चित्री मूर्तिको परिचयार्थ सो मूर्तिसित संबन्धित विभिन्न बानाका मूर्तिले सिंगारिएका हुन्छन्।

विभिन्न सम्प्रदायीले भरेको यस देशमा भीमसेनलाई भैरवको रूपमा बली दिई पूजा गरेको पाउँछौं र भैरवको मूर्ति पनि भीमसेन मूर्तिसंग मिलेकोले भीमसेनको मन्दिरमा कलाकारले भैरवलाई स्थान दिएको प्रमाण शैव तन्त्रबाट सिद्ध भएकै छ।

युगका प्रत्येक कल्पना सृष्टिपछि पृथ्वीमा वर्ता भार लागे पछि संहारको आवश्यकता पर्न आउँछ अनि शान्त रूप लिई पृथ्वीको पालन गर्ने देवतालाई पनि भयानक रूप लिई संहार कार्यमा भाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिनुपर्ने आवश्यकता पर्न आउँछ र अनि शत्रु पक्षमा मायाले छोप्न लक्ष्मी केवल ऐश्वर्यको नायिकाको रूपमा मात्र नरही वैष्णवी मायाले छोप्न वैष्णवी रूपले उक्त कार्य गर्न थाल्दछन् । अनि वैष्णवीको रूप सुहाउँदो किसिमबाट विष्णुले पनि भयानक रूप लिन थाल्छ र विष्णुले लिएको सो भैरवको रूपको परिचयार्थ साथमा गरुडको मूर्ति समावेश भै राखेको हुन्छ । उपत्यकामा देखा परेका विभिन्न बानाका भैरवका काष्ठ मूर्ति मध्ये ललितपुरकै दरवार एरियाभित्रको मूल चोककै मूर्ति यहाँ प्रस्तुत गर्न सकिन्छ । काष्ठ मूर्तिहरूमा यस्ता ढंगका भैरव मूर्तिहरू कुँदिनुमा कलाकार–को विशेष देन भएकोले र काल सुहाउँदो गरी नाट्य संस्कृ–तिका अनुकूलमा विभिन्न मुद्रा सहितको काठको भैरव तथा देवी-का मूर्तिहरू कुँदिनुमा कलाकारको विशेष देन छ भन्नुमा दुई मत हुँदैन होला । यी मूर्तिहरूबाट नृत्यलाई धेरै प्रेरणा मिलेको देखि-न्छ । तुलजा भवानीको मन्दिर भएको सो चोकमा शिव, भैरव तथा अष्टमातृकाका मूर्तिहरू तुलजाभवानीको मन्दिरसंग सम्बन्धित छन् । यही सन्दर्भमा हामी उपत्यकामा देखा परेका विभिन्न थरीका भीमसेनका मन्दिर मध्ये ललितपुरकै भीमसेनको मन्दिरलाई अघि सारौं, जसमा विभिन्न बानाका भैरव मूर्तिले सिंगारिएका छन्; ती विभिन्न बानाका भैरव मूर्तिहरूमा शक्ति पनि समावेश गरिएका छन् सोही मूर्तिहरू मध्ये कुनैमा गरुड कुनैमा बँदेल आदि वाहन छन् । भीमसेनलाई भैरवको संज्ञा दिई बलि सहित पूजा गरिने सो मन्दिरमा विभिन्न बानाका भैरव मूर्तिले सिंगारिनु पनि कला तथा सांस्कृतिक क्षेत्रमा कम महत्त्वको कुरो होइन । कुनै क्षेत्रमा भी-मसेनलाई साधारण क्षेत्रीको रूपमा मानेतापनि महाभारत कालको संहार काण्डमा विशेष हात भीमसेनको देखिएकोले भीमसेनको मूर्ति निर्माण गर्दा कलाकारले दुःशासन बध सहितको मूर्ति निर्माण गरिदियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतमा भीम शब्दले भयानक भन्ने अर्थ बुझाउँछ । भीमसेनको मूर्ति र भैरवको मूर्तिबारे विचार गर्दा भैरवको विकराल मूर्तिसँग भीमसेनको मूर्ति थोर बहुत भए पनि मिल्न आउँछ: कुनै कुनै भागमा भीमसेनलाई केवल भैरवको मात्र संज्ञा नदिई भगवान शङ्करको रूपमा पनि पूजा गरेको पाइन्छ: उदाहरणको रूपमा लिन सकिन्छ दोलखाको भीमसेन, जसलाई विहान भीम भैरवको रूपमा बलिसहित गरी पूजा गरेतापनि मध्यान्ह कालमा सात्विक पदार्थले पूजा गरेका पाउँछौं र सात्विक पूजाको साथमा जलधारा सहित रुद्री पाठ समेत गरेको पाउँछौं । यसबाट देखिन आउँछ कि भीमसेन शिवको अष्ट मूर्ति मध्येको एक र द्रौपदी चण्डीको अंश यदि शिवको अष्ट मूर्ति मध्येको एक मूर्ति भीमसेन नभएको भए चण्डीको अंश द्रौपदीमा नभएको भए भीमसेनको मन्दिरमा शक्ति सहितको भैरवको काष्ठ मूर्ति टुँडालमा देखा पर्ने थिएन, जुन मन्दिरमा विभिन्न बानाका भैरव मूर्तिका धेरैको संख्यामा शक्ति सहितको गणेशलाई दुई स्थान दिएका छन् मन्दिरको तल्लो तल्लाका पूर्वी भागमा सुनको मोलम्मा लगाएको र अर्को दक्षिणी भागको दोस्रो तल्लामा काष्ठ मूर्ति नै छन् । उक्त दुईतिरका शक्ति सहितका गणेशका मूर्ति श्रृंगार रसले भरेका अङ्कमाल मुद्राका छन् र अरू धेरै जस्ता मूर्तिहरू भैरवकै छन्; माथिल्लो तल्लाका पश्चिमी भागमा चाहीं भैरवी छन् । अरू भागमा चाहि भैरवकै मूर्ति धेरै संख्यामा पाउँछौं । सो भैरवको काष्ठ मूर्ति भएको उक्त भीमसेन मन्दिरको दक्षिणी भागको तल्लो तल्लाको टुँडाल मुनि कृष्णमन्दिरमा जस्तै भीमसेनका चरित्र र छानोलाई थाम्ने टुँडालमा रहेका भैरवी बारे विचार गर्दा कलाकारको सांस्कृतिक अनुराग सो मूर्तिमा झल्किएको प्रत्यक्ष देखिन्छ । मन्दिर भित्र रहने मूल देवताको मूर्तिसँग सम्बन्धित मूर्तिले मन्दिर सि–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गार्नु नै कलाकारको कला कुशलता हो। भीमसेनको मन्दिरमा भैरवको मूर्ति सिंगारे फैं श्री पशुपतिनाथको मन्दिरमा द्रौपदी सहित-को पञ्चपाण्डव तथा राम लक्ष्मणका मूर्तिले सिंगारेका छन् । एकातिरबाट भगवान् शंकरलाई वैष्णवहरूमा अग्रगण्य मानिएका छन् त अर्कोतिरबाट अष्ट रुद्र र एकादश रूद्रमा प्रमुखमा पनि मा–निएका छन् । त्यस अर्थले भीमसेनको मूर्ति सहितको पञ्चपाण्डव र द्रौपदीको मूर्तिलाई स्थान दिएको हुन सक्छ र वैष्णवमा अग्रगण्य भगवान् शंकरलाई मानिआएकोले शंकरमा भएको विष्णु भक्तिको ज्वलन्त उदाहरण दर्शाउन कलाकारले नारायणका २४ अवतारमध्ये एक अवतार भगवान् रामको मूर्ति पनि त्यस मन्दिरको एक भागमा हनुमान् सीता लक्ष्मण सहित समावेश गरियो। यस आर्यावर्त नेपालको सांस्कृतिक परम्परामा भिजेका मूर्तिहरूमा चार मुखे बिष्णु मूर्तिलाई नै लिन सकिन्छ । यसमा, शिवजीको जस्तै जलहरि र लिंगकै ढंगमा विष्णु मूर्ति कुँदेकोले शिवजीको र विष्णुको एक-रूपता त्यसमा झलकेकोले नेपाली संस्कृतिमा हरिहरको प्रमुख स्थान छ भन्नसकिन्छ । विष्णुको मन्दिरमा शैवरूप र शिवमन्दिरमा विष्णुका अनेकौं रूपमध्ये एकरूप भएपनि देखा पर्नु कदापि अस्वा-भाविक मान्न सकिन्न ।

श्री पशुपतिनाथको मन्दिरका टुँडालहरूमा रहेका विभिन्न काष्ठ मूर्तिहरू मध्ये गणेशको मूर्ति पनि हिसि परेकै छ; र बाजा लिई बसिरहेका मुद्रामा उभिरहेको मुद्रामा कलाकारले ठीक ठीक ठाउँ सुहाउँदो गरी रंग पनि मिलाएकै छ र कतै भगवान् शंकरको शान्त मूर्ति कतै अन्य देव देवीहरू हृष्ट पुष्ट रूपमा कुँदी मूर्ति सुहाउँदो रंग मिलाई मन्दिरमा प्रदर्शन गर्नु नै कला मर्मज्ञहरू–को देन हो किनभने मन्दिरका भित्री मूर्तिसंग सम्बन्धित मूर्तिहरू ठीक ठीक ठाउँमा प्रयोग गरी पुण्य क्षेत्रका यात्रीहरूको हृदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रफुल्लित पारी दिएकोले सो मन्दिरलाई अमरावतीको प्रतिरूप मान्न सकिन्छ; जुन मन्दिर शान्त सुन्दर स्वच्छ वातावरणमा पुण्यात्मा-हरूको हृदयलाई प्रफुल्लित पार्न खडा भै राखेको हुन्छ।

भगवान् पशुपतिनाथको मन्दिरको प्रांगणमा देखा परेका विभिन्न थरीका मूर्ति मध्ये कोही राजसीपूजा द्वारा सन्तोष पार्ने मूर्ति छन् त कुनै सात्विक पूजाले खुशी पार्ने यी सबै मूर्ति मध्ये प्रमुखता श्री पशुपतिनाथ नै मान्नुपर्छ; भगवान् पशुपतिनाथका मन्दिरमा सात्विक पदार्थले नित्यपूजा गरे तापनि महीना महीनामा हुने विशेष पूजामा पञ्च मकार सहित पूजा गरेको पाइन्छ। वास्तवमा मन्दिर भित्र वलि दिने होइन तापनि महास्नान पर्वको पूजाकालमा चाहिँ कृतिमुख भैरवको मूर्तिदेखि श्री पशुपतिनाथ–को मूर्तिसम्म एउटै धागो गरी कृतिमुख भैरवमा वलि पूजा गर्ने चलनबाट यही कुरो देखिन आउँछ कि श्री पशुपतिनाथमा बलि पूजा पनि चल्छ र भीमसेनको मन्दिरमा भैरव समावेश गरे कै पशुपति नाथको मन्दिरमा भैरव र पञ्चपाण्डव आदिका मूर्तिपनि त्यसैले देखा पर्न आएको हो भन्ने प्रमाण सिद्ध हुन आउँछ। यदि शिवको अष्टमूर्ति मध्येको एक मूर्ति भीमसेन नभए-को भए शिव मन्दिरमा भीमसेनका मूर्ति देखा पर्ने थिएन धर्म देवताको शिवत्त्वको अंश युधिष्ठिरमा भएकोले वायुको शिवत्त्वको अंश भीमसेनमा र इन्द्रको शिवत्त्वको अंश अर्जुनमा भएकोले अश्विनीकुमारको शिवत्त्वको अंश नकुल सहदेवमा भएकोले भगवान् पशुपतिनाथको मन्दिरमा देवताको रूपमा पञ्चपाण्डवलाई स्थान दिएको हुन सक्छ। द्वापर युगको महाभारतकालमा पौ–राणिक महर्षिहरूले द्रौपदीलाई रणचण्डी मानिआएको कुरा पनि कसैमा छिपेको छैन। तसर्थ युग युगमा देखापर्ने युग पुरुषहरू र शक्तिका मूर्तिलाई मन्दिरका विभिन्न भागमा स्थान दिनु पनि कला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्मज्ञहरूको निमित्त कम दूरदर्शिता होइन र सो मन्दिरमा देखा परेका काठ तथा धातुका मूर्तिहरू जम्मै शिवजीसंग सम्बन्धित छन् । एकातिर राम लक्ष्मणका मूर्तिहरू रहेकाले शिवजीको पुरानो रामभक्ति स्पष्ट हुन्छ ।

किनभने रामायणमा शिवले रामको प्रशंसा गरेको र रामले शिवको प्रशंसा तथा रामेश्वर स्थापना गरेको कुरा उल्लेख भएको छ । तसर्थ योगीलाई आनन्द दिने रामका मूर्ति, योगी नायक भगवान् शंकरको मन्दिरमा समावेश गर्नु कुनै आश्चर्यजनक कुरो होइन । ती मन्दिरका चारैं तरफ रहेका काष्ठ मूर्तिहरूमा कलाकारले आफ्नोपन कलकाई स्वाभाविकता ल्याएको देखिन्छ । एक एक मन्दिरमा यसरी स्वर्गीय वैभवका सारतत्वहरू समावेश गरी भावी सन्ततिको निमित्त पथ प्रदर्शन गर्नु नै कलामर्मज्ञहरूको निमित्त ठूलो देन मान्न सकिन्छ । महाभारतकालमा नेपालको श्लेश्मान्तक वनमा आई अर्जुनले पाशुपतास्त्र प्राप्त गरी वीरत्व प्राप्त गरेको कुरा पनि पौराणिक इतिहासबाट अलग्गिएको छैन; तसर्थ यी सबै कुराको ख्याल राखी कलामर्मज्ञ राजाहरूको मनोविज्ञान बुझी कलाकारले मन्दिरमा ज्ञानयोग र कर्मयोग सुहाउँदो गरी शिवत्व दर्शाउन उक्त मन्दिरमा देव देवी तथा पञ्चपाण्डव र भगवान रामको काष्ठ मूर्ति समावेश गरिएको हो भन्ने प्रमाणलाई प्रत्यक्ष रूपमा सिद्ध गर्न सकिन्छ ।

घना वन जंगलले भरिएका सुरम्य पर्वत श्रृङ्खलाका प्रदेशहरूमा मिल्ने साधनसुहाउँदो गरी कलाकारले अनेक भावात्मक जीवनका सारभूत कुराहरू देव देवालयमा प्रदर्शन गरेका हुन्छन् र ती कलाहरू चाहे ढुंगाहोस् या काठकै किन नहोस् तिनलाई मानव जातिको शौकिन पदार्थमात्र सम्झनु हुन्न कि मार्ग निर्देशन गर्ने ईश्वरीय तत्त्व सम्झनुपर्छ । आजको पाश्चात्त्य सभ्यतामा अगाडि बढेको संस्कृतिलाई झन् बढाउनु सट्टा पछि पार्न खोज्ने नास्तिक र धर्मान्धलोप वस्तुदेखि सतर्क नै बसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेका सांस्कृतिक कलाको राम्रो संरक्षण गरी त्यसबाट पाएको प्रेरणाबाट आफ्नु अस्तित्वलाई जोगाउनुपरेको छ। हाम्रो राष्ट्रिय संस्कृतिको र कलाको मेरु दण्डनै वन जंगल हुन् सोही वन जंगलबाट नै कलाकारले ठूलो प्रेरणा पाएका छन्।

देव देवालयमा समावेश गरिएका काष्ठ कलाहरूमा प्रयोग गरिने काठहरू प्रायः चाँपकै छन् र चाँपको सिलसिलामा अग्राख, साल, सतिसाल पनि नभएको होइन तापनि कलाकारलाई मूर्ति र बुट्टा निकाल्न सजिलो हुने चाहीं चाँप नै हो भन्दछन्। साधनको अनुकूलमा कलाकारले कतै रक्तचन्दन कतै श्रीखण्डका मूर्ति पनि कुँदिएका हुन्छन् उदाहरणको रूपमा लिन सकिन्छ सुनधारा ललितपुरको लोकेश्वरको मूर्ति र हिरण्य वर्ण महाबिहारसंगैको चोकमा रहेको सरस्वतीको मूर्ति; यो दुवै भागमा पर्व पर्वमा पूजा आजा चले तापनि समयले काँचुलि फेरे पछि कसैको केही लाग्दो रहेनछ। आखिर चोरको हात परि हालेछन् यसपछि आजको विकास युगमा वैना दिएर वैज्ञानिक ढंगबाट वस्तु र पैसाको आयात निर्यात तुरुन्तातुरुन्त हुनुपर्ने भएकोले अर्डरदिई बनाउन दिन भ्याएन होला देवालयमा राखिएका मूर्ति नै फिकेर ठाउँमा पुऱ्याई दिए; यो भन्दा सजिलो उपाय अरू के होला।

मन्दिरका मूल देवतासंग सम्बन्धित मूर्तिहरू टुँडालहरूमा समावेश गरिएका पनि त्यसका किनारमा कतै यमयातनाका चित्रहरू कुँदिएका हुन्छन् त कतै अश्लिलमा गफ्न जाने घटनाहरू पनि समावेश गरिएका हुन्छन्।

यमयातनाका काष्ठ चित्रहरू मध्ये मिहीन र आकर्षक ढंगले कुँदेका काष्ठ चित्रहरू मंगल बजार ज्वाला नरसिंह मन्दिर संगैको रहर मन्दिरकै होला। दोस्रोमा मत्स्येन्द्रनाथ मन्दिरको टुँडालमा कुँदेको यमयातनाका काष्ठ चित्रहरू नै लिन सकिन्छ। मत्स्येन्द्रनाथको मन्दिर हरिहर मन्दिरको तुलना गर्दा प्रतिस्पर्धामा अगाडि पुगेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिहर मन्दिर नै देखियो । सो मन्दिरका टुँडालमा रहेका अनेक थरीका भाव मुद्राका मूर्ति र हतियार विचार गर्दा नेपालको तांत्रिक सम्प्रदायको विशेष प्रभाव उसवेला वास्तु र मूर्तिकलामा परेको छ भन्ने अनुमान स्पष्टतया सिद्ध गर्न सकिन्छ । भरखर उल्लेख गरिएका हरिहरको मन्दिर तथा सोही मंगल बजारको जंगीपहरा गगाडिको विश्वनाथ मन्दिरको विचार गरी हेरेमा याद हुनेछ हाम्रो प्राचीन कलापद्धति तन्त्र सम्प्रदायमा आधारित छ, र कलाकारले थाममा र ढोकामा मिहीनसाथ कुँदेका देव देवीहरूमा चन्द्र सूर्य, भैरव र शिव शक्त्यात्मक मूर्तिहरू विशेष उल्लेखनीय छन् । यस मन्दिरमा देखापरेका काठ तथा ढुंगाका मूर्ति बारे विचार गर्दा कलाकारले सो मन्दिरलाई अमरावतीको रूप दिएको कुरा प्रत्यक्ष या अप्रत्यक्ष दुवै रूपवाट सिद्ध भएको देखिन्छ । मन्दिरका चारै ढोकाका दायाँ बायाँ कुँदेका मकरका मुखमा पाउ राखी खडा भएका देव देवीहरू सवै एकै रूपका छैनन् कुनैमा वलिपात्र ,र अभय मुद्राको छ त कुनैमा त्रिशूल अभय मुद्रा र वलिपात्र सहित छ तर मकरको मुखमा पाइला हालेको भने चारौं तर्फ पाइन्छन् । यी मूर्तिहरू सबै एकै नभएर कतै त्रिशूल र डमरु लिई खडा भएकी छन् त कुनैमा त्रिशूल चक्र र अभय मुद्रा कलश लिई मकरको मुखमा खडा भएकी छन् । कुनैमा धनुर्वाण लिएर अभय मुद्रामा खडा भएकी छन् त कुनैमा अर्को हतियार लिएर उभिएकी छन् । यी मूर्ति द्वार माथि रहेका चारौं तर्फका देव देवी र सोही मन्दिरमा रहेका विभिन्न दिग देवता र कलश फूल सिंह तथा फूल र अन्य बुट्टाहरू बारे विचार गर्दा नेपालको वास्तुकला पद्धति र मूर्ति निर्माण पद्धति सबै तन्त्र शास्त्रमा आधारित भएको कुरा प्रमाणित हुन्छ ।

ढुंगामा जति चिरस्थायी गुण हुन्छ काठमा हुँदैन । बुट्टा निकाल्न र चित्रमय पारी चरित्रअनुसारको रूप र अनेक भाव मुद्राहरू निकाल्नुमा कलाकारले काठमै पनि सजिलो मान्नेछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन्; किनभने काष्ठमूर्तिमा हात जोडनु हुन्छ आफ्नु इच्छाको विरुद्ध कुनै हात हतियार फरक देखिन आएमा वा (नमिलेमा) फेरेपनि हुन्छ । हाम्रो देशमा मैनदेखि लिएर माटो धातु ढुंगा तथा काठका सबै मूर्तिहरू कला कौसलका वैभव मात्र सकिन्छ र सो वैभवमा देशको संस्कृति र राजनैतिक तथा आर्थिक दर्शनहरू समाहित भैराखेका हुन्छन् । सर्वप्रथम लिउं लक्ष्मीकै मूर्ति; मन्दिर अथवा अरू जुनसुकै स्थानमा देखा परेकै किन नहोस् आर्थिक क्षेत्रको उन्नतिको निमित लक्ष्मी प्रधान मानेका छन्; र हिन्दू संस्कृतिमा छुट्टै लक्ष्मीको पर्व भएकाले कृषि प्रधान भएको यस देशमा लक्ष्मीलाई कतै गंगा यमुनाको रूपमा र अन्न द्रव्यकी नायिकाको रूपमा मकरासन, कुर्मासन र कमलासनको रूपमा सजाइएका छन् । विद्याका निम्ति सरस्वती र देशको राजनैतिक शक्ति वृद्धिको निम्ति महिष मर्दिनी चामुण्डा, महाकाली आदि नवदुर्गा र सृष्टि स्थिति संहारका नायकको रूपमा ब्रह्मा विष्णु रुद्र आदिका मूर्तिहरू पनि केवल मन्दिरभित्र नरही मन्दिरका वरिपरिका विभिन्न भागमा (द्वारमा, द्वारका दायाँ बायाँ र ढुंढाल आदिमा) समेत देखा पर्दछन् र ती मूर्तिहरूमा भएका अनेक भाव भङ्गिमा बाट लोकगीत लोकनाच आदि हाम्रो लोक संस्कृति अघि बढ्न थाल्छन् । उपर्युक्त लोकगीत लोकनाच आदिको अनुकूलमा अनेक थरीका वाद्य वस्तुहरू (मृदंगा धिमे कयाली पंचताल नरसिंगा डमरु बाँसुरी मुहाली आदि) देखा पर्दछन् । अनि लोक संस्कृतिको आधारमा विभिन्न मुद्राका मूर्तिकला सिद्ध हुन आउँछ । जस्तै धातुको मूर्ति बनाउन कलाकारलाई मैनको मूर्ति बनाउन आवश्यकता पर्दछ त्यस्तैनै नृत्यलाई अनेक भाव मुद्राका मूर्तिको आवश्यकता पर्नु स्वाभाविक छ तसर्थ कलाममज्ञहरूले भूत भविष्यका अनेक समस्याहरूको राम्रो अवलोकन गरी कतै भ्यागुताले सिंहलाई खानलागेको कतै मूसाले बिरालोलाई कष्ट दिएको कमिराले हात्ती लडाएको कुरा कलामा उतारेका छन् । उदाहरणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा लिनसकिन्छ, भक्तपुरको सदाशिवचोकको टुँडाल । प्राचीन हिन्दू संस्कृतिमा भिजेका कलाकारहरू भूत भविष्य वर्तमानको विचारगर्ने भएको हुनाले "मेष वृष आदि १२ राशिलाई पनि मूर्तिको रूपमा राम्रो स्थान दिन उनीहरू शिपालु हुन्छन्" भन्ने पहिले सुनेको मात्र थिएँ र पछि भक्तपुर दरबार स्क्वायरको तुलजाभवानीको चोकमा पस्दा प्रत्यक्ष नै देखें; अनि मलाई याद आयो सफल मूर्तिकारहरूनै विश्वकर्माका सन्तान हुन् । कला जीवनको अभिन्न अङ्ग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली वास्तुकलामा तान्त्रिक मतको प्रभाव

नेपालको गृहस्थाश्रममा जति सम्प्रदाय छन्, ती सबैमा तन्त्रको विशेष जोड दिएको पाउंछौं र हाम्रो वास्तुकलामा पनि तन्त्रकै विशेष प्रभाव परेको कुरा वास्तुकला पद्धतिबाट पाउँछौं। कुनै मन्दिर बनाउंदा सर्वप्रथम चतुष्कोणको डबली पाउंछौं, त्यस डबलीमा पनि माथि अर्को डबली थपेको हुन्छ, अनि त्यस्तै किसिमबाट कुनैमा तीन डबली र कुनैमा एक; कुनैमा पांचसम्म पनि हुन्छ। यस्तै डबली भएका मन्दिरहरूमा हामी उदाहरणको रूपमा लिन सक्छौं भक्तपुरको पांचतले मन्दिर र पाटनमा एक डबलीमाथि बनेको कुम्भेश्वर मन्दिरलाई। भक्तपुरको पांचतले मन्दिरको जग तथा पांचतले डबली बारे विचार गर्दा यही देखिन आउंछकि त्यस मन्दिर भित्रको श्री सिद्धिलक्ष्मीको मूर्ति स्थण्डिल माथि रहेको छ। कुनै सप्ताह अथवा देवी भागवत नवाह गर्दा ७ तले ९ तले चौकोणको थण्डिल माथि मूर्ति सहितको घडा स्थापना गर्ने परम्परा पनि छदैछ;, यस्त नै वास्तु पद्धतिमा पनि त्यो कुरा समावेश भयो। तन्त्र शास्त्रमा चतुष्कोणको वेदी (डबली) मा मूर्ति स्थापना गर्दा छत्रको पनि आवश्यकता पर्न आउंछ र माथि एउटा छत्र अथवा आर्थिक अवस्थाको अनुकूलमा छानो हालेको हुन्छ। त्यस छानोलाई हामी छत्रको रूपमा मान्छौं, छत्र आकाश तत्त्व हो। आकाश तत्त्व सुहाउंदो ढंगबाट छानोलाई अडेस लाउने टुंडालमा पनि तन्त्रको माध्यमबाट विभिन्न मुद्राका देव देवी र दिक्पालहरू राखेका हुन्छन्। अनि ती टुंडालका मूर्तिहरूमा माथिल्लो भाग तन्त्रको ध्यान श्लोकको आधारमा बनेका विभिन्न मुद्राका मूर्ति र तल्लो भागमा कामासनहरू समावेश भएका हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती कामासनहरू पनि प्राय: तन्त्रकै माध्यमबाट कुंदेका हुन्छन् । अनि यस्तै किसिमबाट कहीं यन्त्रको आधारबाट मन्दिरको चतुष्कोणको वेदी- चतुर द्वार जस्तो बीच बीचमा सिंढी हाली त्यस वेदीलाई कतै कतै यन्त्र- को रूप दिएको हुन्छ र त्यस चतुश्कोण वेदीको मध्य भागको चक्रमा तेज तत्व देव मूर्ति विराजमान भएको हुन्छ । मन्दिरको चौकोणमा सिंह अथवा घोडा र कुनै कोणमा गरुड अथवा भयानक ढंगका जनावर हुन्छन् । मन्दिरका चारै दिशाका टुँडालमा भने कुनै नृत्य मुद्रा कुनै कमलासनमा उभेका अभय र वरद मुद्राका मूर्ति कुनै आधा आंखा चिम्लिएका ध्यान मुद्रा मूर्तिले मन्दिर सिंगारिएका हुन्छन् । कुनै मन्दिरमा विभिन्न प्रकारका भैरव र अष्टमातृका गणको काष्ठ मूर्तिले टुँडाल सिंगारिएको हुन्छ; र सोही टुँडालले मन्दिरको शोभा बढाई पर्यटकको मनमुग्ध पारेको हुन्छ ।

मन्दिरका तोरणहरूमा पनि हिटिमंगल दायाँ बायाँ हाली बीच भागमा नाचेको मुद्राको शिव अथवा कुनैमा देवी र कुनैमा गणेश आदि देवमूर्ति कुँदिएका हुन्छन् । सबै तोरणहरूमा मन्दिरभित्र रहने देवता नैं राख्नुपर्छ भन्ने कुनैं नियम छैन । कुनैं मन्दिरभित्र चार नारायण- को मूर्ति छ भने बाहिरको तोरणमा नाचिरहेको विष्णुको काष्ठमूर्तिले मन्दिर सजिएको हुन्छ । अनि सो तोरणको माथिल्लो भागमा गरुड अथवा नाग टोकिरहेको विकराल छेपुको मूर्ति हुन्छ । कुनै मन्दिरका खापाहरूमा मालाधारी अप्सरागणले मन्दिरको शोभा दिएको हुन्छ । कुनै खापामा तन्त्र सम्प्रदायको अनुकूलमा भैरवको त्रिनेत्र हुन्छ । सो भैरवको त्रिनेत्र राख्नाले बोक्सी भूतप्रेतको भय हुँदैन । बोक्सीबाट हुने मारण मोहन उच्चाटनको भय हुँदैन भन्ने विश्वासले तीन आंखा राख्ने गरेको हो । यस्तै किसिमबाट मन्दिरका गजूरहरूमा पनि कलश, छत्र, कमलले संयुक्त पारी गजूरलाई माँगलिक रूप दिएको हुन्छ, र कुनै गजूरमा श्रीवत्स चिन्हले अंकित पुरानु परम्पराको ऐनाको गजूर हालेको हुन्छ । कुनैमा वेल्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलशकै गजूर हालेको हुन्छ । कलश देवताका प्रतीक भएको हुनाले देव-प्रतिमा नभए पनि कलशबाटै काम चलाउने गरिआएको छ । त्यसैले त्यो पूर्णताका प्रतीक कलशलाई वैदिक र तान्त्रिक दुवै सम्प्रदायले स्थान दिएका हुन् । केवल कलशकै गजूर हालेका मन्दिरहरूमा धन्वन्तरीका मन्दिर हुन् । अरू मन्दिरहरूमा चाहिं गजूरको तल्लो भाग छत्र र मध्य भागमा कमल र माथिल्लो भाग चाहिं कलशकै रूप हुन्छ र सो गजूरको माथि ७ तले छत्र र साथमा ध्वजाले गजूरलाई सिंगारेको हुन्छ । यस्तै गजूरले सिंगारिएका सुन्दर मन्दिर र ढोकाहरूमा भक्तपुरको तुलजाभवानीको मन्दिर र वहिरको दरबार स्क्वायरको सुनढोका हुन् । आफ्नै दरबारभित्र तुलजाभवानीको स्थापना गरी आफ्नै दरबारमा घरको रूप झल्काउन खोजे तापनि तुलजाभवानी रहेको भाग चाहिं सुन्दर मन्दिरकै रूप झल्की दरबारको शोभा दिएको छ । दायाँ बायाँ मकर र कछुवा चढेकी देवीको मूर्ति छन् । सो मूर्ति र माथिका टुँडालले नै भक्तपुर दरबारको वास्तुकला सिंगारिएका छन् ।

ज्योतिष ग्रन्थहरूमा एकचोक ढाकिएको घर बनाउँदा यस्तो किसिमले घर बनाउनुपर्छ भनी वास्तु नियम दिएको छ । एकचोक ढाकिएको घर बनाउँदा पूर्वमा उत्तर भन्दा केही बढी उच्चाइ हुनुपर्छ र सोही पूर्वी भागमा पूजा कोठा र स्नानागार हुनुपर्छ र ईशान कोणमा शस्त्र राख्ने कोठा हुनुपर्छ, उत्तरमा सबभन्दा कम उच्चाइ पार्नू र सोही उत्तरतिर कोठामा ढुकुटी राख्नू, आग्नेय कोणमा चुल्हो राख्नुपर्छ । दक्षिण भागको घरमा अरू तीन दिशामा भन्दा ज्यादा उच्चाइ गर्नुपर्छ र कोठा पनि दक्षिणतिर नै हुनुपर्छ । विद्याभ्यास गर्ने कोठा चाहिं नैऋत्य कोणमा हुनुपर्छ । वायव्य कोणमा गोठ हुनुपर्छ । भोजन गर्ने ठाउँ पश्चिम दिशामा हुनुपर्छ र पश्चिमतिरको घरको उच्चाइ पूर्वभन्दा केही बढी हुनुपर्छ । यही नियमअनुसार गृहस्थाश्रम चलाई प्राचीन आर्यहरूले तन्त्र र वैदिक सम्प्रदाय चलाएका थिए । घर बनाउँदा जगदेखि नै पूजा आ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जा यरी तन्त्र सम्प्रदायको नियमअनुसार वास्तुपूजाको प्रकरण मिल्दो गरी अष्ट मातृका र भैरव गणलाई बली दिने चलन पनि अद्यापि चलेकै छ । यदि तान्त्रिक मतको प्रभाव वास्तुकलामा नपरेको भए वली दिनु घर तयार हुँदा रंगीविरंगी नयाँ सारीहरू सजिने थिएन होला । यसै-का सन्दर्भमा बौद्धविहारहरू पनि लिउँ । ती बौद्धविहारहरूमा धेरैजसो चोक ढाकिएको दुई तले या तीन तले घरहरु हुन्छन् । ती बौद्धविहार-का घरहरूमा कहीं तारा, कहीं हनुमान, कहीं महाकाल भैरवको मूर्ति हुन्छ । त्यो बौद्धविहारमा अहिंसाका प्रतीक भगवान् बुद्धको मूर्ति तल-को भागमा स्थापना गरी माथिल्लो भागमा मद्य मांस राखी पूजा गरिने शक्ति मूर्ति भगवती तारा भैरव भैरवीको मूर्तिहरु सजिएका हुन्छन् ।

ती बौद्ध विहारका चोक ढाकिएका घरको मध्य भागमा एकातिर प्यागोडा शैलीको मन्दिरले सो बौद्ध बिहारको शोभा दिएको हुन्छ र झ्यालहरूमा पनि कतै देवीको मूर्ति कुँदेको हुन्छ त कुनै आंखिझ्यालमा शाक्त यन्त्र षटकोणको बुट्टा कुँदेको हुन्छ । तर ती बौद्ध बिहारहरूमा तंत्रोक्त बमोजिम सम्प्रदाय चलाउनुपर्ने भएकोले आंखिझ्याल नै रहेको हुन्छ । अरू भागमा तन्त्रोक्त गुप्त पूजा चलाउनु नपर्ने ठाउँमाचाहिं खादलीको आकारमा संझ्यालले सजिएको हुन्छ । यही बौद्ध बिहारका सन्दर्भमा नगरभित्र रहेका मठ पनि लिउँ, जुन मठमा महन्तहरू गृहस्था-श्रमीकै रूप लिएर बसेका हुन्छन् र मठ सम्प्रदायमा शैव र शक्तिको परम्पराले तन्त्रशास्त्रको मर्यादा पालन गरेको हुन्छ । दशैंमा खुकुरी ढाल तरवाल आदि स्थापना गरी काल रात्रिको पूजा गरिन्छ र साथै चण्डी पाठ ९ दिनसम्म चलाएको हुन्छ । घरको डिजाइनना पनि कुण्डै कुण्डै बौद्ध विहारको डिजाइनसंग मिल्ने खालका हुन्छन् । यस्ता मठहरूमा सर्वप्रथम लिन सकिन्छ भक्तपुरै दत्तात्रयसंगको मठ । त्यस मठको वास्तुकलाको रमझमले धेरै पर्यटकलाई प्रभावित पारेका छन् । कतै एकै मयूरको पखेटाले ढाकिएको आंखिझ्याल छ त कतै मयूरको अर्कै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वान्कीको झ्याल छ । यस्तै किसिमबाट कतै चक्राकार कतै चार कुने छन् । मठको भित्री भागमा घरको भित्ता भन्दा विभिन्न वान्कीको झ्याल घरको भित्ताभन्दाबाहिर निस्केको छ र कुनै कुनैमा यन्त्रको प्रभाव परेको देखिन्छ ।

यस्तै नै अरू मठ पनि धेरै छन् जसको वर्णन गरेर यहां साध्य छैन । किनभुने भक्तपुर र पाटनमा काठमाडौंका गरी सो मठ १२ । १३ भन्दा पनि बढ्ता छन् । तर यी मठहरूको घरको डिजाइन बौद्ध विहारको जस्तै देखिन्छ । ती मठहरूमा मठाधीशको गद्दी हुन्छ । सो गद्दी रहने ठाउँमा एउटा बलियो खाट हुन्छ र खाटको छेउको भित्तामा एउटा ढुंगाको दीयो पनि राखेको हुन्छ । साँझ बिहान पूजा आरति हुँदा नगरा झ्याली डमरुको ध्वनिले मठ गुन्जेको हुन्छ । कुनै भित्तामा कालरात्रिमा दिएको बलीको रगतको छिटा हुन्छ, कुनैमा भीमसेन, कुनै मठमा देवीको हतियार, कुनै मठमा देवीको मूर्ति नै हुन्छ । यस्तो संन्यासाश्रममा पनि बली दिने प्रथा चलेकोले यहांको वास्तु कलामा पनि तन्त्रको प्रभाव अवश्य परेको छ भन्न सकिन्छ । यसैको सिलसिलामा हामी बौद्ध विहार र मठ बाहेक अरू देवालयले संयुक्त भएका प्राचीन राजदरबारमा पनि पुग्न सक्छौं । जहांको मूलढोकामा दायां बायां सिंह र मुण्डमालाले ढोका घेरिएको र ढोकाको शिरानमा महाकाली महालक्ष्मी गणेशको मूर्तिले ढोका सजिएको हुन्छ । सो ढोकाको दायाँ बायाँ आँखिझ्यालको रूपमा दुई आंखा राखिएको हुन्छ र अर्को ढोकामा अष्ट सिद्धिको पत्थर मूर्तिले घेरा दिएको हुन्छ: उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ मंगलबजार दर्बार स्क्वायरको मूलढोका र तुलजाभवानी मन्दिरनिरको दुई साद्दु ढोका । यी ढोकाहरूमा महाकाली महालक्ष्मी आदिशक्ति मूर्ति रहेकोले र वर्षेनी यहाँको ढोकामा रांगोको आंद्रोको माला लगाउने प्रथा चलिराखेकोले यस देशको जुनसुकै वास्तुकलामा पनि तन्त्रको प्रभाव अवश्य नै परेको छ भन्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुलजाभवानीको चोकमा कुमार, कुमारी, शिव, भैरव र भैरवीको मातृका गणको काष्ठ मूर्तिले हाम्रो बिर्सिसकेको मार्कण्डेय पुराण र यादमा आउन नसकेका प्राचीन रुद्रयामल, कौलार्णव आदि विभिन्न तन्त्र शास्त्रको सम्झना गराउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति र शक्तिभूमि
छोटो चिन्तन

विश्वका विभिन्न भूखण्ड मध्ये पवित्र एशियाको एक भाग आदि शक्ति महामायाको जन्मस्थल हिमवत्खण्डको अंश नेपालको विभिन्न भागहरूमा शक्तिको प्रादुर्भाव शक्तिको स्थापना वारे अन्वेषण गर्न केही समय लाग्छ । कतै कतै देवीकै नामबाट पनि नगरको नामकरण भएको छ त्यसको नाम हो ललितपुर । ललितादेवीको स्थान कुम्भेश्वरको सन्नि–धानमा छ । ललिता देवी को हुन् ? सोही देवीलाई केवल नगरको सम्बन्धले मात्र नामकरण गरेको होइन; ती देवीको बारेमा खोजी गर्ने हो भने ललिता सहस्र नाम भन्ने संस्कृत ग्रन्थ हेरेमा पत्तो लाग्ने कुरा छ ।

तत्कालको सौन्दर्य र कला तथा ललिता देवीकै सम्बन्धबाट यो नगरलाई ललितापुर नामकरण गरेको देखिन आउँछ । हाल ललितापुरलाई ललितपुर नै भनिन्छ । आध्यात्मिक दृष्टिले विचार गर्नेहो भने प्रकृति नै मूलशक्ति मान्न सकिन्छ । प्रकृतिको आधार नभै कुनै पनि कला तथा संस्कृतिको उत्थान हुनु सम्भव छैन । प्रकृतिले दिएको सौन्दर्यमा आफ्नै शीपबाट कलाको इतिहासमा अध्याय थप्ने मूर्तिकार तथा चित्रकार जहाँ प्रचुर मात्रामा छन् भने त्यसक्षेत्रमा शक्ति र शक्ति-का उपासकहरूको संख्या वृद्धि हुनुमा कुनै किसिमले आश्चर्य मान्नु पर्दैन । यहाँ शक्तिका साथसाथै विभिन्न देवताका उपासकहरू छन् तर जुनसुकै देवताको उपासना गरे पनि शक्तिविना कसैको उपासना हुनु असम्भवकै कुरा छ । शिवका पदविमा " विश्वनाथ " भन्ने जुन शब्द हो त्यो केवल शब्दमात्र मान्न सकिन्न, विश्वनाथ भन्न पनि शक्तिकै जरूरत पर्छ, त्यस्तै भगवान् कृष्णले जगन्नाथ पदवि पाउन र श्री मछीन्द्र नाथले लोकेश्वर वा लोकनाथ बन्न पनि शक्तिकै आधार चाहियो । विश्वका अन्य भागमा जस्तै शक्तिका उपासकहरूको कम संख्या नभएर नै निराकार तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साकार रूपमा देवीका पीठहरू देखा परेका हुन् ।

उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ललितपुरको दश महा–विद्या, नाम र ठेगाना तल दिइन्छ ।

१. काली: त: वहाल कोट पूर्वी भाग जसलाई मनकामना तथा श्वेतकाली पनि भनिन्छ । (अमूर्त रूपमा छ) २. तारा: कुन–चोकको ढिस्को माथि जसलाई वज्रयोगिनी पनि भनिन्छन् । (मूर्त–रूपमा मन्दिर भित्र) ३. षोडशी: चक्र वहाल सडकको किनार अर्कोनाम त्रिपुर सुन्दरी (अमूर्त रूप) ४. भुवनेश्वरी: सडकको किनार (अमूर्त रूप मन्दिरभित्र) ५. भैरवी: बालुखाटोल बाटोको छेउ सानु पर्खालको घेराभित्र (अमूर्त रूप) त्रिलिङ्गेश्वर मन्दिरबाट दक्षिण भागमा । ६. छिन्न मस्ता: मंगल बजारबाट पश्चिम मोमदु गल्लि जहाँ भित्तामा देव देवीका भित्ते चित्रहरूमा देव देवी तथा यक्ष र मनुष्यका विभिन्न चरित्रहरू समावेश छन्, (मूर्त रूपमा छन्) ७. धूमावती: अमूर्त धुम्वहाल भित्र खाल्डोमा कुम्भेश्वरबाट पूर्व कसै कसैले 'छ्वास अजिमा' पनि भन्ने गरेका छन् ८. मातंगी: मंगलबाट उत्तर स्वठ टोलबाट दक्षिण सडकको छेउमा सानु पर्खालको घेरा मात्र (अमूर्त रूपमा छ) ९. सिद्धिलक्ष्मी: त्यागलबाट उत्तर मन्दिरभित्र मूर्त रूपमा यसलाई शीतलामाईको संज्ञा पनि दिएका छन् आकृति पनि शीतलाकै जस्तो देखिन्छ । १०. बगलामुखी: कुम्भेश्वर चोक तोरणभित्र जमीनमा (अमूर्त रूपमा छ) जसको सन्निधानमा उन्मत्त भैरव शीतला वासुकी–नाग आदि छन् ।

यस्तै यहाँ जति पीठहरू छन् ती शक्ति विद्याको बारेमा खोजीगर्ने काम धेरै बाँकी छ । यस्तै अन्य देवीहरू मध्ये काली नै लिउँ ती कालीका निवास स्थान र नाम धेरै छन् । ती मध्ये दक्षिण काली नै लिउँ–मुख्य वास स्थान फर्पिङ मानेता पनि दोस्रो स्थानचाहिं लगनखेलको पोढे चिहानमा छ । सोही कालीलाई श्मशानकाली पनि भन्ने गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तान्त्रिक देवी देवताहरूमा प्रमुख स्थान कालीको छ । जस्तो पुरुषमा शिव अनि भैरवको छ । हिन्दू राष्ट्रमा तन्त्रको लागि नेपाल पनि पछि परेको देखिन्न भन्ने प्रमाण दर्शाउन १. गुह्य काली: देवपत्तनमा । २. सिद्धिकाली: (रुद्रायणी) खोवनामा अपभ्रंशमा सिखालि ललितपुर। ३. श्वेतकाली: (नरदेवी) काठमाडौं । ४. भद्रकाली: भक्तपुर तथा कान्तिपुर । ५. रक्तकाली: टेंगल, कान्तिपुर, ६. दन्तकाली विजयपुर, धरान ७. श्वेतकाली: ललितपुर टंगल, ८. सिद्धिकाली चैनपुर ९. कंकेश्वरी कंकाली: (श्मशानकाली) विष्णुमती किनार ।

भारत तर्फ दक्षिणेश्वरमा भवतारिणी काली; सोही कालीकै उपासना द्वारा परम तापस योगी महातांत्रिक श्री रामकृष्ण परमहंसले सिद्धिलाभ गरेको र रामकृष्णलाई राम कृष्ण साँच्चैको बनाउने भवतारिणी काली हुन् ।

कालीको विभिन्न रूपको विस्तृत विवरण प्राचीन तन्त्र साहित्यहरूमा पाइन्छ । गुह्यकाली, भद्रकाली, श्मशानकाली, श्वेतकाली, दक्षिणेकाली आदि नामबाट उपासना गर्ने 'काली' विषयको वर्णन तन्त्र साहित्यमा पाइन्छ । करुणामयी कृपामयी दयामयी नामकी कालीका तीन मूर्ति बंगालको मुर्शिदाबाद जिल्लामा प्रतिष्ठित छ । कलकत्ताको बाग बजारमा सिद्धेश्वरीकाली प्रतिष्ठित छ । कलकत्ताकै नीम तल्ला भन्ने ठाउँमा आनन्दमयी कालीको मूर्ति प्रतिष्ठित छ भने हवडाको वेलूड भन्ने स्थानमा विमला नन्दमयी काली कालिकाश्रममा प्रतिष्ठित छ । दश महाविद्याको गणनामा पहिला काली नै मानिआएकोले नेपालका विभिन्न कालीहरूमा गुह्येश्वरी अर्थात् गुह्यकाली नै लिउँ । देवपत्तनको गुह्येश्वरी मन्दिरमा कलशमात्र देख्छौं । यसको रहस्य तन्त्रको गर्भभित्र लुकिरहेकोले कलशको माथिल्लो मध्य भागमा एउटा बिन्दुमात्र त्रिकोणभित्र देखा परेको हो । यसमा शक्तिको बिन्दुमात्र परेता पनि मूर्त रूप भन्दा बिन्दुको महिमा अनन्त छ । बिन्दु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै सिन्धुको मुहान हो। प्रणव अर्थात् ओमकारको शिरानमा पनि बिन्दु नै रहेको र सानु होस् वा ठूलो होस् बिन्दुकै प्रकाशमा यो ब्रह्माण्ड अडेको हुँदा गुह्यकालीको मन्दिरभित्र बिन्दु र कलशमात्र देखा परेका हुन्।

श्री गुह्यकालीको ध्यान श्लोकअनुसार विचार गर्ने हो भने जसका आसनमा ब्रह्मा, विष्णु, रुद्र, ईश्वर तथा सदाशिव विराजमान छन्। अमूर्त रूपमा देवीको स्थापना गर्दा कलश माथि बिन्दु देखा पर्नु स्वाभाविकै हो। कलश सिन्धुको प्रतीक मानिएकोले सूक्ष्म या स्थूल भावना द्वारा पनि जसको रूप र गति जान्न सकिने हुनाले रहस्यका महान् प्रतीक बिन्दु र त्रिकोण देखा परेका हुन्। जसको वाहनसहितको प्रस्तर मूर्ति मनहराको पारि लोकन्थली भन्ने ठाउँमा सडकको किनारमा छ। सडकको दक्षिण किनारमा रहेको देवीको मन्दिर प्राचीन कलाशैलीको नभएता पनि दर्शन गर्न लायकको छ; किनभने गुह्येश्वरीको प्राचीन चित्रबाहेक खास मूर्ति अरू भागमा दुर्लभ छ। कतै कतै आगम सम्प्रदाय चलेका स्थानहरूमा ती साकार मूर्ति गोप्य रूपले रहेका होलान् जसको वर्णन यहाँ हुन सक्तैन। कुनै कुनै प्राचीन मूर्ति चित्रहरू मध्ये एउटामा यसरी अलंकार तथा आसन र वाहनले भव्य र परम दिव्य शोभामय रूप दर्शाएको छ; आसनको पाद पीठमा सृष्ठि स्थिति संहारका देवता ब्रह्मा विष्णु रुद्र र दायाँ बायाँ ईश्वर तथा सदाशिव विराजमान छन्। उत्तानो परेको भैरवमा एक पाउ, एक पाउ श्यालमाथि छ। कतै भैरवमात्र आसन लिएको पनि देखिन्छ। श्यालको पृष्ठ भागमा एउटा पाउ राखेर ताण्डव नृत्य गर्ने अग्नि प्रभामण्डल सहितको श्री जगदम्बाको संहार ताण्डव मुद्राको यस चित्रबाट शक्ति तत्त्वको खोजमा लाग्नेहरूकालागि धेरै सजिलो पारिदिएको छ।

श्मशानसंग सम्बन्धित वाहनमा देवीले कतै श्याल लिएकी छन् भने कतै प्रेतासन लिएको मूर्ति पनि देखिन्छ। श्री गुह्येश्वरीको आसनमा माथि वर्णित ब्रह्मा विष्णु रुद्र ईश्वर सदाशिवलाई तन्त्र साहित्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्च प्रेत मानिएका छन् । प्रेत भन्नाले अपतिमा परेकालाई मात्र मानिन्न । ब्रह्माण्डका अधिपति यी पञ्चदेवतालाई पनि सर्वशक्तिमान्को दृष्टिले पञ्चप्रेतको संज्ञा दिइएका छन् । पञ्च प्रेतका साथै श्मशानसँग सम्बन्धित श्याल पनि देखा परेकोले श्मशान तत्त्व र श्यालको बारेमा खोजी गर्न तन्त्रको सागरभित्र पुग्नु बढिया होला । माथि वर्णित कालीहरू मध्ये गुह्यकालीको बारेमा केही कुरो पत्तो लगाउँदा यसबाट शक्ति दर्शनका केही कुरा समेत प्राप्त हुनु सम्भव छ ।

धी, शक्ति बुद्धिका प्रतीक श्याल वाहनको रूपमा देखापरेकोमा यस्तो पनि निश्चय गर्न सकिन्छ कि महाशक्तिको वाहन बुद्धि हुनु स्वाभाविक हो । योगको दृष्टिले अध्ययन गर्दा महायोगी भगवान शिवकी शक्तिलाई योगिनीको संज्ञा दिएपनि दुई मत हुनुपर्दैन । पहिला श्री गुह्यकालीको पाद मुद्रा बारे विचार गरौं—सोही मुद्रा यसो हेर्दा कुनै किसिमको ताण्डव मुद्राको देखिएतापनि श्यालको ढाडमाथि अर्थात् पृष्ठ भागमा एउटा पाउमात्र राखेको हेर्दा यस मुद्रालाई कुनै किसिमको पनि ताण्डव मुद्रा भन्न मिल्दैन । यो एक किसिमको योग मुद्रा हो । यस्तै किसिमबाट खोजी गर्दै गएमा विभिन्न किसिमका मन्दिरहरूमा माथि वर्णित मुद्रासंग मिल्ने खालका योग मुद्राका मूर्तिहरू भेट्टाउन सकिन्छ । महामाया श्री गुह्येश्वरीको पाउ जस्तै अध्ययन गर्नुपर्ने के छ भने श्री गुह्यकालीको शरीरको मध्यभागमा अर्थात हृदयभागनिर स्थापित दुई वटा कर कमल, सो बारेमा गहिरिएर अध्ययन गर्नुपर्ने देखिन्छ । जुन मुद्रालाई बिन्दु मुद्रा भन्छौं । बिन्दु नै रहस्यमय ब्रह्माण्डको प्रतीक भएकोले र सोही बिन्दुलाई मुद्राभित्र गोप्य राख्नु भएकोले नै कालीलाई गुह्यकालीको नामबाट पुकारेको कुरा प्रमाणित हुन्छ । बिन्दुमै विश्व ब्रह्माण्ड लुकेको हुन्छ । बिन्दु नै सृष्टिको महान तत्त्व मानिआएको र कर्म तत्त्वका महान प्रतीक बाहुका अग्रभाग दुई औंलाभित्र बिन्दुलाई लुकाएको हुन , उक्त दुई औंलाभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको बिन्दु के हो ? यस शक्ति प्रधान देशको अर्थात् भरत खण्डका कुनै पनि आगम सम्प्रदायको विपरीत ढंगबाट बिन्दुको व्याख्यान गर्दा खराब असर पर्ने सम्भावना देखिन्छ । अर्को कुरा सोह्रौ देवी गुह्येश्वरी-को योग मुद्रामा देखा परेको दाहिने पाउको कुकुंच्चाको बारेमा; सो कुकुंच्चा उचालेर गुह्यांगमा किन राखियो ? यसमा पनि केही गुप्त रहस्य अवश्यै हुनुपर्छ । खोज्दै जाउँ चण्डीको पाँचौं अध्यायमा लेखि-एको वाक्य यस प्रकार छ ।

"यादेवी सर्व भूतेषु लज्जा रूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।।"

टाढाबाट हेर्दा नृत्यनाथ जस्तै देखिन्छ । तैपनि यी देवीको मुद्रा साधारण मुद्रा मान्न सकिन्न । यस विषयमा ठोस कुरा पत्ता लगाउनु शाक्त अर्थात् आगम सम्प्रदायी दीक्षितहरूको पनि परम कर्तव्य हो । विना शक्तिले मुद्रा ध्यान वा योग र बाहिरी पूजा र भित्री अर्थात् मानसिक पूजा अर्थात् उपासना हुन नसक्ने हुँदा जगज्जननी आद्या शक्तिसंग सम्वन्ध जोड्न श्रद्धाकै जरूरत पर्दछ । श्रद्धा विनाको दीक्षित पनि केवल नाममात्रको हुन जान्छ । श्रद्धाबाटै मानिसलाई ईश्वर बना-उँछ । ईश्वरको अर्थ हो समर्थता । श्रद्धा र विश्वासबाटै शक्तितत्त्व चिनिन्छ । कर्महीन मानव पनि शक्तिवान हुन सक्दैन । देवीका विभिन्न स्वरूप र मूर्ति पूजामा प्रयोग गरिने पंच मकार अर्थात् (मद्य मांस मुद्रा मत्स्य मैथुन) को बारेमा पनि अझै ठोस कुरा पत्ता लगाउनु दीक्षित-हरू र अन्य शाक्तहरूको परम कर्तव्य हो ।

कालीका बिभिन्न विभूति मध्ये गुह्यकालीको रूप सरंचनामा देखा परेका विभिन्न मुख मध्ये एकातिर अश्वरूप पनि देखिन्छ । एकातिरबाट विचार गर्दा घोडा चार खुट्टे पशु मानेता पनि घोडामा शक्तिको रूपमा लिइएको छ । नारायणका विभिन्न अवतारमा हयग्रीवावतार पनि एक हो । हय शब्दले घोडाको अर्थ बुझाउँछ । अन्यत्र घोडाको स्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाहनको रूपमा रहेता पनि श्री गुह्यकालीका विभिन्न मुखहरूमा घोडाको मुख पनि देखा परेकोमा तन्त्र तथा गुरुको कृपा द्वारा मात्र त्यसको राम्रो विवेचना हुन सक्ने कुरा स्पष्ट छ। बुद्धि र शीघ्रताका लागि शक्तिको महा-वेगको आवश्यकता पर्छ। त्यसै कारणले जगदम्बा गुह्यकालीको मूर्त रूपमा बुद्धि र वेगका महान् प्रतीक श्याल र घोडाको मुख देखा परेका हुन्। एकातिर हात्ती र एकातिर घोडा सोही मूर्तिमा देखा परेको र पाश अंकुश कर कमलमा देखा परेको आयुधको लक्षणबाट विचार गर्दा जगदम्बा श्री गुह्यकालीको मूर्त रूपबारे साधारण निर्णय गर्न पनि मुश्किल पर्ला। अर्को कुरा के छ भने शैव सम्प्रदायी शाक्त र बौद्ध सम्प्रदायी शाक्तको समान सेवा यस मन्दिरमा देखा पर्नु विश्वका अनेक धर्मावलम्वीहरूको निमित्त अद्वितीय नमूना मान्न सकिन्छ।

शक्तिको रूप तत्व बारे जति अध्ययन गरे पनि अधुरो नहुने हुनाले अति संक्षिप्त रूपमा मात्र श्रीगुह्येश्वरीको व्याख्यान गरिएको हुनाले रूपतत्वको हकमा मकर मुखकै यहाँ उल्लेख गरूँ मकर अर्थात् ग्राह गंगाका प्रतीक हुन्; गंगा भगवान् शंकरको शिरमा रहने जल तत्व श्रीपेच हुन्। गुह्यकालीको मन्दिरभित्र एउटा सानु जल भण्डारमाथि श्रीको प्रतीक कलश रहेकोले गंगादेवीको संज्ञा दिए पनि हुन्छ। एकातिरको पंक्तिमा हात्ती छ। हात्तीको मुख बारे यस्तो पनि तर्क निकाल्न सकिन्छ हात्ती सिद्धि र बुद्धिका प्रतीक भएको र अर्को कुरा इन्द्र र इन्द्रायणीको प्रतीक पनि हात्तीनै मानिएकोले स्वर्गङ्गाका प्रतीक हात्ती र ग्राह (गोही) श्री गुह्यकालीका एउटै शरीरमा देखा परेका हुन्। श्री गुह्यकालीका विभिन्न मुख र मुद्रा बारे खोजी गर्दै गरूँ। कालीका विभिन्न रूप र आयुध तत्व बारे खोजी नगरेसम्म अरू शक्तिका बारेमा अध्ययन पनि अधुरो नै हुन जान्छ। काली नाम एउटै भएता पनि चरित्रबाट रूप फरक छन्। रूपअनुसार आयुध फरक हुनु स्वाभाविकै हो। ती आयुध तत्वमा खड्गलाई नै लिङ्-देवीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाहिने कर कमलमा भए ती खड्गलाई मारण तत्त्व मानिन्छ भने कतै सिद्धि तत्त्व पनि मानिन्छ । सोही खड्ग बायाँ तर्फ रहेमा ज्ञानको प्रतीक मानिन्छ । अङ्कुशस्तम्भन आकर्षण हुन् । पाश-वशीकरणमा प्रयोग गरिन्छ भने नागपाश विषमारणका प्रतीक हुन् ।

देवीका कर कमलहरूमा पर दिने मुद्रा पनि देख्दौं सो मुद्राको अर्थ हो अभीष्ट सिद्धि । यही क्रममा अरू पनि धेरै छन् ।

शूल अर्थात् भालाको अर्थ हो बायव्यताप अर्थात् हावाको वेग ।

शक्ति–ताकत, बर्कत, बल

घण्टा–अनाहतनाद, नाद ब्रह्म । डमरु प्रतिध्वनि अक्षरसर्वनाद

शंख-प्रतिध्वनि अनाहतनाद

तीक्ष्ण बाण – पापमोचक

ढाल खेटक – रक्षा

त्रिशूल-तीन प्रकारको तापनाश गर्ने र विभिन्न उत्पातको नाशगर्ने

गदा-स्तम्भन, वीरत्व, वैराग्य, ब्रह्मज्ञान

असि-(तरवार), विजय

खट्वाङ्ग-तापत्रय नाश गर्ने

भुसुण्डी - घुयँत्रो विकर्षण शक्ति

चक्र - रक्षा

मुदगर–ज्ञान र वैराग्य

अवस्थातर्फको अर्थमा-

युवावस्था – स्थितिकला, अनुग्रहकला र अन्तरलीन कला

बालावस्था–सृष्टिकला ।

देवीका विभिन्न रूप तत्त्वमा कतै सुगा पनि देख्दौं सुगाको अर्थ हो वाचाल शक्ति । आभरण तथा उपकरणमा कलश गंगाका प्रतीकमात्र मानिन्न कलश श्रीतत्त्व पनि हो ।

आसनतर्फ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शव (मुर्दा) अथवा जड चेतनारहित वस्तु

गरुड - उड्ने शक्ति

श्मशान - शून्याकाश जेजो पुञ्ज केवल प्रकाश

शाखा – सगुण

प्याला – धी, शक्ति, बुद्धि,

सुगा – वाचाल शक्ति

शारीरिक भागमा–

उठेका स्तन – पोषक, पालक, स्थितिकला

कुन भारतत ज्यादा ठूलो स्तनले मुहका संहार कला

शारीरिक श्रृंगारमा

गाजल – मोहन

देवीले प्रयोग गर्ने अरू चीज वीजहरूमा–

नाङ्लो कुचो-अलक्ष्मीनाश

आसनतर्फ –

सिंहासन - राष्ट्र, साम्राज्यको नायकत्व

कछुवा-आधार शक्ति

देवीका विभिन्न रूपहरूमा देखा परेका विभिन्न रंगहरू त्यसै देखा परेका होइनन् । जगज्जननी दुर्गाजी सत्त्व रज तमवाट टाढा रहनु भएता पनि लीला स्वरूपमा गुणका प्रतीकहरू देखा पर्नु स्वाभाविकै हो । यन्त्रका सन्दर्भमा वाहन तथा रंगहरूको बारेमा पनि अन्वेषण गर्नु शक्ति चिन्तकहरूको परम कर्तव्य हो । जस्तो–देवीका विभिन्न मुखाकृति तथा पहिरनमा पहेंलो देख्छौं । पहेंलो रंग ब्रह्मचारीहरूको भेषभूषामा पनि देख्छौं; यसको अर्थ हो विद्यारूपी ऐश्वर्य प्राप्तिमा आउने बाधा हटाउने अर्थात् अक्षयऐश्वर्यको ह्रास हुन नदिने शक्ति यसभित्र लुकेकोले तन्त्र-विद्हरूले विभव स्तम्भनको संज्ञा दिएका छन् । शक्तिका विभिन्न रूप-तत्त्वमा पहेंलो मात्र देखा परेका छैनन् । माहेश्वरीको स्वरूपमा सेतो देखा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेका छन् । सेतोको अर्थ हो कीर्ति, शान्ति सत्त्व गुण । शिवशक्तिकै रूपमा रहनु भएकील र महाशक्तिको स्वरूप यसमा देखा परेबाट सत्त्व-गुण प्रधान भएको देवीको रूप तत्त्वबाट स्पष्ट हुन्छ । शान्ति र कीर्तिनै सत्त्व गुणको प्रतीक मानिआएकोले सेतोले पहिलो स्थान प्राप्त गर्नु स्वाभाविकै हो । सबै रंगको आधार श्रोतस्व सेतोमै छ । शक्ति तत्त्वमा देखा परेका रंगहरूमा रातोलाई पनि लिउँ । एक दृष्टिले हेर्दा रातोलाई रजोगुण मानेता पनि रातो कर्मको प्रतीक हो ।

समयको मागअनुसार रजोगुणको पनि आवश्यकता पर्न आउँछ । महाशक्तिलाई त्रिगुणबाट धेरै टाढा मानेता पनि पृथ्वीको संकट हुने असुर संहार गर्दा वीर रसलाई प्रत्यक्ष रूपमा जगाउनुपर्ने स्थिति आईदो पछ । त्यस्तो बेलाको लीलामय चित्र तथा मूर्तिहरूमा पोशाक तथा मुख रातो हुनु स्वाभाविकै हो । महाकाली तथा महालक्ष्मीका मूर्ति र चित्र-हरूमा प्रायः रातो नै देख्छौं । महाशक्तिले बिभिन्न रूप लिएर दुष्ट-हरूको संहार गर्दा जस्तो जस्तो रसको प्रादुर्भाव भयो रस अनुसारको रूपमा रंगहरू फरक पर्दै जानु स्वाभाविकै हो । त्यसैले कालीका विभिन्न स्वरूपमा कतै सेतो कतै रातो कतै नीलो कतै कालो देखा परेका छन । नीलोलाई तमोगुण मानेता पनि नीलो व्यापकता तथा आकाशको प्रतीक मानिएकोले महामाया छिन्नमस्ताको साथमा देखापरेको नील कालीलाई अनन्त काली पनि मान्छौं । तमोगुण भन्दैमा पूरा संख्या नभएको शून्य अर्थात् अस्तित्त्वहीन मान्न सकिन्न । तसर्थ प्रकाशको गर्भ हो जहाँ तम छ त्यहाँ प्रकाश पनि छ । रातो नीलो तमोगुणको प्रतीक मानिन्छ भने कालो पनि निद्रा आलस्य अज्ञान मृत्युका प्रतीक हुन् । यी चारै तत्त्व तमोगुण अन्तर्गत परेका छन् । कालीका विभिन्न स्वरू-पमा केवल सेतो रातो र नीलोमात्र देखा परेका छैनन् । महाकाल स्वरूप भगवान् शंकरकी आद्याशक्ति स्वरूपा कालीको स्वरूपमा कालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ण पनि देखा परेका हुन् । कालो अन्धकार अर्थात् रात्रीको मूल तत्त्व मानेता पनि जसका गर्भमा सर्वशक्तिमान् तेज तत्त्व लुकेको हुन्छ । त्यसैले कालीका रंगमा कालो र सत्त्व रज तमोगुणबाट धेरै पर सार्थ मायाबाट पनि धेरै पर रहनु भएकोले दिगम्बरा स्वरूपा कालीका वर्णमा विभिन्न स्थानमा सेतो नीलो कालो रातो रंग देखा परेका हुन् । कालीका विभिन्न लीला अनुसार नाम फरक र मूर्ति फरक हुन गएका पनि छन् । जसलाई चामुण्डा नै भन्छौं । कालीको नाम र रूप फरक भए जस्तै यस्ता चामुण्डाका नाम र रूप पनि फरक छन् । ती हुन् चामुण्डा उग्रचामुण्डा सिद्धि चामुण्डा इत्यादि ।

यस्तै किसिमले गुह्यकालीका सन्दर्भमा विभिन्न रूपका कालीका रूपमा एकातिर बाघ एकातिर श्याल वाहन र मध्य भागमा विभिन्न शिर छन् । ती शिरहरूका मध्य भागमा शिवकै शिर देखिन्छ । सो मूर्तिमा दायाँ हातमा तरवार बायाँ हातमा ढाल दायाँ दोस्रोमा पात्र र बायाँ दोस्रोमा एउटा नर मुण्ड छ । मण्डलाकार टाउकोमाथि पलेटी कसेर काली र स्त्री र पुरुषको शव सहितको चितामा उभेकी काली र अन्य विभिन्न कालीका सन्दर्भमा अध्ययन गर्नु पर्ने कालीका विभिन्न मूर्तिहरू बाँकिनै छन् । तन्त्र दर्शनभित्रको कुरा धेरै जटिल हुन्छ खोज्दै जाउँ ।

यही सन्दर्भमा तारा मूर्ति तर्फ पनि ध्यान दिनु ठीक पर्ला । काली र ताराका मूर्तिमा कतै कतै एकरूपता पाउँछौं । उता बौद्ध तर्फ पनि आर्यतारा वैरोचनी तारा प्रज्ञापारमिता सहस्र लोचनी आदि विभिन्न तारा छन् विश्लेषण पछि गर्दै गरूँ । यता दश महाविद्याको तारामा काठमाडौं उपत्यकामा देखा परेका विभिन्न ताराहरूमा वज्रयोगिनी साँखु र ललितपुर फर्पिङ्गारी तीन ठाउँमा छन् कुनैलाई खड्गयोगिनीको संज्ञा पनि दिएका छन् । तर तारा तत्त्व भित्र के रहस्य लुकेको छ यसबारे खोजी गर्दै जाउँ । विद्याको लागि आराधना गर्नेहरूले सरस्वतीकै गणनामा आराधना गरेको पनि कतै कतै पाउँछौं । शाक्तहरूले काली तारा तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामलाई एकै रूपमा लिएको पनि पाइन्छ । त्यस्तै तारा र त्रिपुर सुन्दरी-मा पनि एकरूपता पाउँछौ । शक्तिसंग मतन्त्रमा यस्तो पनि लेखेको पाइन्छ "कदा चिदादया श्री काली शैवता रास्ति पार्वती । कदा चिदादया श्री तारा पुं रूपा राम विग्रहा ।। रावणस्य बधार्थाय देवानां स्थापनायच । दैत्य संहरणार्थाय पुं रूपं बिभ्रती परम् । आद्या तारा महाशक्तिः सै ज्य काली महेश्वरी या महावैष्णवी माया सामहा सुन्दरी मता । नैव स्त्रीन पुमानेषा नैवचापि नपुंसकम ।। यद्यच्छरीर माश्रत्ते पुज्यते तेन तेनसा ।। तत् कालीन रामको राज्यावस्थाको ध्यान र मन्त्र दक्षिणा म्नायात्मक छ । किनभने त्यस वेलाको अवस्था स्थिति रूपनै दक्षिण छ । स्थिति रूपश्च दक्षिणः यो आगमको वचनहो । जुन अवस्थामा मर्यादा पुरुषोत्तम राम सीतावियोगी वनवासी हुनु हुन्छ । उसवेलाको मन्त्र र ध्यान तल्लो स्थितिको मानिन्छ । यस्तै किसिमले कुन अवस्थाको ध्यान मन्त्र उत्तराम्नायात्मक हुन्छ यो गहनविषय भएकोले यसको व्याख्यान हुन सक्तैन । शायद किशोर अवस्थामा उत्तराम्नायात्मक हुन सक्छकि भन्ने विद्वानहरूको तर्क छ । माथि वर्णित २ अवस्थामा २ आम्नाय छन् भन्ने कुरा विभिन्न तन्त्र ग्रथहरूबाट अध्ययन हुन नसकेता पनि गुरु कृपावाट मात्र जानिने कुरा हुन् । राकारे विद्यते माया मकारे विद्यते शिव, अथवा राकारे विद्यते तारा मकारे विद्यते शिव । यी वाक्य तन्त्र कै भित्र पर्छ । त्रेता युगको राम र रावणको संग्राममा राम साधारण क्षत्री रूपमा देखा परेता पनि शिव शक्तिको एकै रूपले भीषण संघर्षमा देखापर्नु स्वाभाविकै हो । शिव विष्णु लक्ष्मी र शिवा रावणादि राक्षस संहारकालागि कारण स्वरूप बनेका छन् । जुनसुकै क्षेत्रमा पनि शक्तिनै प्रधान हुन्छ भन्ने कुरा सर्व विदित छ । नाम उच्चा-रणा गर्दा कसैले पनि नारायण लक्ष्मी शंकर गौरी वा राम सीता कसैले भन्दा छैनन् । आखिर सीता राम लक्ष्मी नारायण गौरी शंकर न भन्छन् । उता बौद्ध ग्रथमा पनि प्रज्ञापारमिता भन्नाको अर्थ नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तारा हुन् । भगवान् बुद्धले पनि शक्तिकै उपासना द्वारा नै सिद्धार्थ कुमार साँच्चिको बुद्ध बने । विना शक्तिको उपासनाले भयङ्कर वनमा उग्रतपस्या हुन सक्तैन । यता नीतिमा यस्तो वाक्य पाउँछौं " जन्मना जायते शूद्र संस्काराद् द्विज उच्यते " जब शक्ति मन्त्र गायत्रीको श्रवण हुन्छ तब द्विजत्व (ब्राह्मणत्व) प्राप्त हुन्छ । जब गायत्रीको चिन्तन मनन हुन्छ तब ब्राह्मणत्वको रक्षा हुछ । सबै शाक्तहरूलाई द्विज नै भनिन्छ । सर्वे शाक्ता द्विजा प्रोक्ता नशैवा नच वैष्णवा। आदि शक्ति मुपासन्ते गायत्री वेद मातरम् । सोही गायत्रीका तीन कालमा तीन रूप हुन्छ । ब्राह्मी रौद्री र वैष्णवी सोही तीन रूपको समष्टि रूप महा-त्रिपुर सुन्दरी मानिन्छ । "ब्राह्मी रौद्रीवैष्णवीतिशक्तय स्तिस्र एवहि पुरं शरीरं यस्यासा त्रिपुरेति प्रकीर्तिता । जस्तो महाकाली महालक्ष्मी महासरस्वती एक रूपमा मानिन्छन् भने त्यस्तै गायत्री सावित्री सरस्वती अर्थात् ब्राह्मीरौद्री वैष्णवीलाई एकै रूपमा मानिएकी त्रिपुर सुन्दरी हुन् । तारा र त्रिपर सुन्दरी एकै रूपमा पनि मानिआएका कतै कतै पाइछन् । त्रिपुर सुन्दरीको अर्को नाम हो षोडशी । यता सीतारामकै विषय उल्लेख गरौं "आगम" मा लेखिएको पनि छ कि गौरी रूपा परासीता महा-र साम्राज्य माधिका राम पर शिवोजेयो नाऽवताराेनरोऽपिच । पर ब्रम्ह विख्यातं रुद्रामेत्यक्षरद्वयम् । यहाँ सीताको ध्यान वाम त्रिपुर सुन्दरीकै ध्यान अनुसार हुछ । सीतारामको ध्यान तलल्लेखिए अनुसार छ– रामं त्रिनेत्रं सोमार्ध धारिणम् शूलिनम्वरम्

भस्मोद्धूलित सर्वाङ्गम् कपर्दिनमुपास्महे

सोही सीतारामलाई कतै गौरी शंकरको संज्ञा दिएका छन् भने अर्धनारि नामको विषयमा पनि केही कुरा यहाँ उल्लेख गर्नु ठीक छ । सीताको अन्त्याक्षरी "ता" पछिनै र उच्चारण हुने हुँदा तारा राम नै भन्न नामको श्रीमान्न सकिन्छ ।

सोही तारालाई योगिनीकै संज्ञा दिएका छन् ती हुन खड्गयोगिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्रयोगिनी जसलाई उग्रतारा नामले पुकारिन्छ जसका मन्दिर ललितपुर साँखु र फर्पिङ तीन ठाउँमा छन् । शिवशक्तिको रूपमा मानिएता पनि पूजक चाहिं महायानी बौद्धनै रहिआएबाट यी विभिन्न ताराका विषयमा खोजी गर्ने काम बाँकिनै छ । यता विष्णु विभूति राम तारा र काली एकै रूपमा मानिएको र कतै तारा र त्रिपुर सुन्दरी एकै रूपमा मानिआएकोबाट शक्ति विषयमा गहिरो अध्ययन हुनु अझै बाँकि छ । छुट्टै त्रिपुर सुन्दरी अर्थात षोडशी पाटन र भक्तपुर दुई स्थानमा देखापरेका छन् । सोही षोडशीलाई "श्री विदया मानिएको छ । अर्को नाम ललिता राज राजेश्वरी, महात्रिपुर सुन्दरी, पञ्चदशी षोडशी इत्यादि । मूल तत्व एक हुन् तापनि माथि उल्लिखित नामहरू अवस्था भेदका परिचायक हुन् ।

प्रसिद्ध दश महाविदयामा षोडशी विदया (श्री विदयाको परिणत स्वरूप हुन् । सामान्यतः उपासक मात्र आफ्ना उपास्य देवता-लाई सर्वश्रेष्ठ तथा पर ब्रम्हात्मक मान्छन् । यही भावनाले हेर्ने हो भने कालीतारा षोडशी आदि सब विद्याहरू समान छन् । यहाँ विशेष निरूपणको आवश्यकता पर्दैन । आफ्ना आफ्ना उपास्य देवतालाई सर्वश्रेष्ठ मान्नु पनि ती ती देवताका भक्तहरूका लागि उचितनै सम्झनुपर्छ । तदनुसार काली ताराका भक्तका दृष्टिमा काली, तारा आदि महाविद्या' हरूको सर्व-श्रेष्ठता पनि अनुचित भन्न सकिन्न । परन्तु ' श्री विद्या-को बारेमा विचार गर्ने हो भने यसको महतालाई वास्तविकनै मान्नुपर्छ । केवल भक्ति कल्पित मान्ने होइन । 'श्री' भित्र अनेक विदया छन् । त्यसैले नामको अगाडि श्री लेख्ने परम्परा केवल एक। दुई शताब्दी देखिन् चलिआएको भए कपोल कल्पित पनि मान्न सकिन्छ श्री विदया नै ब्रह्म विदया भएकोले श्री तत्त्वलाई मामूली तत्त्व मान्न सकिन्न । दश महाविदयामा काली तारा षोडशी यी तीन प्रधान विदया हुन् । यी तीनबाटै ९ विदया र अर्को एक पूरक मिलाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दश महाविद्या हुन आउँछ । मूल एकबाटै तीन हुने र सबैको मूल भूत एक विद्यानै श्री विद्या हुन् । यसैलाई ब्रह्मविद्या तथा ब्रह्मयी पनि कहिन्छ । काली तारा र षोडशीका बीच के. सम्बन्ध छ फेरि एकबाट तीन कसरी भए ? इत्यादि प्रश्नको समस्या समाधानको लागि अर्को अध्ययनको आवश्यकता पर्छ ।

श्री विद्या र ब्रह्मविद्यामा भेद छैन ।

श्री विद्या शब्दबाट श्री त्रिपुरसुन्दरीको मन्त्र र उसैक अधिष्ठात्री देवता दुवैको अर्थ बुझाउँछ । सामान्य किसिमले विचा गर्ने हो भने श्री शब्दको लक्ष्मी अर्थनै प्रसिद्ध छ । परन्तु ब्रह्माण्ड पुरा उत्तर खण्ड हारितायन संहिता आदि पुराण इतिहासमा वर्णित क अनुसार "श्री शब्दको मुख्यार्थ "महा त्रिपुर सुन्दरी" नै हो ।

अर्को यस्तै तर्क विचार गर्ने हो भने विन्दुनै श्री तत्त्व छ

त्यसैले माथि वर्णित श्री गुह्येश्वरीको कलशको माथिल्लो भागमा विन्दु देखा गरेको हो । श्री महालक्ष्मीले महात्रिपुर सुन्दरी चिर काल आराधना गरी अनेक वरदान प्राप्त गरेकी थिइन् । ती व दानहरू मध्ये श्री शब्दबाट ख्याति प्राप्त गर्ने पनि एक वरदान हो । त वेला देखिन् श्री शब्दको अर्थ महालक्ष्मी हुन गयो । श्री शब्दको म लक्ष्मी अर्थ गहन छ । श्री अर्थात् महा त्रिपुरसुन्दरीको विद्या मन्त्र श्री विद्या हो । श्रेष्ठतालाई बुझाउने अर्थ पनि श्री नै हो । त्य यहाँ श्री ३ श्री ४ श्री५ श्री ६ छन् । विभिन्न सम्प्रदायाचार्यहरूका नाम १००८ सम्म श्री शब्द जोडेको पाइन्छ । ब्रह्म कलांश रहनुको सूचना श्री शब्द द्वारा पाइने हुँदा श्री शब्द श्रेष्ठता र पूज्यताको सूचक ब्रह्म नै हो । त्यसैले यहाँ श्री शब्द पूर्वक ती नामबाट व्यवहार आएको पाउँछौं । जस्तै श्री ब्रह्मा श्री शिव श्री दुर्गा श्री श्री कृष्ण इत्यादि ।

श्री विद्याको प्रतीक विभिन्न शक्तिहरूमा गुह्यकाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिन्छ । किनभने काली तारा षोडशी श्रीकै स्वरूप हुन् । गुह्येश्वरी पनि काली नै मानिन्छ । गुह्यकाली भन्नु र राजराजेश्वरी भन्नु एकै हो । गुह्येश्वरीको आसनको पादपीठमा पञ्च प्रेत विराजमान छन् । श्री विद्या राजराजेश्वरी पनि पञ्च प्रेतासनमै विराजमान भएको पाउँ-छौं । ब्रह्मा, विष्णु, रुद्र, ईश्वर, सदाशिव यी पञ्च महाप्रेत हुन् । यी पञ्च-प्रेतको रहस्य यस प्रकारको छ । निर्विशेष ब्रह्म नै आफ्नु शक्ति विलास द्वारा ब्रह्मा विष्णु आदि पाँचरूपलाई प्राप्त गरी आफ्नै विभूति अनुसार-को शक्तिको निकटताबाट सृष्टि स्थितिलय दण्ड अनुग्रहरूप पांच कर्म–लाई सम्पादित गर्दछ । जब ब्रह्मा विष्णु रुद्र ईश्वर सदाशिव आफ्नु आफ्नु वाम आदि शक्तिले रहित भएर जव निष्क्रिय हुन्छन् त्यस वेलाको स्वरूपलाई प्रेत कहिन्छ । ती मध्ये ब्रह्मा विष्णु रुद्र र ईश्वर चार पाद हुन् सदाशिव फलक, उसमाथि महाकामेश्वराङ्कमा महाकामेश्वरी विराजमान हुनु हुन्छ । सोही महाकामेश्वरी नै श्री विद्या हुन् । महा-कामेश्वरी पीठ भारतको आसाम जिल्ला र ललितपुरको लगनखेल–मा अद्यावधि छँदैछन् । श्री मछीन्द्रनाथको सम्बन्ध यी पीठले दर्शाउँछ । श्री मछीन्द्रनाथको शुभागमन कामरू पीठ आसामबाटै भएको कलिग-ताब्द ३५०० को इतिहासले बताउँछ ।

यस्तै काली, तारा, षोडशी अरू पीठहरू पनि यहाँ अनन्त छन् । कुनै नगर निर्माण गर्दा नगरको घेरामा अष्टमातृकाको स्थापना गर्ने चलन पनि उसवेला नभएको होइन । त्यसैले कतै श्री स्वरूपिणी महा-लक्ष्मीको मन्दिर देखा परे कतै चामुण्डाको सुन्दर मूर्तिले त्यस स्थानको प्रतिष्ठा बढाएको देखिन्छ । सोही चामुण्डा श्मशानकालीको रूपमा कतै कंकेश्वरी नामबाट कतै वत्सलेश्वरीको नामबाट गंगाको किनार श्मशान नजीकै देखापरेका छन् । वत्सलेश्वरी वागमती किनार देवपत्तन जसको आराधनामा तल्लीन विरूपाक्षको पत्थर मूर्ति र छेउको गंगाको मूर्ति र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री यन्त्रकै मन्दिरले शक्ति उपासकहरूको लागि ठूलो प्रेरणा प्रदान गरेको कुरा ती स्थानहरूबाट स्पष्ट हुन्छ । गुह्येश्वरीमा कलश मात्र भए पनि गुह्येश्वरीको प्रभावलाई शक्तिक्षेत्रमा उच्च मानेका छन् । गुह्येश्वरीको प्रतीक कलश रहेको भागमा जलकुण्ड गंगाको रूपमा रहेको र ध्यान मूर्तिमा मकराकृतिको मुख पनि देखापर्न आएकोले कल्याणमयी महाशक्तिको रूपमा गंगालाई पनि साकार रूपमा लिएको स्पष्टदेखियो । अनन्त नदी श्रृंखलाभित्र रहेको देश भएकोले राजधानीका तीन जिल्लाहरूमा रहेका तलेजुका द्वारहरूमा कतै कूर्म वाहिनी यमुना र मकर बाहिनी गंगाको मूर्ति देख्छौं । शक्तिका दृष्टिले नहेरेर जलतेज पृथ्वी आकाश वायु विषयमा समेत आन्तरिक दृष्टिले हेरेमा महाशक्ति गुह्येश्वरीले आफ्नु मुख पंक्तिमा मकर अर्थात् गोहीलाई राखेको कुरा राम्ररी यादमा आउला । यिनी केवल गुह्येश्वरी मात्र होइनन् यिनी माहेश्वरी पनि हुन् । माहेश्वरी भन्नाले केवल पार्वतीको साधारण रूपमात्र मानिन्न । महागौरी अर्थात् गंगा पनि मानिन्छ । गौरी अर्थात् पार्वती शिवकी वामांगिनी भए महा गौरी अर्थात् गंगा शिवको शिरमा विराजमान हुने गंगा महाशक्ति हुन् । यता गुह्येश्वरी अर्थात् गुह्यकाली गोप्यरूपमा रहनु भएको कालीको अर्थ बुझाउँछ । मन्दिरमा अरू मातृकागणको मूर्तिहरू देखापरे पनि गुह्येश्वरीको रूपतत्वलाई गोप्यराखी कलशमात्र दर्शन दिइआएकोले यिनीको विराट रूप तत्व बारे खोजी गर्न सकसक लाग्नु स्वाभाविकै हो । बुद्धिका प्रतीक गणेशको मुख एकातिर छ भने अर्कोतिर दुई हातमा पाश र अंकुश छन् । अरु हातमा त्रिशूल र खट्वाङ्ग नरमुण्ड ध्वजा र त्रिशूल देखा परेका छन् । यी आयुध तथा योग मुद्रा बारे गहिरिएर अध्ययन गरेका खण्डमा शक्ति तत्वभित्र लुकेका कुरा केही अंशमा भए पनि प्रकाशमा ल्याउन सकिएला । यस्तै देवीका विभिन्न आयुध मूर्तिमा मात्र देखा परेका छैनन् कतै कतै मन्दिरमा पनि विभिन्न आयुधहरू कलाको रूपमा अंकित भएको पाउँछौं । विभिन्न देवीका विभिन्न मुद्राका मूर्तिहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिशूल समाएको पाउछौं । त्रिशूल त्रिताप नाशक भएकोले त्रिशूल शिव र शिव शक्तिमा देखा पर्नु स्वाभाविकै हो । अर्को तर्क के छ भने भगवान शंकर जस्तै – कालीको रूप तत्वमा पनि दिगम्बरपना भएबाट जिज्ञासुहरूका लागि अनेक तर्क उठ्नु मामुली कुरा हो । दिशालाई नै वस्त्रमानेर दिगम्बर वा दिगम्बरा हुनुको अर्थ माया देखिन् पर रहेको भन्ने बुझाउँछ । मायाबाट भिन्न रहेपछि सत्त्व रज र तमोगुणबाट पर रहनु स्वाभाविकै मान्न सकिन्छ । मायाबाट पर रहेपछि त्यस आदि पुरुषको कर कमलमा आध्यात्मिक आधिदैविक आधिभौतिक तीन उत्पात नाश गर्ने शक्तिका महान प्रतीक त्रिशूल आदि पुरुष भगवान शंकर तथा महाशक्ति र अर्द्धांगिनी शक्तिका कर कमलमा एक तथा त्रिशूल देखा परेका हुन् ।

माथि वर्णित गुह्येश्वरीका मूर्तिमा पनि केही मात्रामा नग्नता नै देखा परेबाट यही तर्कलाई प्रमाणित गरेर पूरा निर्णय गर्न सकिन्छ कि शक्तिका मूर्तिमा नग्नता देखा पर्नु अस्वाभाविक मान्न सकिन्न । यहाँ विभिन्न स्थानमा योगिनीका दिगम्बरा मूर्ति पनि कैयौं देखा परेका छन् । अन्य योगिनीमा जस्तै श्री गुह्येश्वरीको पनि दिगम्बर स्वरूप देखा परेका हुन् । दिगम्बरा गुह्येश्वरीको वाहनमा स्याल देखापरेकोमा यस्तो निश्चय गर्न सकिन्छ कि महाशक्तिको वाहनमा बुद्धि हुनु स्वाभाविकै हो । महायोगी भगवान शंकरकी महाशक्तिलाई योगिनीको संज्ञा दिए पनि दुई मत हुनुपर्ने कुनै कुरा छैन । जस्तो गुह्येश्वरीको पनि मुद्राबारे विचार गरूँ । सो मुद्रा हेर्दा साथ ताण्डव मुद्राजस्तो देखेता पनि कुनै किसिमको ताण्डव मुद्रा भन्नु मिल्दैन । स्यालको ढाड माथि अर्थात् पृष्ठ भागमा एउटा मात्र पाउ राखेको र एउटा पाउ गुह्यांगमा राखेकोले यस मुद्रालाई योग मुद्रा भन्नु मिल्छ । यस्तै किसिमबाट खोजी गर्दै गएमा विभिन्न किसिमका योगमुद्राहरू भेट्टाउन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महामाया श्री गुह्येश्वरीको पाउ जस्तै अध्ययन गर्नु पर्ने अर्को कुरा के छ भने देवीको शरीरको मध्य भागमा अर्थात् हृदय भागनिर स्थापित दुई वटा करकमल; जसको बारेमा गहिरिएर अध्ययन गर्नु पर्ने देखिन्छ जुन मुद्रालाई कर विन्दु मुद्रा भन्छौं । जुन विन्दुलाई गोप्य नै राख्नु भएकोले गुह्यकालीको नामबाट पुकारेको कुरा प्रमाणित हुन्छ । विन्दुमै ब्रह्माण्ड लुकेको हुन्छ । विन्दु नै सृष्टिको महान् तत्त्व मानिएकोले कर्म तत्त्वका प्रतीक बाहुका अग्रभाग दुई औंलाभित्र विन्दुलाई लुकाएको हुन सक्छ । तर औंलाभित्र लुकेको विन्दु के हो सो बारे व्याख्यान गर्न आगम तथा तंत्र संसारभित्र पुग्न सक्नुपर्छ । अर्को कुरा के छ भने माथि उल्लिखित पाउको बारेमा देवी गुह्येश्वरीद्वारा दाहिने पाउको कुर्कुच्चा गुह्यांगमा किन राखियो यसभित्र पनि केही गुप्त रहस्य छ ।

चण्डीको पाँचौं अध्यायमा लेखिएको श्लोक यस प्रकार छ ।

यादेवी सर्व भूतेषु लज्जा रूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।।

यो मूर्तिबाट यस्तो शिक्षा पनि पाउँछौं मानिसमा केवल शक्तिमात्र भएर हुन्न । श्रद्धा र शक्तिका साथमा लज्जाको अभाव भयो भने धर्मको मर्यादा कायम हुन सक्तैन । देवता पछिको दोस्रो श्रेणीमा मानिस रहिआएकोले यस मर्त्यलोकमा गुह्येश्वरी पीठको प्रादुर्भाव भएको पनि सानु कारण मान्न सकिन्न । एकत भगवान् शंकरकै राज, दोस्रा हिमवत् खण्ड भएकोले मर्त्यलोकमा पनि नेपाल खण्डमा श्री गुह्यकाली माईको प्रादुर्भाव भएको हुन सक्छ । मूर्ति तत्त्वमा देखा परेका विभिन्न मुख मध्ये घोडाको मुखलाई लिउँ । घोडा चारखुट्टे पशु मानेता पनि तुच्छ वस्तु मान्न सकिन्न । वेगशक्तिको प्रतीक घोडालाई लिएकोले सृष्टि पालन संहार अन्तरगत पर्ने जति पनि कर्म छन् ती कर्ममा बुद्धि र शीघ्रताको लागि वेग शक्तिको सहायेगको आवश्यकता पर्छ । त्यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणले श्री गुह्यकालीको मूर्तरूपमा बुद्धि र वेगका महान् प्रतीक स्याल र घोडा देखापरेका हुन् । देवीका विभिन्न मुखहरू मध्ये एकातिर हात्ती र एकातिर घोडा सोही मूर्तिमा देखापरेको र पाश अंकुश देखा परेको आयुधको लक्षणबाट विचार गर्दा श्री गुह्यकालीको मूर्त रूपबारे साधारण निर्णय गर्न पनि मुश्किलै पर्ला ।

देवीको बहुरूपमा देखा परेका विभिन्न रूपतत्त्व अन्तर्गतका विभिन्न रंगहरूको पनि यहां उल्लेख गर्नु आवश्यक देख्छ । देवीका विभिन्न रूपतत्त्वमा देखा परेका रंगहरूमा सेतो पनि प्रमुख रूपमा रहेका छन् । सेतो,क्षमा शान्तिको प्रतीक हो । देवीका विभिन्न रूपमा माहेश्वरी-को रूप सेतो छ । यता देवी गुह्यकालीका विभिन्न मुखमध्ये कुनैमा सेतो देखा परेकोले सत्त्व गुणका प्रतीक पनि 'श्री' मा भएको मान्न सक्छौं । ईश्वर तथा ईश्वरीमा सत्त्व गुण प्रधान हुनु स्वाभाविकै हो । त्यसैले सगुणका सामग्रिमा दहीलाई प्रमुख स्थान दिएको हुन सक्छ । सेतो कीर्तिका पनि प्रतीक हो । सेतोका साथसाथमा पहेंलो पनि श्रीका अंगमा शोभायमान छन् । देवीका पोशाकमा र ब्रह्मचारीको धोती तथा नारायण र कृष्णको पोशाकमा देखापरेको पहेंलो रंगको अर्थ के हो ? यसबारे अध्ययन हुनु आवश्यक देखिन्छ । ब्रह्मचारीले जुनसुक विद्या अध्ययन गर्दा पनि चांडो टिप्न सकेस भन्ना यही पहेंलो धोतीले हो त्यसैले यसलाई विघ्न स्तम्भनको मतलब दर्शाएको हुन सक्छ । विद्यारूपी ऐश्वर्य प्राप्तिमा बाधा नपरोस् भन्ने हेतुले पहेंलो धोती ब्रह्मचारीहरुमा र श्राद्धादि कर्ममा पितृसंतोषको लागि समेत पहेंलो धोतीलगाएका पनि देखिन्छ । पहेंलो धोती देवीमा देखा परेको कारण सृष्टि र पालन कर्ममा कुनै किसिमको बाधा विघ्न नआओस् भन्ने हेतुले कूर्म अवतारकी महाशक्ति बगला मुखी र अन्य देवीमा समेत पहेंलो धोतीको शोभाले ठूलो प्रभाव पारेको देखिन्छ । जस्तो पहेंलो धोती हो त्यस्तै पहेंलो टीकको पनि ठूलो महिमा छ । पहेंलो टीकाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महिमावर्णन पद्मपुराणको द्वारका खण्डमा उल्लेख भएको छ । कृष्णको लीलामा जस्तोमुकै अद्भुत र भयानकता देखापरे पनि शान्त र श्रृंगार रस धेरै पाउँछौं । जस्तो राधाकृष्ण हो त्यस्तै लक्ष्मी र भगवान् नारायणको मूर्तिमा पनि पहेंलो धोती पहिराएको देख्छौं । साधारण दृष्टिले विचार गर्न हो भने सेतोलाई शान्ति र कीर्तिका प्रतीक माने जस्तै पहेंलोलाई षडैश्वर्यका प्रतीक श्री तत्त्व मान्न सकिन्छ । अन्न तथा ऐश्वर्यकी अधिष्ठातृ देवी लक्ष्मीनै मानिआएकोले पहिरनमा पीताम्बर र हातमा धानको वाला भएकोले र लक्ष्मीको वर्ण समेत विचार गर्दा पृथ्वी तत्त्व पहेंलोलाई मान्न सकिन्छ । ईश्वर तथा ईश्वरीको उपासनामा आइलाग्ने वाधा विपत्तिका प्रतीक कामलाई दबाउने शक्ति पहेंलोमा छ । शान्त र श्रृंगार रसका कुनै तत्त्व यस रंगलाई मानेता पनि यसको घनिष्ठ सम्बन्ध तेज तत्त्वसंग पनि देखिन्छ । ऐश्वर्यका सम्बन्धआउने उपद्रव शान्तिका लागि प्राचीन महर्षिहरूले पहेंलोलाई विभव स्तम्भन गर्न तत्वका रुपमा यसलाई लिएका हुन् । कूर्मवितारकी महाशक्ति विद्या वगलाको पोशाक पहेंलो छ । यस्तै किसिमले पहेंलो रंगका साधना देखा परेका रातोलाई लिउँ जस्तो श्रीको प्रतीक पीताम्बर हो त्यस्तै रातो पनि हो । रातो पनि तेज तत्त्वसंग सम्बन्धित छ । जस्तो पहेंलो ब्रम्हचर्यादि तपको प्रतीक हो । त्यस्तै तपको लागि नभै नहुने शक्तिका प्रतीक रातोलाई मानिन्छ । शक्तिनै कर्मयोगका प्रतीक हुन् । शक्तिनै सौभाग्यका साधन पनि हुन् । विना शक्तिले ऐश्वर्य प्राप्ति हुनु असम्भव छ। महा विद्याका विभिन्न गणहरूमा मातङ्गीको पोशाकमा रातो पाउँछौं। रातोको प्रमाण श्रीमातङ्गीको ध्यान श्लोकले दर्शाउँछ ।

ध्यायेऽहं रत्न पीठे शुककल पठितं शृण्वती श्यामलाङ्गीम्
त्यस्तै- काङ्घस रोज शशिशकलधरां बल्लकींवाद यंतीम् ।
कल्हारा बद्धमालां नियमित विलसच्चूलिकां रक्तवस्त्राम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातङ्गीं शङ्खपात्रां मधुमद विवशो चित्रकोभ्दासि मालाम्

रातो सौभाग्यका प्रतीक मात्र होइन कि रजो गुणको प्रतीक पनि हुन् । रजो गुणको प्रतीक भए पछि कुनै क्षेत्रमा खतरा सूचक रंगमानेका पनि छन् । अग्नि तत्त्व संग यसको सम्वन्ध देखिन्छ । ब्रम्हाण्डका लागि नभैनहुने तेज अर्थात् अग्नि तत्त्व पनि हो । सौभाग्यको पनि प्रतीक मानिएकाले त्रिपुर भैरवीका पोशाकमा रातो र आसन पनि रक्त कमलनै देखिन्छ । महासमर शूर वीर गति प्राप्त नर मुण्डमालाले शोभायमान हुनु भएकी त्रिपुर भैरवीका करकमलहरूमा दायाँ तिर अभय र वर दिने मुद्राको करकमल र बायाँतिर माथिल्लोमा जपमाला र पुस्तक देखापरेकोले रातो खतरा सूचक चिन्ह कुनै क्षेत्रमा मानेता पनि विदया र श्रीका प्रतीक हुन् । राज्यलक्ष्मीको केही सांकेतिक चिह्न रातोलाई लिन सकिन्छ । रंगसुहाउँदो त्रिपुर भैरवीको ध्यान पनि तल दिइन्छ ।

उदयद्भानु सहस् कान्ति मरुण क्षौमांशिरो मालिकां
रक्तालिप्तपयोधरांजपवटीं विदया मभीतिं वराम् ।
हस्ताब्जैर्दधतीं त्रिनेत्र विलसब्दक्त्रारविन्दश्रियं ।
देवींवद्ध हिमांशु रत्न मुकुटां बन्दे समन्द स्मिताम् ।।

यस्तै किसिमले देवीका विभिन्न रूपमा प्रायः रातो रंगनै पाउँछौं ।

ती देवीहरू मध्ये कुनै कालीको रूपतत्त्वमा सेतो पाएता पनि रातोकै बहुमत कालीका मूर्तिमा पाइन्छ । रातो रजो गुणका प्रतीक मानेता पनि सुख र सौभाग्यमा रातोकै प्रमुख स्थान रहिआएकोले विभिन्न शक्तिले बास गरेको कर्म तथा वीर भूमि नेपालका राष्ट्रिय रंगमा सिम्रिकले स्थान पाएका हुन् । रक्त वर्ण हुदैमा सवै रूप भयंकरै हुनु पर्छ भने कुनै त्यस्तो नियम छैन । जस्तो बगलाको स्वरूप शान्त जस्तो देखिएता पनि शत्रुको जिब्रो तानेको रूप हेर्दा अद्भुत रस त्यसमा झल्कन्छ । त्यसैले उग्ररूपा कालीको रूपमा कतै कालो कतै नीलो र रातो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखा परेबाट शाक्त सम्प्रदायीका अतिरिक्त अरू पनि अध्यात्म चिन्तकहरूले गहिरो अध्ययन गर्नु आवश्यक देखिन्छ। रामावतारमा सोही कालीले उग्ररूप लिई उग्रताराको रूपमा संग्रामलाई चाँडो सुसम्पन्न पारेता पनि सोहि काली ललिताको रूपमा अर्थात् पुरुषको रूप लिएर अर्थात् द्वापर युगका बिभूति कृष्णरूप लिएर सबैमा मोहिनी छरेको कुरा गर्ग संहिताको र श्री भद्भागवतको पानाले बताउँछन्।

जुन कालीलाई ललिता नामबाट पुकाछौं ।

कदाचिदादद्या ललिता पुंरूपा कृष्ण विग्रहा

लोक सम्मोहिनार्थायिस्वरूपंविभ्रतिपरम् ।।

वेणुनाद समारम्भ सर्व संमोहन क्षमम् ।। (शक्ति संगम तन्त्र ।)

यस्तै किसिमले महाकाल संहिता लेखिएकोछ ।

स्त्रीणांत्रैलोक्यजातानां कामोन्मादैक हेतवो ।

वंशीधर: कृष्णदेव: प्रकृति विंष्णुरूच्यते ।

उभयोर्मेलनाद्देवी शिव शक्तिर्हि गीयते ।।

कुलार्णव तन्त्रको प्रमाण अनुसार–

न्यास प्रियातु श्रीविदद्या कालीतु मैथुन पि्रया ।

यस कारण गोकुलमा कृष्णले जुन रासलीला बिहार गर्नु भो त्यसलाई दूतियाग मानिएका छन् ।

गोकुल छाड्नु भन्दा पहिले भगवान् कृष्णलाई जुनमूर्ति मानियो सोही कृष्णले गोकुल छोड़े पछि ज्ञान मूर्ति बन्नु भयो। कर्म अनुसार ईश्वरको स्थिति फरक हुनु स्वाभाविकै हो। सोही कृष्ण द्वारका वासी हुँदा उत्तराम्नायात्मक स्वरूप बन्नु भो। त्यस्तै कालीको अवस्थानुसारको रंग हुनु स्वाभाविकै हो। कालीका रूपमा कतै कालो कतै सेतो कतै नीलो र कतै रातो पनि पाउँछौं। जस्तो रक्तकाली काठमाडौंको टेंगलमा, श्वेतकाली नर देवी नेतपाचो टोलमा भव्य मन्दिरभित्र विराजमान भएकी छिन्। जुन मूल शक्तिबाट पंच रश्मिको प्रादुर्भाव भएकोछ ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पंचरंगी रश्मिनै पृथ्वीजलतेज आकाश वायुको प्रतीक मानिन्छ । प्रकृति र गुण अनुसार देवीको स्थान, स्थिति अनुसार फरक फरक रंग हुनु स्वाभाविकै हो। रंग अनुसार मुद्रा र नाम फरक हुनु पनि अस्वाभाविक मान्नसकिन्न सोही काली पनि कहिले ताराको रूपमा रहेर ती तारा पनि कहिले खड्गयोगिनी र बिजयेश्वरीको नामबाट प्रख्यात भएको देखिन्छ। विजयेश्वरी विष्णुमतीकिनार सौभाग्य भगवती अर्थात् शुभाभगवती– बाट पश्चिम भागको माथिल्लो कर्णद्वीपमसानको सन्निधानमा विराज मान छिन् । सोही काली दुई रूपमा छिन्न मस्ताको दक्षिण र बाम भाग- मा नील काली तथा श्वेतकालीको रूपमा छिन्न मस्ताको कण्ठबाट निस्केका रगतका धारा पिइरहेको देखछौं । ती नीलकाली को हुन्? यस– बारे अध्ययन हुनु परमावश्यक देखिन्छ । नीलोको अर्थ आकाश अर्थात् शून्य हो । योगिनीलाई कतै आकाशदेवीको संज्ञा पनि दिएका छन् । अहंकार तमोमय शरीरको कण्ठ भाग छेदन गर्दा निस्केका रगतका तीन धारामा एक धारा आफ्नै मुखमा पारेको देखिन्छ । ती हतियार के हुन्? विना ज्ञानले अज्ञानको नाश हुन सक्तैन । त्यो खड्ग ज्ञान हो । आफ्नै हातमा रहेको शिरको मुखमा एक धारा परेको छ; यसको रहस्य केहो । पुराण उपनिषद्ले वताए अनुसार हाम्रो शरीर पनि आध्यात्मिक संसार मान्न सकिन्छ । सोही शारीरिक भागको मूल द्वार मानिएको मानसिक शक्ति द्वारानै महाशक्ति तत्त्व ईश्वरको साधन भेट्टाइने हुँदा शरीरको प्रतिनिधित्व गर्ने शिरलाइ शरीरबाट अलग पारेर पनि आफ्नै करकम- लमा आफ्नु शिर राखेर सोही शिरको मुखमा आफ्नै रगत पिलाउनु पनि अद्भुतकै कुराहो । अर्को धाराचाहिं दायाँ बायाँका गणलाई पिला- उनुको अर्थ के हो ? यस्तो मूर्ति बारे गहिरिएर अध्ययन गर्दा यही कुरो पत्तो लाग्छ कि मानवताका महान् शत्रु अहंकारलाई छेदन नगरे- सम्म कामलाई पनि वशमा पार्न नसक्ने हुँदा देवीले आफ्नु अहंकारमय शरीरको प्रमुख अंग शिरलाई आफ्नै हतियारले छेदन गर्नु भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानसिक अवस्था सब दिन एकनास नहुने र मानसिक भाव व्यक्त गर्ने मुखबाट अनेक वाक्यहरू अनेक समयमा निस्कन्छन् । शत्रु मित्र तथा बन्धन पनि सोही मुखबाटै प्राप्त हुने हुँदा अहंकारलाई छेदन नगरेसम्म आध्यात्मिक सम्पत्तिमा क्षमा, दया, मैत्री करुणा, अनन्तको कल्याणार्थ लाखौं शत्रुसंग संघर्ष गर्न सक्ने क्षमता अर्थात् वीरता प्राप्त गर्न सकिँन। देवी छिन्न मस्ता सत्त्व, रज, तमबाट अलग रहनु भएकोले ती महाशक्तिलाई कतै त्रिगुणातीतको संज्ञा पनि कतैकतै दिएको पाउछौं । यो ता केवल वाह्य रूपमात्र हो । जसको शरीरबाट शिर छुटे पनि समाजमा खराब असर पर्ने प्रेरणा दिएको सम्झनु हुन्न । ती खड्ग आदि हतियारहरूलाई पनि अज्ञान नाशक महाशक्तिका प्रतीक मान्नु पर्छ । काम–क्रोध लोभ मोह मदमात्सर्यका कुभावना रूपी सैनिकहरूसंग सामना गर्नु भन्दा पहिला सेनानायक अहंकारकै नाश हुनु आवश्यक देखिन्छ । त्यसको लागि ज्ञान रूपी खड्गनै सर्व श्रेष्ठ हतियार मानिएका छन् । अहंकार नै जन्म जराव्याधिको मुहान् पनि मानिन्छ । ती अहंकारलाई संहार गर्न पनि ज्ञानमय शक्तिकै आवश्यकता पर्छ । आध्यात्मिक क्षेत्रका लागि नभै नहुने जुन शक्ति विद्याहो त्यसैलाई महाविद्या मानिन्छ । देवीका साथमा रहेकी स्वेतकाली शान्तिका प्रतीक र महान् स्वच्छ र निर्मलताका प्तीक पनि मान्न सकिन्छ । त्यसैले छिन्न मस्ताको मूर्त रूपमा देखा परेको रगतको एक धारो श्वेतकालीको मुखमा परेको हो । नील–काली अनन्त संख्यामा परेको शून्य र व्यापकताका महान् प्रतीक हुन् । इडा र पिंगला सुषुम्ना तीन धारा रगत शरीर रूपी आध्यात्मिक संसारका तीन महानदी गंगा यमुना सरस्वती हुन् । दुइ धारा नील काली र श्वेतकालीको मुखमा एक धारो आफ्नै कर कमलमा रहेको मुखमा परेको देखिन्छ । तेस्रो धारालाई सरस्वती मान्न सकिन्छ । कामलाई नजितेसम्म क्रोध लोभ मोह अभिमान ईर्ष्यालाई पनि नियन्त्रणमा राख्न नसक्ने कुराको प्रमाण श्री छिन्न मस्ताको पाउमुनिको बिपरीतारतले दर्शाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषको अवतारमा परशुरामलाई मानिएका छन् भने तत्कालीन शक्तिलाई छिन्न मस्ता मानिएका छन् । कामविजयी छिन्नमस्ताको ध्यान श्लोक यसप्रकार छ ।

छिन्न मस्ता करे बामे धार यन्तीम् स्वमस्तकम्
प्रसारित्त मुखी भीमांले लिहानाग्र जिह्वि काम् ।। इत्यादि

एक धारो रगत करकमलमा रहेको मुखमा पर्नुको अर्थ के हो भने टाउको शरीरको प्रतिनिधित्व गर्ने मूल तत्त्व (ब्रह्म रन्ध्र वा ब्रह्माण्ड पनि शिरो भागमै परेकोले तेस्रो सुषुम्नानामको धारो अर्थात् सरस्वती मुखमा पर्नु स्वाभाविकै हो ।

जसलाई हामी ब्रह्मसरस्वतीको समागम मान्छौं महाशक्तिको पाउमुनि रहेको विपरीतासनको आधारनै पृथ्वी छिन् । पृथ्वीको काखमा पुरुष र त्यसको उपरि भागमा स्त्री र त्यसको माथि महाशक्ति छिन्न मस्ता विराजमान भएकोले विश्वमा शक्तिनै प्रधान छ भन्ने प्रमाण स्पष्ट छ शक्ति आधारमा विश्व ब्रह्माण्ड अडेको छ । शक्तिकै विषयमा अध्ययन गर्दै जाउँ । विश्वका विभिन्न पूजाक्रममा शक्ति पूजानै प्रधान मानिआएका छौं । तन्त्र शक्तिकै ग्रन्थ हुन् । तन्त्र मनि बेदलाई बल प्रदान गर्ने मूल आधार स्तम्भ मानिन्छ । वेद ज्ञान भए तन्त्र विज्ञान हुन् । विना कृपाले ज्ञान पनि ज्ञान बन्दैन । ज्ञानको साकार रूप क्रिया हो जुन क्रियालाई नै विज्ञान मानिन्छ । मानिस वैज्ञानिक बन्छ ज्ञान र शक्तिकै आधारमा ।

यादेवी सर्व भूतेषु शक्ति रूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालको स्थापत्य कलामा पञ्च मकारको प्रभाव

चित्र मौन कविता हो कविता मुखर चित्र हो ।

महाकवि शेलीको यस वाणिलाई साकार पार्न कसैले चित्रमा आफ्नु भावव्यक्त गरेका छन् भने कसैले आफ्नु भाव प्रस्तर काठ वा माटो र धातुमा चरित्र चित्रणद्वारा व्यक्त गरेका छन् । यी वाणि व्यक्त हुनु भन्दा पहिले पनि कैयौं मूर्ति मन्दिर मस्जीद मठ गुम्बाहरू विश्वमा देखा परेकैले पनि माथि उल्लिखित महा वाणिहरू व्यक्त भएको पनि हुन सक्छ ।

यहाँका स्थापत्य कला र तन्त्र सम्प्रदाय विचार गर्दा कला संस्कृतिको अध्ययनमा जीवनको एक शताब्दि बिताए पनि पुग्दैन । यहाँ पर्यटन विकास हुनु भन्दा पहिले पनि फाटफुट फाटफुट भीमफेदी कुलेखानीको बाटो गरी आउने विदेशी विद्वानबाट नेपाली कला तथा संस्कृतिको बारेमा अप्रत्यक्ष रूपमा भएपनि अध्ययन गर्ने मानिस उसवेला छैन भन्न सकिन्न । नेपाली इतिहासको बारेमा खोजी गर्नेहरुमा सिलवान लेभी र जिसेफ तुची आदि धेरै विद्वानहरूले यहाँको संस्कृति वाङ्मयलाई सक्दो मात्रामा छर्लंग्याउनु पनि विश्वका धेरै जिज्ञासुहरूका लागि गौरव मान्नुपर्ने कुरा छ । तर मन्दिर तथा मूर्तिको बारेमा र कामकलाको बारेमा खोजी गरी राम्रो निर्णय गर्न अझै समय लाग्छ ।

भावनाको मूर्तरूप हिमवत्संस्कृतिमा फक्रेका कमलसरिका देवालय तथा मूर्ति र पादपीठ तथा जलहरि बारे गहिरिएर अध्ययन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दा शक्ति अर्थात् महामाया दुर्गा चाहिं पार्वती वा लक्ष्मी नै होस् अथवा कुनै देवीप्रति बढी आस्था भएको स्पष्ट देखिन्छ। शिव लिंगकै ढंगमा नारायणको चतुर्मूर्ति स्थापना गर्नेले पनि श्री लक्ष्मी र पार्वतीको कल्पना-मा जलहरि माथि कमल र त्यसमाथि देखा परेको चतुर्मूर्ति नारायणको बीच भागको शिला शिवलिंगको आकृति जस्तो देखिन्छ । कमल र जलहरि एकै स्थानको मध्य भागमा देखा परेबाट लक्ष्मी र पार्वती सहितको हरिशंकरको प्रमाण सिद्ध गर्न सकिन्छ । तन्त्रकै दृष्टिले हेर्ने हो भने मन्दिर चाहे लक्ष्मी नारायणको अथवा हरिशंकर वा उमा महेश्वरकै किन नहोस् ती मन्दिरहरूमा पनि मत्स्य मांस मुद्रा मद्य मैथुन मध्ये मत्स्य मुद्रा मैथुनलाई शैव वा वैष्णव र शक्तिका मन्दिरमा काम कलाहरू विभिन्न मुद्रामा मन्दिरका चारै दिशाका अङ्गहरूमा देवदेवीका विभिन्न भावभङ्गिमाका मूर्तिको पादपीठमा एकदम अश्लील असम्भव खालका काम मुद्राहरू समेत समावेश भएकोले विभिन्न समाज-ले विभिन्न तर्क निकालेका छन् । काम कलाले विभूषित मन्दिरमा चर चांडर अर्थात् दैवी प्रकोप हुन सक्तैन भन्ने धारणा पनि विश्वास गर्न लायकको छैन, कामकला अङ्कित नभएका मन्दिरहरूमा मात्र वज्रपात हुनुपर्ने किन भएन ? श्रद्धाले देवताको मूर्ति विधिवत् स्थापना गरेपछि त्यस स्थानमा देवताले वास गर्छ भन्ने विश्वास भएपछि मन्दिरमा चटचांग पर्छ भन्ने शंका उप–शंका निकाल्नु उपहासास्पद कुरा हो। ती मन्दिरका विभिन्न अङ्ग मध्ये टुँडालका मूर्तिकै पाद मूलमा यी काम कलाहरू विभिन्न मुद्रामा देखा परेकोले यी काम मुद्राहरू भोग विलास गर्नेहरूका लागि नमूनाको रूपमा मात्र नरही योग दर्शनमा समेत यी काम मुद्राले स्थान पाएको कुराबाट स्पष्ट हुन्छ ।

उदाहरणको रूपमा चार नारायण मन्दिर मङ्गल बजारलाई लिन सकिन्छ। जहाँ चतुर्मूर्ति नारायण भित्र र बाहिर भागमा नारा-यणकै विभूति नृसिंह वामनादि देव मूर्तिको साथै पुराणहरूमा वर्णित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुका चरित्र सुहाउँदो अन्य सत्वमूर्तिका पाद पीठमा पनी असम्भव खालका रतिकलाहरू देखा परेकोमा समय हेरी विभिन्न तर्कहरू प्रस्तुत गर्न सकिन्छ ।

कमलासनमा उभेको नारायणको चतुर्मूर्तिको शिलाको मध्य भाग शिव लिङ्गको आकृति र तल्लो जलहरि हेर्दा मन्दिर भित्र शिव शक्ति पनि सोही नारायणकै मूर्ति रूपसंगै मिलेको प्रमाणित हुन्छ । सोही आधारमा विचार गर्ने हो भने मन्दिरका टुँडालमा विभिन्न वानाका काम मुद्राहरू देखापरेकोमा काम मुद्राहरू जति सुकै फोहर घिनलाग्दो माने तापनि साधारण मानिसहरूबाट विभिन्न वानाका सम्भोग बिलकुलै असम्भव देखिएकोले महाशक्तिशाली पुरुषबाट मात्र सम्भव देखिन्छ । त्यसैले यी काम सम्भोगका अश्लील काष्ठ चित्रहरूलाई देव मूर्तिको चरण मुनिको भागमा स्थान दिएको स्पष्ट प्रमाणित भएको मा न्न सकिन्छ ।

तन्त्र सम्प्रदायको प्रभाव नपरेका भए मन्दिरमा सिंह मकर तथा मत्स्य र कलश देखा पर्ने थिएन होला । कुनै कुनै मन्दिरमा भित्री मूर्तिको एउटा मुद्रा भए बाहिरी भाग अर्थात् द्वारको तोरणमाथि भित्री देवताको प्रतिनिधित्व गर्ने मूर्तिको रूप तथा मुद्रा भिन्नै देखिए-बाट गहिरिएर अध्ययन गर्नुपर्ने देखिन्छ ।

विष्णु वा कृष्ण शिव वा अरू जुनसुकै देवताका मन्दिरमा सिंह द्वारका दायाँ बायाँ देख्छौं भने कतै देवीका वाहन नै सिंह छ । यसको रहस्य के हो ? मूर्ति कला र वास्तुकलामा सिंहले स्थान पाएकोमा केही तर्क उठ्नु स्वाभाविकै हो । राष्ट्र र साम्राज्यको नायकत्वका प्रतीक मानिएकोले देवताका आसनमा राज प्रासादहरूमा जुनसुकै सम्प्रदाय अर्थात् बौद्ध शैव वा विष्णुसंग सम्बन्धित मन्दिरका दायाँ बायाँ सिंहले विभूषित पारेका छन् । यति मात्र हैन कि अतीत काल देखिन् ईशनस्तो नासो चलाउन आएका प्राचीन हिन्दु राजाका शक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यताकै प्रतीक मूल आसनमा समेत सिंह भएकोले जुन वस्तुलाई सिंहासन भनिन्छ त्यही सिंहासनलाई धैर्य र महान् साहसका प्रतीक मानेर नै संस्कृतिका अनेक तत्त्वहरूमा समेत सिंहले प्रमुख स्थान पाएका हुन् । हामीले मन्दिरमा देवता वा देवीको दर्शन गर्न जाँदा सबभन्दा पहिले देखिने सिंहका युगल मूर्ति नै हुन् । द्वारका दायाँ बायाँ रहेका सिंह पनि भाले र पोथी भएकोले मन्दिरमाथि टुंडालमा जस्तोसुकै सात्विक मूर्ति भएपनि असम्भव चालको काम मुद्राले मन्दिरलाई विभूषित पारेकोले वात्स्यायन तथा अन्य दूरदर्शी विद्वान्‌बाट तयार गरेका काम सूत्रहरूको अध्ययन परैं रहोस् आध्यात्मिक तथा भौतिक दृष्टिले विचार गर्दा यही कुरो निर्णयमा आउँछ । जुनसुकै क्षेत्रमा पनि इन्द्रिय चञ्चलताबाट कुनै कार्य सिद्ध हुन सक्तैन । जुन विषयबाट आफ्नो सुरक्षा हुन्छ, जसलाई नियन्त्रणमा राख्दा आफू बरालिन सक्तैन सोही वस्तु युगको हाँकअनुसार प्रयोग गरी असल मार्गको अनुसरण गरेमा आफू र अरूको रक्षा हुने जुन तत्त्व हो सोही तत्त्वलाई तन्त्र विज्ञान मान्छौं । ती तन्त्रमा आधारित तत्त्व भित्र परेका मैथुन पनि सांसारिक तत्त्वका मूल तत्त्व मनिएकोले देवमूर्तिको किनारमा यी कामकलाका विभिन्न बानाहरू योग दर्शन सुहाउँदो रूपमा देखा परेका हुन् ।

जस्तो हाम्रा विभिन्न धार्मिक सम्प्रदायमा अष्ट मंगलले ठूलो स्थान ओगटेका छन्, संस्कृतिकै अनुकूल हिमवत् खण्डको आर्यावर्तभित्र देखा परेका मन्दिरहरूमा पनि अष्ट मंगलले ठूलो स्थान ओगटेका छन् । यी आठ मंगलका केही पछिल्ला पंक्तिमा परेका सगुण तत्त्व माछालाई नै लिउँ जुनमा छ सगुण तत्त्वका प्रमुख हुन् । जोडा माछाले स्थान ओगटेबाट अष्टमंगलभित्र पनि तन्त्र सम्प्रदायभित्र पर्ने पांच मकारका एक मकार जोडा माछालाई स्थान दिएबाट शक्ति र पुरुष तत्त्वको स्थान भएको स्पष्ट हुन्छ ।

पुराणहरूमा वर्णित कामदेवका ध्वजामा पनि माछा नै रहेकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम कलाका प्रतिविम्ब कैं जोडा माछा अन्य काम कलाका विभिन्न मुद्राहरू कुनै कुनै मन्दिरमा देखा नपरेता पनि यी जोडा माछाहरू मन्दिरमा देखापरेबाट पञ्च मकारभित्र पर्ने मैथुन मन्दिरका कुनै भागमा समावेश गरेको हुन सक्छ । हाम्रो संस्कृतिको आधारमा देखापरेका प्राचीन घर तथा मन्दिरहरूमा माछा मात्र देखापरेको छैनन् भगवान् विष्णुका परम प्रिय चिन्ह श्रीवत्स पनि देखापरेका छन् । श्रीवत्स र कमल, शक्ति र पुरुषका प्रतीक भएकोले अष्टमंगलका पंक्तिमा श्रीवत्स पनि देखापरेका छन् । श्रीवत्स र कमल शक्ति र पुरुषका प्रतीक भएकोले अष्टमङ्गलका पंक्तिमा श्रीवत्सपछि कमलले दोस्रो स्थान लिएको हुन सक्छ । शिव शक्ति होस् अथवा लक्ष्मीनारायणकै अथवा अरू कुनै देव देवीका आसनमा समेत कमल देखा पर्नुका साथै कुनै कुनै मन्दिरका गजूरमा समेत कमल देखा परेबाट स्थापत्य कलामा शक्ति तत्त्वले स्थान ओगटेको स्पष्ट छ । मन्दिरको माथिल्लो भागमा कतै कतै कमल माथि कलश अडचाइएका पनि छन् जसलाई गजूरको रूपमा लिएका छन् । शक्ति र श्रीका रूपमा देखापरेकाले धार्मिक विश्वास-अनुसार खराव सपना देख्नेहरूले विहान उठ्नासाथ मन्दिरको गजूर दर्शन गरेको पनि कतै कतै देख्छौं । तर कुनै कुनै मन्दिरका गजूरमा कलश र कमलमात्र देखापरेका छैनन् कि कतै कतै छत्र कलश र त्यसको मुनि कलल पनि देखापरेका छन् ।

छत्र व्यापकताको प्रीतक हो । मन्दिरको सर्वोपरि भागमा श्री को प्रतीक कलश र व्यापकताको प्रतीक छत्र देखापर्नु स्थापत्य कलामा हाम्रो हिन्दुत्वभित्र लुकेको ईश्वरीय साधनको परिचय दिनु हो । मन्दिरको माथिल्लो छानामाथि वा द्वारका भागमा पनि छत्र कमल कलश श्रीवत्स चिन्ह सहितको (ज्वाला न्हायकँ) ऐनाले यिभूषित हुनु केवल शोभाको निमित्त भात्र नभै देवता वा देवीसंग आध्यात्मिक सम्बन्ध जोड्ने मानवीय जीवन दर्शनको परिचायक तत्त्व मान्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । श्रीवत्स कमल छत्रका साथ साथमा ध्वजा पनि मन्दिर सिंगार्ने साधारण तत्त्व मात्र नभै राजकीय चिन्ह तथा व्यावहारिक दृष्टिले हेर्दा क्षेत्रअनुसार नभै नहुने रजोगुणका प्रतीक पनि मानिएका छन् ।

जस्तो मन्दिर निर्माणमा पूर्णताका प्रतीक गजूरलाई मानिएका छन् भने उता तन्त्र सम्प्रदायमा स्थान दिएका यी धार्मिक चिन्हहरू राष्ट्रिय संस्कृतिका प्रतीक विभिन्न वानाका तल्ले मन्दिरहरूमा देखापर्नु केवल शोभाको रूपमात्र मान्न सकिन्न ।

यी आध्यात्मिक श्रृंगारहरूमा जस्तो गजूरले सम्प्रदायको परिचय दिइन्छ भने छानामुनि रहेका टुँडालका शक्ति तथा पुरुषका विभिन्न भाव भङ्गिमाका मूर्तिहरूले अध्यात्म दर्शनको सारतत्व तन्त्र दर्शनको परिचय दिएकाछन् । छानाको आधार टुँडालहरूमा मन्दिर भित्रका मूल देवतासंग सम्वन्ध भएका देव देवीका मूर्तिहरू साधारण दृष्टिले हेर्दा नाचेकै रूपमा देखा परेतापनि पाउ उचालेर घुंडा भन्दा माथि पाउको आधाभागमात्र छाएका र पाउको पछिल्लो भाग कुर्कुच्चा चाहिं जुन भागमा परेको छ सोही बारे विचार गर्दा यस मुद्रालाई ताण्डव,अर्थात् नाचेको मुद्रा भन्नु भन्दा योग मुद्रा भन्नु ठीक पर्ला ।

कुनै कुनै मन्दिररा काम कलाका विभिन्न वाना मध्ये एउटै पनि छैन । विभिन्न हतियार दर्पण कमल आदि लिएका मूर्तिहरू मध्ये कुनैमा हातको पोजले देखाएका भाव भने गहिरिएर अध्ययन गर्नु पर्ने खालको छ । कुनै हात बरदान दिने मुद्राको छ भने कुनै हात नविराऊ नडराऊ-को भाव प्रदर्शन गर्ने अभय मुद्राको छ । योगसंग सम्बन्धित विभिन्न काष्ठमूर्तिका पादपीठमा ईश्वरका सृष्टिमा देखापरेका विभिन्न जीवजन्तु तथा कुनैमा अप्सरा र कुनैमा स्थापत्य श्रृंगारका बुट्टाहरू छन् भने कुनै मन्दिरमा बहुसंख्यक मात्रामा विभिन्न ढंगका काम कलाका ाष्ठकला चित्रहरू समावेश भएबाट विभिन्न तर्क उठ्नु स्वाभाविकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो ।

मन्दिरमा मूल देवता गणेश शिव विष्णु दुर्गा अथवा कुनै देवता होस् मन्दिरभित्र पस्दा हाम्रो शिरानमा पर्ने तोरण भन्दा माथि टुँडालको किनाराको भागमा रहेका ती घृणित चित्रहरूले देव मूर्तिका साथमा स्थान लिनु आश्चर्यको कुरा हो । देब मूर्तिका पादपीठमा रहेका यी घृणित मूर्तिहरू साधारण मानिसको रूपमा मात्र मान्न सकिन्न । किन भने यी असम्भव कामासनहरू विभिन्न मुद्रामा देखापरेबाट शक्ति र शाक्तसंग सम्वन्धित तन्त्र शास्त्रले मान्यता दिएका कुनै देवगण वा यक्ष या अरू कुनै हुनुपर्छ । तन्त्र शास्त्रकै आधारमा मन्दिर निर्माण गर्दा वास्तु पूजा स्थापना आदि काम हुने र पञ्च मकार अन्तर्गतको तत्वहरूमा मत्स्य मुद्रा मैथुन देखापरेबाट हाम्रो स्थापत्य काल हिमवत्खण्डको तन्त्र सम्प्रदायबाट अलग मान्न सकिन्न । मन्दिरका चार कुनामा रहेका जीव मन्दिरको अगाडिको सिंह र नदीको वाहुल्य भएको देशमा देखापरेका मन्दिर अन्य अङ्गहरूमा मकर अर्थात् हिति नङ्गलको मुखमा खडा रहेकी गंगाको मूर्तिले पनि नेपालको स्थापत्य कलामा तन्त्र सम्प्रदायको कम प्रभाव परेको छैन भन्ने कुरा दर्शाएका छन् ।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव ताण्डव
मल्लकाल
सुनधारा सुन्दरी
चोक, ललितपुर
(हेर्नू पृष्ठ ६८)

तन्त्र प्रधान देश नेपालका विभिन्न मन्दिरहरूमा प्रशस्त कामकलाका काष्ठ चित्र पाउँछौं। तन्त्र सम्प्रदायमा पर्ने पञ्चमकार भित्र यसलाई पनि स्थान दिई आएका छन्। काम चित्र हनुमान ढोका, जगन्नाथ मन्दिर।

(हेर्नू पृष्ठ संख्या २)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



विभिन्न शक्ति पीठका मन्दिरहरूका सन्दर्भमा भैरवका मन्दिरहरू
पनि राजधानी भित्र र वाहिर विभिन्न ग्राम तथा
नगरहरूको गौरव बढाउन देखा
परेका छन्। भैरव
नाथको मन्दिर,
नुवाकोट

(हेर्नू पृष्ठ ७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मा

लिच्छविकाल जयवागीश्वरी स्थानवाट उत्तर चावहेल महावौद्ध जाने वाटो, देवपाटन ।

(हेर्नू पृष्ठ ३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायादेवीका विभिन्न मूर्तिहरू मध्ये यो पनि हो। मैनमा निर्मित यो मूर्ति कलाकारहरूको निमित्त प्रेरणास्पद साधन मान्न सकिन्छ
(हेर्नू पृष्ठ ६८)

शिव ताण्डव स्थापत्य कलाको नमूना
तुलजा मन्दिर मूलचोक, ललितपुर
(हेर्नू पृष्ठ ५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् श्रीकृष्णको तन्त्र योगको एक नमूना । वसन्तपुर दरवारको टुँडाल ।

(हेर्नू पृष्ठ १३)



भुजगशयन नारायण बूढानीलकण्ठ कान्तिपुर, लिच्छविकाल

(हेर्नू पृष्ठ ३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भक्तपुरको स्थापत्य कलाको नमूना संझ्याल।

वालाखु टोल

(हेर्नू पृष्ठ ७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गरुड नारायण चाँगु
लिच्छविकाल
(हेर्नू पृष्ठ ३)

विष्णु विक्रान्त मूर्ति चांगुनारायण स्थानको प्रांगणको दक्षिणी भाग।
लिच्छविकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्णद्वार

राज प्रासाद मंगल बजार, ललितपुर

(हेर्नू पृष्ठ ७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ढलोटमा निर्मित कृष्णको एउटा लालित्त्यरूप पाटन, हाल विदेशिएको छ ।

(हेर्नू पृष्ठ ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठमाडौं उपत्यकाका ५ तल्ले मन्दिरहरूमा यो पनि एक हो। हनुमान ढोका दरवारको पहिलो चोक (हेर्नू पृष्ठ ७०)



मल्ल कालीन विशाल मूर्तिको नमूना काल भैरव हनुमान ढोका काठमाडौं (हेर्नू पृष्ठ ६१)



स्थापत्य कलाको अनुपम नमूना सुन्दरी चोकको एक भाग ललितपुर, मङ्गल वजार दरवार एरियाभित्र।

(हेर्नू पृष्ठ १६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मल्लकालीन मूर्तिकलामा सजीवताका प्रतीक धातुका मूर्तिमा सुशोभनीय गरुड मंगल बजार, ललितपुर।

(हेर्नू पृष्ठ ६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यम् शिवम् सुन्दरम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र नम्वर १५
रामायण र महाभारतका कथाले सुशोभित प्रस्तर कलाको बेजोड नमूना राधाकृष्ण मन्दिर
सिद्धिनृसिंहमल्लकाल (हेर्नू पृष्ठ ६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धार्मिक सहिष्णुताका प्रतीक श्री मछीन्द्रनाथको मृण्मय मूर्ति, ललितपुर ।

(हेर्नू पृष्ठ ७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाभूपालेन्द्र मल्लको अभिलेख भएको मनुष्याकृतिको गरुड मरुटोल

(हेर्नू पृष्ठ ७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नेपालको प्राचीन जल विज्ञानमा आधारित विभिन्न मूर्तिले विभूषित सुन्दरी चोकको सुन्धारा, ललितपुर मल्ल दरवार

(हेर्नू पृष्ठ ८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाटन सुन्दरीचोकका राजकीय सुन्धाराका विभिन्न प्रस्तर मूर्तिहरू

(हेर्नू पृष्ठ ८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरस्वती

अन्तिम लिच्छविकाल, टङ्गल बारीभित्र

(हेर्नू पृष्ठ ६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टमंगलका प्रतीक ढुंगाको मंगल कलश
भैरव मन्दिर भक्तपुर टौमढि टोल प्रस्तर कलाको नमूना मल्लकाल
(हेर्नू पृष्ठ ६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अजिमाको मन्दिर
जाउलाखेल, ललितपुर
(हेर्नू पृष्ठ ७१)

शाक्त सम्प्रदायको अनुपम नमूना
श्री सिद्धिलक्ष्मी मन्दिरको तोरण, भक्तपुर

(हेर्नू पृष्ठ ७१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा यक्षमल्लको कीर्ति दत्तात्रय मन्दिर, भक्तपुर।

(हेर्नू पृष्ठ ७३)

विभिन्न मन्दिरमा देखा परेका कामकलाका सन्दर्भमा हात्ती र मानिसको संयुक्त आकृतिको एक विलासी चित्र। वसन्तपुर दरवारको टुंडाल।

(हेर्नू पृष्ठ १६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्वेत भैरव
हनुमानढोका

(हेर्नू पृष्ठ ६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीपंकर तथागत

मल्लकाल स्वर्णमूर्तिको एक नमूना, ललितपुर नाग वहालमा ४ वर्षको १ पटक प्रदर्शनहुने सम्यक् देवता ।



गणेश र कुमार सहित पार्वती पूर्व १ नं धुलिखेल लिच्छविकाल

(हेर्नू पृष्ठ ३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पाण्डवहरूको शरणघर नेपालकै कोशीको काखमा पर्दछ। महाभारतकालमा पनि हिमवत्खण्डको गाथा सबैले गाएकै कुरा हो। महाभारतको चित्र यस कृष्ण मन्दिरमा परेकोमा हामीलाई गौरव लाग्नु स्वभाविकै हो। महाभारतको प्रस्तर चित्र कृष्ण मन्दिर (हेर्नू पृष्ठ ६४)

बौद्ध र शैवको धार्मिक सहिष्णुताको प्रतिक एक प्रकारको भैरवको काष्ठ मूर्ति, चालाछें ललितपुर, मल्लकाल वर्षको एक पटक प्रदर्शन हुने। (हेर्नू पृष्ठ ३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवती

भूपतीन्द्रमल्लकाल भक्तपुर दरवार, खौमा टोल

(हेर्नु पृष्ठ ३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको सँस्कृत पद्य अभिलेख सहितको वसन्तपुर दरवारको तल्लो अङ्ग ।

(हेर्नू पृष्ठ ७४)

घण्टे शैलीमा निर्मित गोखुरेश्वर महादेवको मन्दिर, पूर्व १ नं धुलिखेल ।

(हेर्नू पृष्ठ ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालीगण्डकीको ढुङ्गामा कुँदिएको अष्टादश भुजा भगवती
पूर्व १ नं. काभ्रेपलाञ्चोक

(हेर्नु पृष्ठ ४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हनुमान ढोका
राजमन्दिर



स्थापत्य कलाका विभिन्न
उपकरण—
चाँगुनारायण मन्दिरको
एक खण्ड

(हेर्नू पृष्ठ ७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मणिगणेश

ललितपुर, मङ्गल बजार भीमसेन थान (हेर्नू पृष्ठ ४४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वर्षाकालको विदाइमा मनाइने इन्द्र जात्राको पर्वमा काल भैरव स्थानको पश्चिम भागमा प्रदर्शन हुने प्रताप मल्लको अभिलेख सहितको भैरव विश्वरूप ।

(हेर्नू पृष्ठ ६१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरूपाक्ष

आर्यघाट मृगस्थली किरांत काल यो कान्य कुब्ज ब्राह्मण विभिन्न देश घुम्दै आउँदा दैव संयोगले नेपाल पुगेछ । जसको कुकर्मले आमा पनि भनेन यस्तै किसिमले डकैती काममा समेत लाग्दा यसको आँखा फुटी विरूप हुनु बाहेक विना सन्त समागमले अरू लाभ उठाउनु यसको लागि असम्भव थियो । नेपालको नाम राख्ने नेमुनिको संगतबाट धेरै ज्ञान प्राप्त गरी शक्तिदीक्षा समेत वज्रयोगिनी स्थानमा नेमुनिबाट लिएर पछि आर्यघाट पाशुपत क्षेत्र पुग्दा सुन्दर शरीर भै सिद्ध भएको भन्ने कुरा विरूपाक्षको बारेको कथामा उल्लेख भएको छ । (हेर्नू पृष्ठ ७८)



सूर्य

बनेपाका महामात्य जयसिंह राममदन सिंहरामको बनेपाको ढुङ्गे धारो माथिको अभिलेख । (हेर्नू पृष्ठ ५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



विद्वान् राजा कवीन्द्र प्रतापमल्लको संस्कृत पद्य अभिलेख भएको जगन्नाथ मन्दिरको एक विलासी काष्ठ चित्र हनुमान् ढोका, काठमाडौं ।

(हेर्नु पृष्ठ २२)



श्री गुह्येश्वरीको सक्कली स्वरूप ।

(हेर्नू पृष्ठ ८०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री पशुपतिनाथको मन्दिरको पूर्वी ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति र पुरुषको संयुक्त रूप श्री पशुपतिनाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाशक्ति महाकालीको विभूति स्वरूपा जानकीको नौलखा मन्दिर मिथिला प्रदेश जनकपुर धाम। "मुस्लिम शैलीमा जुन मन्दिर बनाउन ९ लाख संकल्प टीकम गढकी महारानी वृषभानु कुमारीबाट भएको थियो तयार हुँदा २२ लाख भन्दाबढी खर्च भयो" भन्ने जनकपुर धाम निवासीहरूको भनाइ छ। (हेर्नू पृष्ठ ६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शाक्त सम्प्रदायी मल्ल शासकहरूको आराधना स्थल तलेजू मन्दिरको प्राँगणाको पूर्वी भागमा देव प्रसादको शक्तिका मूर्तिले विभूषित ३ वटा टुंडाल मूलचोक, ललितपुर, मङ्गल बजार (हेर्नू पृष्ठ ६१)

शाक्तहरूको पवित्र साधन स्थलको उग्रतारा वज्रयोगिनी मन्दिर – जसको सन्निधानमा एउटा चिन्तामणि नामक गुफा थियो। सो गुफाबाट पाएको साधनवाट विरूपाक्षले शक्ति दीक्षा पाई सिद्धि प्राप्त गरेको कुरा नेपाल महात्म्यमा उल्लेख भएको छ। यो मन्दिर साँखुको हो। (हेर्नू पृष्ठ ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ढलौटको मूर्ति बनाउनु भन्दा पहिलेको मैनको मूर्ति ।

(हेर्नू पृष्ठ ६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव ताण्डव (नृत्यनाथ) काठमाडौं। (हेर्नू पृष्ठ ६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्ण ताण्डव (कालीयदमन) हनुमान ढोका (हेर्नू पृष्ठ ६८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंह [illegible]

राष्ट्रिय संग्रहालय [छाउनी म्यूजियम काठमाण्डौ]

(हेर्नू पृष्ठ ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शाक्त सम्प्रदायको अनुपम नमूना श्री सिद्धिलक्ष्मीको मन्दिर, भक्तपुर ।

(हेर्नू पृष्ठ ७३)



कलात्मक थाम सहितको संझ्याल चण्डेश्वरी मन्दिर पछाडि ललितपुर, पिम्व-हाल (हेर्नू पृष्ठ ७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शाह वंशका महान् विभूति श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको ७ तल्ले दरवार, नुवाकोट पश्चिम १ नं

(हेर्नू पृष्ठ ७४)



सुनको झ्याल दरवार खण्ड मङ्गल बजार, ललितपुर

(हेर्नू पृष्ठ ७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ देखापरेका धातुका ताराका र विभिन्न बानाका लोकेश्वरका मूर्तिहरू मध्ये युगलमूर्ति स्वयम्भूको पश्चिमी भाग

(हेर्नू पृष्ठ ७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति-दर्शनमा आधारित

शिव साँझको लिच्छविकालीन कलाशैलीको एक झलक

टङ्गल गैंह्रीवारा, ललितपुर

(हेर्नू पृष्ठ ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव पार्वती
अन्तिम मल्लकाल
सुन्धारा, ललितपुर,

(हेर्नू पृष्ठ ४८)



नेपाली वास्तुकलाको इतिहासमा महाशक्तिको स्वर्णमूर्तिले विभूषित स्वर्णमय राजद्वार, राजा भूपतीन्द्रमल्लको कलात्मक प्रतिभाको प्रतीक ।

(हेर्नू पृष्ठ ७४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शाक्त सम्प्रदायमा आधारित योगमूर्ति
सुन्दरीचोक, मङ्गल वजार
मल्लकाल (हेर्नु पृष्ठ ७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्मशानका सन्निधानमा देखा परेका विभिन्न पीठहरू मध्ये चण्डेश्वरी स्थान पनि हो। बनेपा स्थित यस चण्डेश्वरीको मन्दिरले प्राकृतिक सौन्दर्य सुहाउँदो कलात्मक आदर्शलाई उभ्याएको छ।

(हेर्नू पृष्ठ ७८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF





Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चित्र मुद्रकः
अम्बिका प्रेस,
इन्द्रचोक फो. नं. १४१७६
चित्र संख्या ७०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतिसम्बन्धी केही प्रकाशन

शाहकालीन कला र वास्तुकला
जगदीशचन्द्र रेग्मी

उत्तरप्राचीनकालीन मुद्राहरू
हरिराम जोशी

हाम्रो संस्कृति : एक सिंहावलोकन
शान्ति सुरभ

मुद्रा-चित्रसंग्रह ९।-

कर्णाली लोकसंस्कृति–खण्ड १ ९।६५
(सांस्कृतिक इतिहास)
सत्यमोहन जोशी

कर्णाली लोकसंस्कृति–खण्ड २ २०।३०
(सांस्कृतिक भूगोल)
स्थिरजंगबहादुरसिंह

कर्णाली लोकसंस्कृति–खण्ड ३ ६।०५
(संस्कृति, जनजीवन)
विहारीकृष्ण श्रेष्ठ

कर्णाली लोकसस्कृति–खण्ड ४ ६।६५
(संस्कृति, भाषा)
चूडामणि बंधु

कर्णाली लोकसंस्कृति–खण्ड ५
(लोककला, साहित्य)
प्रदीप रिमाल

साझा प्रकाशन

आवरण: एशियन प्रिटिङ्ग प्रेस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu